**घरपझोङ गाउँपालिका**
घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल
२०७८

# प्रथम आवधिक विकास योजना

(आ.व.०७८/७९- ०८०/८१)

पेश गर्ने:
स्ट्रेन्थ डेभ्लपर्स प्रा.लि
पुरानो बानेश्वर, काठमाण्डौ

# कार्यकारी सारंश

गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक, वातावरणीय तथा संस्थागत विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न ३ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेज गाउँपालिकाको आवधिक योजना हो । यस दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरू हाँसिल गर्न विभिन्न सिद्धान्त, रणनीति र कार्यनीति, योजना, लागत तथा नतिजाहरू उल्लेख गरिएको छ । यस आवधिक योजनाले घरपझोङको आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण र सुशासन विकासलाई नियोजित गरी लगानीलाई प्रोत्साहन गर्न आधारभूत भूमिका खेल्ने लक्ष्य गरिएको यस योजनाको कार्यान्वयन अवधि आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्म तोकिएको छ ।

मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोममा अवस्थित यस गाउँपालिकाको कुल क्षेत्रफल ३१६.८७ वर्ग कि.मी रहेको छ । गाउँपालिकाको बिचबाट बग्ने कालीगण्डकी नदी यहाँको प्रमुख जलश्रोत सम्पदाको रुपमा रहेको यस नदीले दिगो सिंचाईको अवसर र कृषि क्षेत्रको विकासको प्रचुर सम्भावना बोकेको छ । यहाँको भौगोलिक बनावट, प्राकृतिक वन, खोलानाला, जडिबुटी, पर्यटकीय स्थलहरु तथा कला र संस्कृति यहाँका मुख्य सम्पत्ति हुन् । ५३.४५ प्रतिशतभन्दा बढी भूभाग ४००० मिटर भन्दा बढी उचाईमा रहेको अर्थात हिमाली भूभाग चौरी तथा च्याङ्ग्रा पालनको लागि उपयुर्क्त रहेको छ । खेतीयोग्य जमिन जम्मा १.५८ प्रतिशत रहेको यस गाउँपालिकाको मुख्य उत्पादन स्याउ तथा १४.८८ प्रतिशत जंगलले ढाकेको यस क्षेत्रमा बिभिन्न प्रकारका जडिबुटी पाईन्छन ।

प्राकृतिक दृष्टिकोणले मनमोहक एंव सुन्दर ठाउँहरु निलगिरी आईस फल, घरपझोङ किल्ला, ढुम्बा ताल, छैरो छहरा, ह्यारुझो भ्यू टावर, धवलागिरी भ्यू टावर, मार्फा गाउँ आदि रहेका एवं साँस्कृतिक महत्वको स्थलः प्रा गुम्बा,कुछप तेरेङगा गुम्बा लगायत पुराना गुम्बाहरु, थकाली तथा गुरुङ जातिको संस्कृति झल्काउने म्युजियमहरु लगायत अन्य पर्यटकीय स्थलहरु रहेका छन् । यहाँको परम्परागत कला, संस्कृति, प्राकृतिक सौन्दर्यता र पर्यावरणलाई विकासको अग्रणी क्षेत्र मानेर गाउँपालिकाका विकासको नारा

**"समावेशी, सामाजिक रुपान्तरण, प्रकृति संरक्षण र संस्कृति ;**
**कृषि, पर्यटन, पर्यावरण, पूर्वाधार घरपझोङको समृद्धि "**

भनेर राखिएको छ ।

गाउँपालिकाको सबै वडाहरुको भू-आवरण र उचाईको अवधारणा अनुरुप ४५०० मि. भन्दा माथिको उचाईमा पर्ने क्षेत्रलाई हिमाली क्षेत्र, ३०००-४५०० मि. उचाइसम्मलाई चौरी चरन क्षेत्रको रुपमा विकास गर्ने सोच लिइएको छ । कालीगण्डकी करिडोरको वरिपरि, विमानस्थल क्षेत्र तथा मुख्य मालसमान खरिद बिक्रीको व्यापारिक क्षेत्र रहेकाले वडा नं. ३, ४ र ५ लाई व्यवसायिक क्षेत्रको रुपमा, २५ शैयामा स्तरोन्नती भइरहेको जिल्ला अस्पताल क्षेत्रलाई स्वास्थ्य क्षेत्रको रुपमा, वडाका विभिन्न मुख्य पर्यटकीय गन्तव्यहरु रहेको स्थललाई पर्यटन क्षेत्रको रुपमा विकास गर्ने अवधारण लिईएको छ । यसै गरी सम्भावना र हालको स्थिती विश्लेषणको आधारमा वडा नं. ४ लाई प्रशासनिक क्षेत्र, शैक्षिक क्षेत्र र खेलकुद क्षेत्रको रुपमा लिइएको छ ।

कम जनसंख्या र जनघनत्व, तालिम प्राप्त दक्ष जनशक्तिको कमी, पशुपालन र कृषि क्षेत्र निर्वाहमुखी हुनु, छरिएर रहेका वस्तीहरु, अस्पतालमा सेवा व्यवस्थित नहुनु, गुणस्तरीय इन्टरनेटको पहुँच विस्तार नहुनु तथा भएका वडा कार्यालय भवनहरु पनि व्यवस्थित र सुविधासम्पन्न नभएको स्थिती छ । पर्याप्त सम्भावना बोकेका पर्यटकीय स्थलहरु व्यवस्थित गर्न नसकिएको तथा उचित प्रचारप्रसार र पूर्वाधार निमार्ण पनि नभएको अवस्था छ ।

यस आवधिक योजनाले परम्परागत कला संस्कृतिको जगेर्ना गर्दै पर्यटकीय स्थलहरुमा पूर्वाधार विकास गर्ने, युवालाई सीपमुलक तालिम तथा आर्थिक सहयोग गरी व्यवसायिक कृषिमा आकर्षित गर्ने, उद्योगग्राम निर्माण गरी विभिन्न ग्रामीण उद्योग स्थापना गर्ने लक्ष्य राखिएको छ । शिक्षा र स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गर्ने, सडक र पुलहरु निर्माण गर्ने, सिंचाई, भवन, खानेपानी र खेलमैदानका आयोजनाहरु निर्माण गर्ने लक्ष्य राखिएको छ । त्यस्तै वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासन अर्न्तगत पनि विभिन्न योजना निर्माण गर्ने लक्ष्य राखिएको छ । यसरी तय गरिएका कार्यकमलाई प्राथमिकीकरण गरी मध्यमकालिन खर्च संरचना पनि तयार गरिएको छ । उपयुक्त प्रस्तावित योजनाले घरपझोङको समृद्धि तथा घरपझोङवासीको जिवन स्तरमा गुणात्मक वृद्धि गर्ने लक्ष्यतर्फ केन्द्रित गर्ने अपेक्षा गरिएको छ ।

गाउँपालिकालाई सामाजिक, आर्थिक लगाएत विभिन्न विकास निर्माणका लागि कार्य सम्पन्न गर्न आगामी ३ वर्षमा करिब **रु. १.०९ अर्ब** लाग्ने प्रारम्भिक अनुमान छ । कार्यक्रमको प्रभावकारिता मूल्यांङ्कन गरी तिनको निरन्तरताबारे पुनर्विचार गर्न सकिनेछ ।

# विषयसूची

**अध्याय एक : परिचय** ...... १

**१.१ पृष्ठभूमि** ...... १

**१.२ आवधिक योजना तर्जुमाको उद्देश्य** ...... २

**१.३ आवधिक योजना तर्जुमाको कार्यक्षेत्र** ...... २

**१.४ आवधिक योजना तर्जुमाका कानुनी तथा नीतिगत आधारहरु** ...... २

**१.५ आवधिक योजना तयारीका मूल्य र मान्यता** ...... ३

**१.६ आवधिक योजनाको पूर्व तयारी क्रियाकलाप तथा चरन** ...... ५

१.६.१ सन्दर्भ सामग्रीको अध्ययन ...... ५

१.६.२ बहुसरोकारवालाहरुसँगको प्रारम्भिक छलफल तथा अभिमुखीकरण ...... ५

१.६.३ तथ्याङ्क संकलन तथा GIS Mapping ...... ५

१.६.४ वडागत छलफल ...... ६

१.६.५ योजना तर्जुमा कार्यशाला ...... ६

१.६.६ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी ...... ६

१.६.७ प्रमाणीकरण कार्यशाला ...... ६

१.६.८ अन्तिम प्रतिवेदन पेश ...... ६

**अध्याय दुई : गाउँपालिकाको विद्यमान वस्तुस्थिती** ...... ७

**२.१ गाउँपालिकाको वस्तुस्थिति विवरण** ...... ७

२.१.१ प्रमुख नदी तथा वन जंगल ...... ९

२.१.२ जलवायु ...... १०

२.१.३. महत्वपूर्ण धार्मिक, साँस्कृतिक, सामाजिक तथा अन्य स्थलहरू ...... ११

**२.२ भू उपयोग सम्बन्धि विवरण** ...... १२

**२.३ गाउँको आर्थिक सामाजिक स्थिति** ...... १३

२.३.१ जनसंख्या विवरण ...... १३

२.३.२ अपाङ्गता अनुसार जनसंख्या ...... १३

२.३.३ घरपरिवारको स्वामित्व ...... १४

२.३.४ जात तथा वर्गको आधारमा जनसंख्याको वर्गीकरण ...... १४

२.३.५ मातृभाषा अनुसार जनसंख्याको वर्गीकरण ...... १५

२.३.६ शैक्षिक संस्थाको विवरण ......,१५

२.३.७ साक्षरता र शैक्षिक योग्यताको आधारमा जनसंख्या विवरण ...... १६

२.३.८ भवनहरूको बनावट ...... १६

२.३.९ टेलिफोन, बिजुली र अन्य सुविधा ...... १७

२.३.१० खानेपानी तथा सरसफाईको स्थिति ...... १८

**२.४ गाउँपालिकाको भौतिक संरचना तथा सेवाको स्थिति** ...... १९

२.४.१ कृषिको स्थिति ...... १९

२.४.२ शैक्षिक स्थिति ...... २०

२.४.३ स्वास्थ्य सेवाको अवस्था ...... २१

२.४.४ यातायातको अवस्था ...... २२

**२.५ गाउँपालिकाको सरसफाई सम्बन्धी व्यवस्था** ...... २४

२.५.१ ढल निकासको अवस्था, ल्याण्डफिल साइटको अवस्था........ २५

**अध्याय तीन : दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति**........ २६

**३.१ पृष्ठभूमि**........ २६

**३.२ प्रस्तावित गाउँ विकास अवधारणा**........ २६

**३.३ समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति**........ २९

३.३.१ दीर्घकालीन सोच (दुर दृष्टि)........ २९

३.३.२ लक्ष्य........ ३०

३.३.३ उद्देश्य........ ३०

३.३.४ रणनीति........ ३०

**३.४ परिमाणात्मक लक्ष्य**........ ३२

**३.५ गाउँपालिकाको समष्टिगत लक्ष्य**........ ३३

**३.६ आय प्रक्षेपण**........ ३५

**३.७ मध्यमकालीन प्रक्षेपण**........ ३५

**अध्याय चारः आर्थिक विकास**........ ३७

**४.१ कृषि तथा पशुपालन**........ ३७

**४.२ पर्यटन**........ ४३

**४.३ सहकारी तथा वित्तीय क्षेत्र**........ ४८

**४.४ उद्योग, व्यापार तथा व्यवसाय**........ ५३

**अध्याय पाँचः सामाजिक विकास**........ ५८

**५.१ शिक्षा**........ ५८

**५.२ स्वास्थ्य**........ ६३

**५.३ खानेपानी तथा सरसफाई**........ ७१

**५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**........ ७६

**५.५ युवा तथा खेलकुद**........ ८२

**५.६ कला, भाषा, साहित्य तथा संस्कृति**........ ८७

**अध्याय छ : पूर्वाधार विकास**........ ९१

**६.१ यातायात**........ ९१

**६.२ सिंचाइ**........ ९६

**६.३ विद्युत तथा वैकल्पिक ऊर्जा**........ १००

६.४ सूचना तथा सञ्चार प्रविधि ........ १०४

६.५ भवन तथा ग्रामीण विकास ........ १०९

अध्याय सात : वन वातावरण तथा बिपद व्यवस्थापन........ ११३

७.१ वन, भू-संरक्षण तथा जैविक विविधता ........ ११३

७.२ जलाधार संरक्षण ........ ११७

७.३ वातावरण  तथा फोहोरमैला व्यवस्थापन ........ १२१

७.४ बिपद व्यवस्थापन ........ १२६

अध्याय आठः सुशासन तथा संस्थागत विकास........ १३१

८.१ संस्थागत क्षमता विकास र सेवा प्रवाह........ १३१

८.२ लेखा परिक्षण तथा वित्तीय अनुशासन........ १३७

८.३ राजश्व परिचालन........ १४२

अध्याय नौ : अन्तरसम्बन्धित विषय........ १४७

९.१ मानव संसाधन विकास........ १४७

अध्याय दश : श्रोत व्यवस्थापन तथा मध्यमकालिन खर्च संरचना........ १५२

१०.१ श्रोत व्यवस्थापन ........ १५२

१०.२ मध्यमकालिन खर्च संरचनाको खाका ........ १५३

अध्याय एघार : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था........ १७३

११.१ योजनाको कार्यान्वयन........ १७३

११.२ अनुगमन तथा मूल्याङ्कन ........ १७३

११.३ मध्यावधि मूल्याङ्कन ........ १७४

११.४ अनुगमन मुल्याङ्कन खाका ........ १७५

अनुसूची १ : विस्तृत योजना विवरण

अनुसूची २ : प्रस्तावित विकास योजना नक्सा

# अध्याय एक : परिचय

## १.१ पृष्ठभूमि

आर्थिक समानता, समृद्धि, सामाजिक न्याय तथा सहभागितामुलक विकासको जगमा टेकेर समुन्नत समाजको निर्माण गर्ने अभिप्रायबाट निर्देशित वर्तमान संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र श्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हाँसिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ ।

उक्त उद्देश्यलाई सार्थक पार्न नेपालको संविधानले सम्पूर्ण शासन व्यवस्थालाई सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई अंगिकार गर्दै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरेको छ । यी तीन तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गिण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानुनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने कुराको प्रत्याभूति गरेको छ ।

वर्तमान संविधानले अनुसूची-५ मा संघीय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची-६ मा प्रदेशका २१ वटा अधिकार सूची, अनुसूची-७ मा सङ्घ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची-८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी तीनै तहमा अधिकार सम्पन्न सरकारको स्थापनाका लागि मार्ग प्रशस्त गरिदिएको छ ।

संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय सरकारहरुले आवश्यक पर्ने वार्षिक, दीर्घकालीन, तथा रणनीतिक योजनाहरु निर्माण गरी लागु गर्न सक्ने कुरा उल्लेख छ । त्यसै गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालिन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजश्वको प्रक्षेपण तयार गर्ने तथा वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ दफा ५.५.३ ले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा (क) स्थानीय तहको आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, राणनीति र ख) स्थानीय तहको खर्च संरचनालाई आधार बनाउनु पर्ने कुरा उल्लेख छ ।

संघीय सरकारले जारी गरेका ऐन तथा दिग्दर्शनहरुले स्थानीय सरकारको बजेट आवधिक योजनासँग र वार्षिक कार्यसम्पादनसँग जोडिनु पर्ने कुरामा जोड दिएको छ भने स्थानीय सरकारले बनाउने वार्षिक योजनाहरु मध्यमकालिन खर्च संरचना र दीर्घकालीन रुपमा निर्माण गरिएका योजनाहरु भाग (अंश)को रुपमा रहनुपर्ने नीतिगत व्यवस्था छ । तसर्थ स्थानीय सरकारले मध्यमकालिन खर्च संरचना लगायतका व्यवस्थाहरुको अन्तरवस्तुलाई सम्बोधन गर्नका लागि आवधिक विकास योजना बनाउन आवश्यक देखिन्छ ।

स्थानीय सरकारले अव आ-आफ्नो अधिकार क्षेत्र भित्र रही कानुन बनाउने, नीति तथा योजना तयार गर्ने, वार्षिक बजेट बनाउने, आन्तरिक तथा बाह्य श्रोतको अनुमान मात्र होइन आफ्नै परिवेश सुहाउदो शिक्षा नीति, रोजगार नीति, पूर्वाधार नीति लगायतका महत्वपुर्ण नीतिहरु तथा दीर्घकालीन योजनाहरु बनाएर कार्यान्वयनमा लैजान सक्छन्, जसले उनीहरुको कामलाई उदाहरणीय बनाउन सक्छ ।

वैज्ञानिक र दुरदर्शी योजनाले मात्र सर्वाङ्गिण र दिगो विकासलाई अघि वढाउन सहयोग पुर्‍याउँछ । विना योजना सिमित श्रोत साधनबाट निर्दिष्ट लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न सकिँदैन । संविधानले स्थानीय सरकारलाई सेवा प्रवाह गर्ने शक्तिशाली सरकारको रुपमा परिकल्पना गरेको छ । तसर्थ, सेवाको प्रभावकारितालाई गुणस्तरीय र चिरस्थायी वनाउन तथा सन्तुलित विकासलाई मुर्तरुप दिन एवम् विद्यमान विभिन्न प्रकृतिका समस्याहरूको दिगो र समयानुकूल समाधानको प्रयासलाई अगाडी वढाउन आवधिक योजनाको आवश्यकता अपरिहार्य हुने गर्दछ ।

अर्कोतर्फ संयुक्त राष्ट्र संघका दिगो विकासका लक्ष्य राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्यहरुलाई व्यवहारिक रुपमा सम्बोधन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको हुने भएकाले स्थानीय तहले एकीकृत विकास योजना निर्माण गर्नुपर्ने अपरिहार्यता रहेको छ । यसै सन्दर्भमा घरपझोङ गाउँपालिकाले प्रचलित कानुन र राष्ट्रिय अन्तराष्ट्रिय अभ्यासहरुको आधारमा गाउँपालिकाको वस्तुस्थिती तथा साधन श्रोतको विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा विकासको खाका कोर्ने उद्देश्यले तीन वर्षे आवधिक योजना तर्जुमा गरेको छ।

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

- गाउँपालिकाको वस्तुस्थिती तथा साधन श्रोतको पहिचान र विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा गाउँपालिकाको विकासको खाका कोर्नु,
- पन्ध्रौ पञ्चबर्षीय योजनाको आधार पत्र तथा संयुक्त राष्ट्र संघका दिगो विकासका लक्ष्यहरु तथा गण्डकी प्रदेशका लक्ष्यहरु प्राप्तिका लागि योगदान पुऱ्याउनु,
- गाउँपालिकाको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्नु,
- आवधिक योजना कार्यान्वयनका लागि मध्यमकालीन तथा वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समिक्षा सूचकहरुको खाका तयार पार्नु,
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्गनिर्देशित गर्नु,
- समष्टि र विषय क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्नु,
- गाउँपालिकाले अंगिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोच, लक्ष्य तथा क्षेत्रगत उद्देश्यलाई मुर्तरुप दिन सक्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्नु ।

## १.३ आवधिक योजना तर्जुमाको कार्यक्षेत्र

१. गाउँपालिकाको वस्तुगत अवस्था (जनसंख्या वितरण, धरातलीय अवस्था, आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा बिपद व्यवस्थापन र सुशासन तथा वित्तीय व्यवस्था) को विश्लेषण गर्ने,
२. गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकासका सम्भावना तथा अवसरको पहिचान गर्ने,
३. गाउँपालिकाको क्षेत्रगत लक्ष्य, उद्देश्य, परिणाम तथा कार्यक्रमको विश्लेषण गर्ने,
४. गाउँपालिकाको क्षेत्रगत दीर्घकालीन योजनाको खाका तयार गर्ने,
५. संघ प्रदेश, अन्तरपालिका सम्बन्धका साथै सार्वजनिक, निजी, र सहकारी साझेदारी सम्बन्धको विश्लेषण गर्ने,
६. गाउँपालिकाका अन्तरसम्वन्धित विषयहरुको विश्लेषण गर्ने,
७. आवधिक योजना तर्जुमा, कार्यान्वयन, र अनुगमन तथा मुल्याङ्कनको खाका तयार गर्ने ।

## १.४ आवधिक योजना तर्जुमाका कानुनी तथा नीतिगत आधारहरु

नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारको कार्य विस्तृतीकरण प्रतिवेदनमा आवधिक योजना, बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ। स्थानीय शासन सञ्चालन सम्बन्धी संघीय कानुन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि बार्षिक, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, वातावरण तथा जलवायु परिवर्तन अनुकुलन, बिपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई पनि ध्यान दिनु पर्ने व्यवस्था गरेको छ।

यसका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिकाले योजना बनाउँदा देहायअनुसार गर्नु पर्ने समेत व्यवस्था गरेको छ।

- योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गर्नु पर्ने,

- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजिवी, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जुमा गर्दा आयोजनाहरुको सम्भाव्यता अध्ययनको आधारमा श्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना सञ्चालन तथा व्यवस्थापन गर्ने
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने
- स्थानीयस्तरका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नु पर्ने

संवैधानिक दायित्व तथा स्थानीय सरकार सञ्चालन सम्बन्धी संघीय कानुनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानुनी तथा नीतिगत दस्तावेजहरुलाई आधार लिइएको छ :

- संयुक्त राष्ट्र संघीय दिगो विकास लक्ष्यहरु
- राष्ट्रिय भूउपयोग नीति, २०६९
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजना आयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन
- राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू

### १.५ आवधिक योजना तयारीका मूल्य र मान्यता



### क) प्रकृति, संस्कृति र पहिचान

प्रकृति प्रदत्त श्रोत तथा साधनको पहिचान र उच्चतम तथा सन्तुलित प्रयोगले दिगो विकासलाई सुनिश्चित गर्छ । त्यसैगरी सामाजिक पुँजीको रुपमा स्थापित संस्कृति र पहिचानको उच्चतम प्रयोगले विकास प्रति सम्बन्धित समुदायमा अपनत्व भाव पैदा गराउँछ जसले अन्तत्वगत्वा दिगो विकासमा योगदान पुऱ्याउँछ । तसर्थ घरपझोङ गाउँपालिकाको आवधिक योजनाले तीनवटा विकासका मूल्य मान्यतामध्ये प्रकृति, संस्कृति र पहिचानलाई एउटा खम्बाको रुपमा अंगिकार गर्छ ।

### ख) सहकार्य, सहअस्तित्व र समन्वय

नेपालको संविधानले तीन तहका सरकारहरु बीच सहकार्य, सहअस्तित्व र समन्वयको सम्बन्ध स्थापित गरेको छ । संविधानको धारा २०६ (१) (ट) मा संघ, प्रदेश र स्थानीय तहलाई संघीय इकाई भनी परिभाषित गरेको छ भने राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४ ले राजश्व र अनुदान सिफारिस र प्राकृतिक श्रोतको परिचालन गर्दा लिईने अधिकार र हिस्साको निर्धारण गर्ने व्यवस्था गरेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदेश समन्वय परिषदको व्यवस्था गरी प्रदेश र स्थानीय तहले गर्ने काममा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारको प्रयोग तथा प्राकृतिक श्रोतको उपयोग तथा बाँडफाँड सम्बन्धि व्यवस्था गरेको छ । यसर्थ घरपझोङ गाउँपालिकाको आवधिक योजनाले विकासको खाका कोर्दा उल्लिखित संवैधानिक व्यवस्थाको मर्मलाई अंगिकार गरेर अघि बढ्नु पर्ने भएकाले संघीय तथा प्रदेश सरकार सहित निजी क्षेत्र, गैर सरकारी संस्था, सामुदायिक संस्था, कृषक समूह, महिला तथा विपन्न वर्ग आदि सँगको सहकार्य, सहअस्तित्व र समन्वयलाई विकासको खम्बाको रुपमा लिएको छ ।

### ग) स्थानीय आवश्यकता र सम्भावना

स्थानीय सरकारको मुख्य जिम्मेवारी समन्यायिक, समतामुलक तथा कल्याणकारी समाजको विकासमा योगदान पुऱ्याउनु हो जसले समाजका सवै तह र तप्काका नागरिकको आवश्यकतालाई सम्बोधन गर्छ । सहभागितामुलक, समावेशीमुलक तथा उत्प्रेरणात्मक विकास प्रकृयाले मात्र  महिला, पछाडि पारिएका वर्ग, आदिवासी जनजाती, दलित लगायतका समुदायको आवश्यकतालाई सम्बोधन गर्ने भएकाले घरपझोङ गाउँपालिकाको आवधिक योजनाले ती स्थानीय सम्भावनाहरुको पहिचानमा ध्यान पुऱ्याएको छ ।

### घ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण

लोकतान्त्रिक शासन व्यवस्थाको सुन्दर पक्ष भनेकै समाजका सवै तह र तप्काका नागरिकको राज्यमा समान र सहज पहुँच सहितको सहभागितामुलक शासकीय व्यवस्थापन गर्नु हो । तसर्थ प्रस्तुत घरपझोङ गाउँपालिकाको आवधिक योजनाले गाउँपालिकाको योजनावद्ध विकासका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सबै आयामलाई समावेश गर्छ ।

### ङ) सुशासन तथा संस्थागत विकास

संघीय लोकतान्त्रिक राज्य प्रणालीमा वर्तमान राजनीतिक व्यवस्था रुपान्तरित भईसकेको अवस्थामा स्थानीय तहको संरचनालाई मजबुत बनाउनु आवश्यक छ । तसर्थ प्रस्तुत घरपझोङ गाउँपालिकाको आवधिक योजनाले संस्थागत संरचनालाई प्रभावकारी र चुस्त वनाउन अपनाउनु पर्ने कार्यनीति तर्फ ध्यान केन्द्रित गरेको छ ।

### च) श्रोतको दिगो व्यवस्थापन

संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न सरकारको रुपमा परिकल्पना गरेको परिपेक्षमा गाउँपालिकाले आफ्ना नागरिकमा सरकारको प्रत्याभूति दिन सक्ने गरी काम गर्नु पर्ने आवश्यकता भएकाले प्रस्तुत आवधिक योजनाले गाउँपालिकाको दिगो श्रोतको व्यवस्थापनको योजनाबद्ध खाका प्रस्तुत गरेको छ ।

### छ) गुणस्तरीय पूर्वाधार

विकासको आधार नै गुणस्तरीय पूर्वाधार भएकाले प्रस्तुत आवधिक योजनाले गाउँपालिकाको गुणस्तरीय पूर्वाधार निर्माणको योजनावद्ध व्यवस्थापनलाई ध्यान दिएको छ ।

### ज) बजारमुखी अर्थतन्त्र

उदारीकरण, निजीकरण र बजार प्रतिस्पर्धामा आधारित आजको विश्व, अनि त्यसैबाट निर्देशित नेपाल सरकारको नीतिबाट घरपझोङ गाउँपालिका अछुतो रहने कुरै भएन । तसर्थ गाउँपालिकाको विकास क्षेत्रिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार अर्थतन्त्रको विकास, उत्पादन, उद्यमशीलता, तथा रोजगारीसँग जोडिन सक्नु पर्छ । त्यसका लागि गाउँपालिकामा उत्पादित वस्तु तथा सेवामा गुणस्तरीयता कायम हुन आवश्यक हुन्छ भने स्थानीय उद्यमीमा वित्तीय पहुँचको सहजता पनि उत्तिकै आवश्यक हुन्छ । तसर्थ प्रस्तुत आवधिक योजनाले गाउँपालिकालाई त्यस दिशा तर्फ उन्मुख गराएको छ ।

### झ) लाभको न्यायोचित वितरण

स्थानीय सरकारको मुख्य कर्तव्य नागरिकको सन्तुष्टीको स्तरलाई उच्च बनाउनु भएकाले प्रस्तुत आवधिक योजनाले त्यस्ता पक्षहरुको विकास र प्रवर्धनमा जोड दिने छ जसले गाउँपालिकामा लाभको न्यायोचित वितरणलाई टेवा पुऱ्याउँछ । माथि उल्लेखित तीन खम्बे सैद्धान्तिक अवधारणाका आधारमा यस घरपझोङ गाउँपालिकाको आवधिक योजना निर्माण गरिएको छ ।

## १.६ आवधिक योजनाको पूर्व तयारी क्रियाकलाप तथा चरन

### १.६.१ सन्दर्भ सामग्रीको अध्ययन

घरपझोङ गाउँपालिकाको आवधिक योजना तर्जुमाका लागि गाउँपालिकासँग सम्बन्धित अभिलेख तथा उपलब्ध लेख, रचना तथा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरी गाउँपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, साँस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरिएको छ । यसका अतिरिक्त घरपझोङ गाउँपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोग अन्तर्गतका ऐन, कानुन तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, घरपझोङ गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोगले तयार पारेको योजना तर्जुमा दिग्दर्शन २०७५, प्रदेश नीति योजना आयोगले तयार पारेको प्रदेशको वस्तुस्थिती विवरण अन्तर्गतका आवधिक योजना तर्जुमा निर्देशिका राजनीतिक पार्टीका प्रतिवद्धता पत्र तथा अन्य सम्बन्धित श्रोत सामाग्रीको अध्ययन गरिएको छ । उल्लिखित अध्ययनहरुको आधारमा घरपझोङ गाउँपालिकाले अंगिकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण गरिएको छ ।

### १.६.२ बहुसरोकारवालाहरुसँगको प्रारम्भिक छलफल तथा अभिमुखीकरण

प्रारम्भिक चरणमा गाउँपालिका कार्यालयको सहयोगमा गाउँपालिका स्थित बहुसरोकारवालाहरुसँग योजना निर्माणको सैद्धान्तिक पक्षलाई समेटेर राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समुह, महिला तथा आमा समुह, लक्षित वर्गका प्रतिनिधि आदिको सहभागितामा संघीय संरचना अन्तर्गत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा एक दिने अभिमूखिकरण कार्यशाला सञ्चालन गरिएको गरिएको छ । अभिमुखीकरण कार्यशालाको मिति र उपस्थिती गाउँपालिकासँगको समन्वयमा तयार पारिएको छ । अभिमुखीकरण कार्यशालाको मुख्य उद्देश्य आवधिक योजनाको महत्व र आवश्यकताबारे स्थानीय स्तरमा सुसुचित गर्नु तथा गाउँपालिकाको योजना तर्जुमाका लागि गाउँपालिकाका सरोकारवालाहरुको सहभागिता हुने गरी विषयगत समितिहरु (मुल समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा बिपद व्यवस्थापन समिति, सुशासन तथा संस्थागत विकास समिति)को गठन गरिएको छ । मुल समिति गाउँपालिका अध्यक्षको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव हुने गरी गठन भएको थियो भने विषयगत समिति कार्यपालिकाका विषय क्षेत्रगत संयोजकको संयोजकत्वमा गठन गरिएको छ । यो कार्यशालाले गाउँपालिकाको योजना तर्जुमा प्रकृयाको मार्ग चित्र प्रस्तुत गरेको छ ।

### १.६.३ तथ्याङ्क संकलन तथा GIS Mapping

आवधिक योजना तर्जुमा पूर्व गाउँपालिकाको जनसांख्यिक, आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धि आधारभूत तथ्याङ्क संकलनका लागि गाउँपालिकाका विषयगत शाखाहरुबाट उपलब्ध क्षेत्रगत तथ्याङ्क तथा गाउँपालिकाको पार्श्वचित्रको प्रयोग गरिएको छ । तथ्यमा आधारित योजनाले मात्र गाउँपालिकाको सोच र लक्ष्यलाई

दिशाबोध गर्न सक्ने भएकाले तथ्याङ्कका आधारमा गाउँपालिकाको वस्तुस्थिती विश्लेषणको कार्यलाई अघि बढाईएको छ। साथै गाउँपालिकाको श्रोत नक्शा तयारी, भू–व्यवस्थापन, तथा गाउँ गौरवका आयोजना कार्यान्वयन गर्ने सम्भावित क्षेत्रको नक्शाङ्कनका लागि GIS Mapping गरिएको छ । तथ्याङ्क संकलन तथा GIS Mapping को उद्देश्य गाउँपालिकाको वर्तमान अवस्थाको तथ्याङ्कीय चित्रण गर्नु हुनेछ । यसबाट गाउँपालिकाले आवधिक योजनामा क्षेत्रगत रुपमा अपनाउनु पर्ने लक्ष्य, उद्देश्य रणनीति तथा कार्यनीतिको आधार तयार गरेको छ।

### १.६.४ वडागत छलफल

घरपफोङ गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानविय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको आँकलन गरी ती क्षेत्रको उच्चतम सदुपयोगका लागि वडावासीले महसुस गरेका अवसर तथा समस्याहरुको चित्रण गर्न वडा स्तरीय छलफल गरिएको छ । वडा स्तरीय छलफलमा वडागत सम्भावना/अवसर तथा समस्या/चुनौतीको समुहगत क्रियाकलापका आधारमा छलफल गरिएको छ। छलफलमा प्रत्येक वडा अन्तर्गतका राजनीतिक प्रतिनिधि, शिक्षक, स्थानीय जानकार, कृषक, आमा समुह, निजी क्षेत्र लगायतका विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गराइएको छ । वडागत छलफलको मुख्य उद्देश्य समग्र गाउँपालिकाको सम्भावना/अवसर तथा समस्या/चुनौतीको अवस्था ऊजागर गर्नु तथा आवधिक योजनाले समेट्ने वडा स्तरीय प्रमुख आयोजनाहरुको सूची तयार पारेको छे।

### १.६.५ योजना तर्जुमा कार्यशाला

गाउँपालिकाको योजना तर्जुमा प्रकृयालाई पूर्णता दिन २ दिने योजना तर्जुमा कार्यशाला आयोजना गरियो। योजना तर्जुमा कार्यशालामा आवधिक योजनाको अवधारणाको तथा योजनाका सैद्धान्तिक तथा व्यवहारिक पक्षका बारेमा छलफल गरियो। पहिलो दिन परिवर्तित राजनीतिक व्यवस्थाले निर्माण गरेका संघ, प्रदेश तथा स्थानीय सरकारवीचको अन्तरसम्बन्ध, स्थानीय तहको विकासका लागि आवधिक योजनाको महत्व तथा मध्यमकालिन खर्च संरचनाको प्रारुप र महत्वका बारे छलफल भएको गरियो । दोश्रो दिन गाउँपालिकाको वस्तुस्थिती चित्रण तथा समष्टिगत सम्भावना/अवसर तथा समस्या/चुनौतीको समुहगत कृयाकलापका आधारमा छलफल गरिएको थियो भने गाउँपालिकाले उपलब्ध गराएको तथ्याङ्कका आधारमा सुचक निर्माण गरिएको थियो भने गाउँपालिकाको दुरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीति तय गर्नुका साथै विषय क्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति तथा मुख्य कार्यक्रम बारे छलफल गरियो। यसका साथै गाउँपालिकाका गाउँ गौरवका आयोजना तथा वडागत मुख्य आयोजना छनौटको काम पनि गरियो।

### १.६.६ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

गाउँपालिकाको वडागत छलफल, तथ्याङ्क संकलन तथा योजना तर्जुमा कार्यशालाका प्लेनरी छलफलबाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषणका आधारमा आवधिक योजनाको खाका तयार गरेको छ । आवधिक योजनाको खाकाले गाउँपालिकाको वस्तुगत अवस्था, क्षेत्रगत अवस्था लक्ष्य, उद्देश्य तथा रणनीतिका साथै कार्यनीति र मुख्य कार्यक्रमलाई समेट्नुका साथै राजश्व प्रक्षेपण, क्षेत्रगत बजेट विनियोजन तथा अनुगमन मुल्याङ्कन खाकालाई पनि समेटको छ। यसरी गाउँपालिकाको पार्श्व चित्र तथा कार्यशालाबाट निर्माण गरिएका दस्ताबेजको सहयोगमा गाउँपालिकाको तीन वर्षे (२०७८/०७९-२०८०/०८१) मसौदा योजना तयार भएको छ।

### १.६.७ प्रमाणीकरण कार्यशाला

माथि उल्लिखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरी आवधिक योजनाको प्रारम्भिक खाका तयार भएको छ। तयार पारिएको प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि घरपफोङ गाउँपालिकाका सम्वन्धित सरोकारहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गोष्ठीको आयोजना गरिएको छ । प्रमाणीकरण गोष्ठीमा गाउँपालिकाको आवधिक योजनामा समावेश हुने सम्पुर्ण विषयवस्तु तथा अध्ययनको सम्पूर्ण प्रारुप प्रस्तुत गरि सरोकारवालाबाट प्राप्त सुझाव संकलन गरिएको छ।

### १.६.८ अन्तिम प्रतिवेदन पेश

प्रतिवेदनको प्रारम्भिक खाकामा भएको छलफल तथा सुझावहरुको सम्बोधन गरी अन्तिम प्रतिवेदन तयार पारी गाउँपालिकाको कार्यालयमा पेश गरिएको छ।

# अध्याय दुई : गाउँपालिकाको विद्यमान वस्तुस्थिती

## २.१ गाउँपालिकाको वस्तुस्थिति विवरण

नेपालको गण्डकी प्रदेशका ११ जिल्लामध्ये मुस्ताङ जिल्ला पनि एक हो । नेपाल राज्यको केन्द्र भागमा अवस्थित मुस्ताङ जिल्लाको आफ्नै ऐतिहासिक महत्व रहेको छ । नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय निकायहरूको पुन:संरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार यस मुस्ताङ जिल्लाको साविकका (गा.वि.स.हरू) मार्फा र टुकुचे-८,९ वडाहरु र जोमसोम गाउँ विकास समितिहरुलाई समेटेर गाउँपालिका गठन गरिएको छ ।




हाम्रो अहिलेको घरपझोङ कुनै बेला लो (ग्लो वा ब्लो) नामको एउटा स्वतन्त्र र बलियो अधिराज्य थियो जसलाई लोबो ग्याल्खाब भनिन्थ्यो । यस भेगको इतिहास निकै चाखलाग्दो छ । केही अघि गरिएका पुरातात्विक अध्ययन र उत्खननले यो इलाका लगभग सातौं शताब्दी ईसा पूर्वदेखि नै मानव सभ्यताको उल्लेखनीय स्थलका रूपमा विकसित भइसकेको जानकारी मिलेको छ । त्यसबेला देखि झन्डै हजार वर्षसम्म अर्थात् ईसाको छैटौं-सातौं शताब्दी ताकासम्म यहाँका मानिस खेतीपाती, पशुपालन आदि व्यवसाय गरे पनि प्राय: बसोबास भने शायद सुरक्षाका दृष्टिले मानव निर्मित गुफामै गर्थे भन्ने पनि पुरातात्विक तथा ऐतिहासिक दुवै अध्ययनका आधारमा स्पष्ट भएको छ ।

मुस्ताङ भेगमा आठौं शताब्दीको मध्यताका या-लुङ् सैन्यको साथमा बौद्ध परम्पराको प्रवेश हुँदा शे-रिव नामको स्थानीय राज्यको अस्तित्व त्यस भेगमा थियो, जसको केन्द्र अहिले भग्नावशेषका रूपमा रहेको ठिनी नजिकैको गारावजोङ ( घरपझोङ) भन्ने स्थानमा थियो । अघि बोनको अत्यन्त महत्वपूर्ण केन्द्रको रूपमा रहेको र पछि त्यत्तिकै महत्वको बौद्ध केन्द्र बनेको गारावजोङ् नजिकैको कुछाव तेर-ङको धार्मिक-साँस्कृतिक महत्व र गारावजोङ्को सामरिक तथा शासन केन्द्रको महत्व यस प्रसंगमा स्मरणीय हुन्छ ।

जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम २५५९ मिटर उचाईदेखि ६८६५ मिटर भन्दा माथि सम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन् । गाउँ क्षेत्रका जोमसोम देखि दक्षिण तल्लो भेगमा समशितोष्ण र उत्तरी भेगमा चिसो लेकाली हावापानी पाइन्छन् । हिमालपारीको जिल्लाभित्र रहेको गाउँपालिका भएकाले यहाँ ज्यादै नै कम वर्षा हुन्छ । यो ठाउँबाट यसको दक्षिणी भेगमा पर्ने धौलागिरी, तिलिचो पिक, 'याक कावा' तथा निलगिरी हिमालको राम्रो दृश्य देखिन्छ । यो ठाउँ प्रख्यात तीर्थस्थल मुक्तिनाथ, तिलिचो ताल (मनाङ) र लोमान्थाङ जाने प्रवेश द्वारको रूपमा पनि लिन सकिन्छ ।

यो गाउँपालिकाको अधिकतम तापक्रमः २६ डिग्री सेन्टिग्रेड देखि न्यूनतम तापक्रम -९ डिग्री सेन्टिग्रेड भन्दा कम सम्म हुन्छ । यस गाउँपालिकको केन्द्र साविक जोमसोम गाविसको कार्यालयमा रहेको छ ।

**जम्मा जनसंख्या :**३१८४ **क्षेत्रफल :** ३१६.८७ वर्ग कि.मी.
**केन्द्र :** जोमसोम **वडा संख्या :** ५
**सिमाना :**
**पूर्व :** मनाङ जिल्ला
**पश्चिम :** डोल्पा जिल्ला
**उत्तर :** बारागुङ मुक्तिक्षेत्र, मुस्ताङ्ग जिल्ला
**दक्षिण :** थासाङ गाउँपालिका र म्याग्दी जिल्ला

**तालिका न.१ मुस्ताङ गाउँपालिकाको वडा विभाजन**

| वडा नं. | समावेश भएका साविक गाविस र गाउँपालिका | साविकको वडा नं. |
|---|---|---|
| १ | मार्फा | ९ |
| | टुकुचे | ८,९ |
| २ | मार्फा | १-४ |
| ३ | मार्फा | ५-८ |
| ४ | जोमसोम | ५-८ |
| ५ | जोमसोम | १-४,९ |

साविकको मार्फा गाविसलाई हालको १, २ र ३ नं. वडामा, साविकको जोमसोम गाविसलाई हालको ४ र ५ नं. वडामा, साविकको टुकुचे गाविसको ८ र ९ नं. लाई हालको १ नं.वडामा समायोजन गरी यस गाउँपालिकाको निर्माण गरिएको छ । गाउँपालिकाको जम्मा क्षेत्रफल ३१६.८७ वर्ग किलोमिटर रहेको छ भने यसको सिमानामा पूर्वमा मनाङ जिल्ला, पश्चिममा डोल्पा जिल्ला, उत्तरमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, दक्षिणमा थासाङ गाउँपालिका र म्याग्दी जिल्ला सम्म छ ।




## २.१.१ प्रमुख नदी तथा वन जंगल

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदिनाला तथा खोलाहरूले प्रशस्त जल भण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बास स्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदी तथा खोलाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेला बखत आंशिकरुपमा सिँचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। यस गाउँपालिकामा पर्यटकीय क्षेत्रको रुपमा ढुम्बा ताल र क्षमा ताल रहेका छन् । यस गाउँपालिकामा संसारकै अग्लो स्थानमा रहेको तिलिचो ताल जाने प्रवेश बिन्दु रहेको छ । चिमाङ खोला, मार्फा खोला, ठिनी खोला, ढुम्बा खोला र स्याङ खोला लगायत खोलाहरु कालीगण्डकी नदीमा मिसिन्छन् । कालीगण्डकी नदी यस गाउँपालिका बिच भएर बग्ने मुख्य नदी रहेको छ । गाउँपालिका क्षेत्रका बासिन्दालाई खानेपानी आपूर्ति गाउँक्षेत्र भित्रकै श्रोतबाट ल्याइएको छ ।

**तालिका न.२ प्रमुख नदी तथा खोलाहरु**

| क्र.सं. | नदी नालाको नाम | वडा नं. |
|---|---|---|
| १ | छैरो छहरा | १ |
| २ | लकी होम | १ |
| ३ | चिमाङ खोला | १ |
| ४ | झिमु खोला | १ |
| ५ | वराह पोखरी | १ |
| ६ | तेम्कयू खोला | २ |
| ७ | पम्क्यू खोला | २ |
| ८ | स्याङ खोला | ३ |
| ९ | कालीगण्डकी | ३,४ |
| १० | सानो खोला (पुछर खोला) | ४ |
| ११ | ह्पुङ क्यू खोला | ५ |
| १२ | स्वीकपूङ खोला | ५ |
| १३ | ढुम्बा खोला | ५ |
| १४ | क्षमा ताल | ५ |

यहाँको हावापानी शितोष्ण खालको भएको हुनाले तल्लो भेग तिर मिश्रित कोणधारी वनस्पती धुपी सल्लो पाइन्छ । उचाई अनुसार पाइने मुख्य वनस्पतीमा सल्लो, धुपी, वैंश, लोट सल्ला, भोजपत्र, लालिगुराँस, काँडेदार वुट्यान, घाँस, भोटे पिपल रहेका छन् । कस्तुरी, खरायो, घोरल, नाउर, हिउँचितुवा, चितुवा ,स्याल आदि गाउँपालिकामा पाइने मुख्य वन्य जन्तुहरु

हुन् । डाँफे, मुनाल, च्याखुरा, कालीज, लाटोकोसेरो, मलेस, भंगेरा, डेलाङ आदि पनि यहाँ पाइने वन्यपंक्षीहरु हुन । यहाँको वनमा महत्वपूर्ण जडीबुटी जस्तै अनुरकाँडा, चिरोइलो, लोठसल्ला, यार्चागुम्वा, पाँचऔले, निरमसी, सतुवा, चिची, तोरा, चुत्रो, कुट्की, कुठ, भोजा, जमानो, कुकुर्को वीख, हारा, सोमलता, चुल्ठे अमिलो, जटामसी, जिम्मु, कुरिलो, घोराङमार्चा, आदि जस्ता प्रशस्त वहुमूल्यवान र उपयोगी जडिबुटीहरु पाईन्छ ।

नेपालमा मुख्यतया स्वामित्व र व्यवस्थापनका आधारमा वन क्षेत्रलाई विभिन्न वर्गमा विभाजन गरिएको छ । वन ऐन २०४९ र त्यसमा भएका पछिल्ला संशोधन अनुसार वनका प्रकारहरूलाई निम्नानुसार परिभाषित गरिएको छ ।

### राष्ट्रिय वन

राष्ट्रिय वन भन्नाले वातावरण सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्रि वितरण गर्न तयार गरिएको वन सम्बन्धी कार्य योजना भन्ने बुझिन्छ । राष्ट्रिय वन भन्नाले निजी वन बाहेक नेपाल भित्रको वन सिमाना लगाईएको वा नलगाईएको सबै वन सम्झनु पर्छ र सो शब्दले वनले घेरिएको वा वन छेउ छाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वन भित्र रहेको बाटो, पोखरी, ताल वा खोला नाला र बगर समेत जनाउँछ ।

### चकला वन

चकला वन भन्नाले कम्तिमा पाँच सय हेक्टर क्षेत्रफल भएको सरकारद्वारा व्यवस्थित वनको कुनै भाग भन्ने बुझिन्छ ।

### साझेदारी वन

साझेदारी वन भन्नाले डिभिजन वन कार्यालय, स्थानीय तह र उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने राष्ट्रिय वनको कुनै भाग बुझिन्छ ।

### धार्मिक वन

धार्मिक वन भन्नाले वनको विकास, संरक्षण र उपयोग गर्न कुनै धार्मिक निकाय, समुह वा समुदायलाई सुम्पिएको राष्ट्रिय वनलाई सम्झनु पर्छ ।

### निजी वन

निजी वन भन्नाले प्रचलित कानुन बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गा लगाई हुर्काइएको वा संरक्षण गरिएको वनलाई जनाउँछ ।

### सामुदायिक वन

सामुदायिक वन भन्नाले सामुहिक हितको लागि वनको विकास, संरक्षण र उपयोग गर्न उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वनलाई जनाउँछ । स्थानीय वासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन २०७६ तथा वन नयिमावलीले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफ देही सम्बन्धित वन उपभोक्ता समूहहरू नै हुन्छन् ।

गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वन भित्र गैर काष्ठ वन पैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिँदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वन क्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त डिभिजन वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गै.स.स.हरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

### २.१.२ जलवायु

यो क्षेत्र अन्नपूर्ण हिमश्रृङ्खलाको उत्तर पट्टी रहेको हुनाले यहाँ अत्यन्त कम मात्रामा पानी पर्दछ । उच्च हिमाली भेग भएको हुनाले दिउँसोको समयमा उच्च बेगले हावा बहने गर्दछ । औषत वार्षिक वर्षा तल्लो भागमा २०० मि.मि र माथिल्लो भागमा हिमपात हुन्छ । समुन्द्री सतहबाट निकै उचाईमा रहेको यो गाउँपालिकामा चिसो हावापानी पाइन्छ । गृष्म महिनामा यहाँ अधिकतम तापक्रम २६ डिग्री सेल्सियस सम्म पुग्छ भने चिसो महिनामा तापक्रम -९ डिग्री भन्दा तल झर्दछ । जोमसोमदेखि दक्षिण तल्लो भेगमा प्रायःजसो समशितोष्ण चिसो हावापानी पाइन्छ । उत्तरी भेगमा भने हिंउदमा उत्तरी र दक्षिणी दुवै हावा चल्छ भने वर्षायाममा प्राय जसो दक्षिणी हावा बहने गर्दछ ।

### २.१.३. महत्वपूर्ण धार्मिक, साँस्कृतिक, सामाजिक तथा अन्य स्थलहरू

यस गाउँपालिकामा धेरैजसो बौद्ध धर्मावलम्वीहरुको बसोबास रहेको देखिन्छ । त्यसैले यहाँका प्रत्येक ऐतिहासिक तथा धार्मिक स्थलहरुमा बौद्धहरुकै गुम्बाहरु मात्र भेटिएको छ । यहाँका ऐतिहासिक स्थलहरुमा ऐतिहासिक चिनारी भएको मार्फा गाउँ, ह्यारुझो भ्यू टावर, लियोपार्ड केभ, टसि ल्हाखाङ गुम्बा, उर्केन छ्योकोर्लिङ गुम्बा, चेछेन कुंगा छ्योखोर लिङ, साक्य गोन्पा, युनद्रुङ फेनचोलीङ बोन गुम्बा, कुछप तेरेङगा गुम्बा लगायत पुराना गुम्बाहरु, थकाली तथा गुरुङ जातिको संस्कृति झल्काउने सङ्ग्राहलयहरु र हिमालहरु (धवलागिरी, निलगिरी) को मनोरम दृश्य आदि देख्न पाइन्छन् । उच्च पहाडी दुर्गम हिमाली जिल्ला भएको हुनाले यहाको जनजीवन भिन्नै प्रकारको छ । सदरमुकामदेखि उत्तरतिर भोटे गुरुङ जातीहरुको बाहुल्यता छ भने दक्षिणतिर थकाली समुदायको अतिरिक्त दलित तथा अन्य जातिहरुको बसोवास भएको पाईन्छ । गुरुङ् तथा थकाली जातीहरु बौद्ध धर्म मान्दछन् भने दलित तथा अन्य जातिहरु हिन्दू धर्म प्रति आस्थावान देखिन्छन् ।

नेपालको साँस्कृतिक विविधतालाई झल्काउने प्रमुख विषय भनेको स्थानीय चाडपर्व, भाषा धर्म तथा संस्कृतिहरु हुन् । घरपझोङ गाउँपालिका जातीय, भाषिक, धार्मिक रुपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतिहरुमा पनि विविधता पाइन्छ । यस क्षेत्रमा बसोवास गर्ने जातजाति अनुसार फरक फरक चाडपर्व तथा जात्राहरु यहाँ मनाइने गर्दछन । फाला, त्युङ्ला, तोरन्ला, देक्याप नाच तथा १२ वर्षे मेला यहाँका मुख्य चाडपर्वहरु हुन् ।

**तालिका नं.३ : धार्मिक तथा पर्यटकीय स्थलहरूको विवरण**

| वडा नं. | धार्मिक स्थलहरू | पर्यटकीय स्थलहरू |
|---|---|---|
| १ | छैरो छहरा गुम्बा | छैरो छहरा |
| | बुद्धको पैतलाको छाप सहित गुम्बा | खम्पा क्याम्प |
| | सेवी थान मन्दिर | तिबेटियन क्याम्प (रेफयुजी ) |
| | ठुलो स्तुपा | लकी हुम |
| | सानो स्तुपा | छो (दह) |
| | | रानीबन (संरक्षित क्षेत्र) |
| | | लेक (संरक्षित क्षेत्र) |
| | | धवलागिरी भ्यू टावर |
| | | चिमाङ जङ्गल हाइकिङ्ग |
| | | चिमाङ छहरा |
| | | चिमाङ एप्पल गार्डेन |
| | | चिमाङ गाउँ (Traditional बस्ती ) |
| २ | प्रा गुम्बा | पुरानो मार्फा |
| | शाम्ते छ्योलिङ गुम्बा | आलुबारी याक खर्क |
| | कङ्गयुर गुम्बा (निजी) | कृषि फार्म |
| | सुर गुम्बा (निजी) | मितेरी पार्क |
| | हृसुम गुम्बा | एप्पल ल्यान्ड |
| | माम्ति गुफा | |
| ३ | पुरानो गुम्बा | झोङ्नाघाङ् पार्क |
| | स्याङफोला (कुल देवता) | मुस्ताङ इको म्युजियम |
| | त्हसी ल्हखाङ गुम्बा | स्याङ फोला होमस्टे |
| | शिव मन्दिर (एयरपार्ट) | घैलुङ गुफा-ध्यान केन्द |
| | धर्मशाला (एयरपार्ट) | पवित्र च्याङपुइ गुफा |
| | धेछिलिङ गुम्बा | |
| | उर्गेन छ्योकोलिङ गुम्बा | |
| ४ | धपु गुम्बा | कुङ्ले छहरा |

| वडा नं. | धार्मिक स्थलहरू | पर्यटकीय स्थलहरू |
|---|---|---|
| | गणेश मन्दिर | पुशाघोङ छहरा |
| | बुद्धिस्ट गुम्बा | ह्यारुभ्mो भ्यू टावर जाने पदमार्ग |
| | बोन गुम्बा | जनहित सामुदायिक संस्था (बनस्पति उद्यान) |
| | भोतो गाङ स्तुपा | |
| | युङडुङ कुण्डालिङ | |
| | सेद्नेनकुङ्ना छ्योकरलिङ गुम्बा | |
| | लोपोनकुभ्mे | |
| | शालिग्राम पार्क | |
| ५ | कुछप तेरङ्गा गुम्बा | ढुम्बा ताल |
| | ठिनी युङडुङ गुम्बा | क्षमा ताल |
| | ल्अखिम कर्पो गोम्पा (बाह्र वर्षे देवी) | निलगिरी बेस क्याम्प |
| | ल्अथेवा | ह्यारुभ्mो भ्यू टावर |
| | धोर्चेफुर्वा गुम्बा (पल गुम्बा) | स्नो लियोपार्द केभ (गुफा) |
| | भ्याङ्ला छ्योर्तेन | घरपभ्mोङ किल्ला |
| | भोङा छ्योर्तेन | थकाली सामुदायिक सङ्ग्रालय |
| | भगुम्बा | बेस क्यम्प (नमु) |
| | | निलगिरी आइस फल |
| | | तिलिचो जाने पदमार्ग |
| | | थकाली सामुदायिक होमस्टे |
| | | कैसाङ क्याम्प |

## २.२ भू उपयोग सम्बन्धि विवरण

प्राकृतिक सम्पदाको हिसाबले यस गाउँपालिकामा कृषियोग्य जमिन न्युन मात्रामा रहेको छ । यहाँको कुल भू-भागमध्ये १.५८ प्रतिशत जमिन मात्र खेतीपातीको लागि उपयोगी देखिन्छ । त्यसैगरी १४.८८ प्रतिशत जमिन वनजंगलले, १.२५ प्रतिशत जलक्षेत्र, १.८३ प्रतिशत बालुवा र ४१.०८ बुट्यान तथा भ्mाडीले ओगटेको छ । गाउँपालिकाको ठूलो क्षेत्र वन /चरन क्षेत्रले ढाकेको देखिन्छ ।

**तालिका ४ : भू उपयोगको अवस्था**

| क्र स | विवरण | क्षेत्रफल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि योग्य क्षेत्र | ५.०१ | १.५८ |
| २ | बसोबास क्षेत्र | १.६४ | ०.५२ |
| ३ | बाभ्mो जमिन | १२१.९५ | ३८.४८ |
| ४ | वन क्षेत्र | ४७.१६ | १४.८८ |
| ५ | चरन क्षेत्र | १३०.२१ | ४१.०८ |
| ६ | जलश्रोत क्षेत्र | ४ | १.२५ |
| ७ | बालुवा | ५.८१ | १.८३ |
| ८ | अन्य | १.०३ | ०.३२ |
| **जम्मा** | | **३१६.८७** | **१००** |




## २.३ गाउँको आर्थिक सामाजिक स्थिति

### २.३.१ जनसंख्या विवरण

कुनै पनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालनमा नवश्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण हुनु आवश्यक हुन्छ । नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिका स्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ ।

**तालिका न. ५ जनसंख्या विवरण**

| विवरण | जनसंख्या विवरण |
|---|---|
| जम्मा जनसंख्या | ३१८४ |
| पुरुष | १६१६ ( ५१%) |
| महिला | १५६८ (४९ %) |
| तेस्रो लिङ्गी | ० |
| लैङ्गिक अनुपात | १०३.२५ |

*श्रोत : वडा सर्वेक्षण २०७५*

माथिको तालिकामा घरपभ्कोङ गाउँपालिकाको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ । घरपभ्कोङ गाउँपालिकाको पार्श्वचित्र,२०७५ को आधारमा जनसंख्या ३१८४ रहेको छ जसमध्ये पुरुष ५१ प्रतिशत (१६१६ जना) र महिला ४९ प्रतिशत (१५६८ जना) रहेका छन् भने तेस्रो लिङ्गी ० जना रहेका छन् । सोही अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या १०३ रहेको छ।

### २.३.२ अपाङ्गता अनुसार जनसंख्या

तलको तालिकामा घरपभ्कोङ गाउँपालिकाको जनसंख्याको अपाङ्गता सम्बन्धी विवरण प्रस्तुत गरिएको छ । हालमा घरपभ्कोङ गाउँपालिकामा अपाङ्गता नभएका जम्मा जनसंख्या ३१४० अर्थात् ९८.६१ प्रतिशत रहेको छ । अपाङ्गताका विभिन्न किसिम मध्ये शारीरिक अपाङ्गता, दृष्टी बिहीन, श्रवण शक्ति कमजोर भएका, आँखा नदेख्ने, बोल्न नसक्ने, मानसिक अपाङ्गता, बौद्धिक क्षमता कमजोर भएका साथै बहु अपाङ्गता भएका जनसंख्या संसारको हरेक ठाउँमा हुन्छन् । त्यस्तै घरपभ्कोङ गाउँपालिकामा शारीरिक अपाङ्गता भएका जम्मा जनसंख्या १७ अर्थात् ०.५३ प्रतिशत रहेकोछ, दृष्टी

बिहीन भएका जम्मा जनसंख्या ४ अर्थात् ०.१२ प्रतिशत रहेको छ । त्यस्तैगरी बहु अपाङ्गता भएका जम्मा जनसंख्या ५ अर्थात् ०.१५ प्रतिशत रहेको छ । जस्तो अपाङ्गताका बावजुत पनि यी जनसंख्या कुनै पनि कारणले पछि छैनन् भन्ने विश्वास दिलाउनुपर्छ ।

**तालिका न.६ जनसंख्याको अपाङ्गता सम्बन्धी विवरण**

| जनसंख्याको अवस्था | जम्मा | प्रतिशत |
|---|---|---|
| अपाङ्गता नभएका (Population without disability) | ३१४० | ९८.६१ |
| शारीरिक अपाङ्गता (Physical Disable) | १७ | ०.५३ |
| दृष्टी बिहीन (Blindness / Low Vision) | ४ | ०.१२ |
| श्रवण शक्ति कमजोर भएका (Deaf / Hard to Hearing) | १२ | ०.३७ |
| आँखा नदेख्ने (Deaf-Blind) | ० | ० |
| बोल्न नसक्ने (Speech Problem) | ० | ० |
| मानसिक अपाङ्गता (Mental Disable) | ० | ० |
| बौद्धिक क्षमता कमजोर भएका (Intellectual Disable) | ६ | ०.१८ |
| बहु अपाङ्गता (Multiple Disable) | ५ | ०.१५ |
| **जम्मा** | ३१८४ | १००.०० |

*श्रोत :* वडा सर्वेक्षण २०७५

### २.३.३ घरपरिवारको स्वामित्व

गाउँपालिकाको कुल घरधुरी ७०४ छ जसमध्ये घरको स्वामित्व आफ्नो भएको घरपरिवारको संख्या ५५० अर्थात् ७८.१२ प्रतिशत रहेको छ । साथै भाडामा बस्ने घरपरिवारको संख्या १०४ अर्थात् १४.७७ प्रतिशत रहेको छ । त्यसैगरी ३ घरपरिवार संस्थागत भवनमा आश्रित छन् भने ४७ घरपरिवारको जग्गा रहेको देखिन्छ ।

**तालिका न.७ घरपरिवारको स्वामित्व अनुसार विवरण**

| विवरण | निजी | भाडा | संस्थागत | जग्गा मात्र भएको | जम्मा |
|---|---|---|---|---|---|
| घरपरिवार | ५५० | १०४ | ३ | ४७ | ७०४ |
| प्रतिशत | ७८.१२ | १४.७७ | ०.४२ | ६.६७ | १०० |

*श्रोत :* वडा सर्वेक्षण २०७५

### २.३.४ जात तथा वर्गको आधारमा जनसंख्याको वर्गीकरण

यस गाउँपालिकामा विभिन्न किसिमका जात, जाति, भाषा र धर्म भएको मानिसको बसोवास रहे तापनि जातिय विभिन्नता, भाषागत विभिन्नता तथा धार्मिक भिन्नता रहेता पनि सामाजिक स्थिरता तथा शान्तिपूर्ण वातावरणमा कुनै प्रकारको नकारात्मक विभिन्नता देखिएको छैन । विभिन्न चाडपर्वमा एक अर्काको (विपरीत धर्मावलम्बी) बीच लवाई खुवाईको परम्पराको सोहाद्रताको प्रमाण रहेको कुरा स्थानीय वासिन्दाहरूको भनाई रहेको छ । सदरमुकामदेखि उत्तरतिर भोटे गुरुङ जातीहरुको बाहुल्यता छ भने दक्षिणतिर थकाली समुदायको अतिरिक्त दलित तथा अन्य जातीहरुको बसोवास भएको पाईन्छ । गुरुङ् तथा थकाली जातिहरु वौद्ध धर्म मान्दछन् भने दलित तथा अन्य जातिहरु हिन्दु धर्म प्रति आस्थावान देखिन्छन् ।

वडा सर्वेक्षण २०७५ को तथ्याङ्कलाई विश्लेषण गर्दा यस गाउँपालिकामा थकाली तथा गुरुङ जनजातिको बाहुल्यता देखिन्छ । त्यस्तै दलित जातिको पनि उल्लेख्य उपस्थिती देखिन्छ । यसरी जातिय हिसाबले विविधता युक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ बसेको पाइन्छ ।

**जातजातिअनुसार घरधुरी विवरण**




*श्रोत :* वडा सर्वेक्षण २०७५

### २.३.५ मातृभाषा अनुसार जनसंख्याको वर्गीकरण

भाषा सञ्चारको एक माध्यम हो, जसले व्यक्तिहरूको बिच विचारहरूको आदान-प्रदान गराउँछ र समूह, समुदाय तथा समाजका सबै तहका व्यक्तिहरूका व्यवहारलाई परिचित गराउँछ । त्यस्तै मानवीय इच्छा, आकांक्षा तथा आवश्यकताहरू मुल्याङ्कन गर्ने, पुरा गर्न आवाज बुलन्द गराउने माध्यम नै भाषा हो । हाम्रो देश विविध जनजाति भएको देश हुनाले विभिन्न मातृभाषाहरू स्थानीय भाषाको रूपमा प्रयोग गरिएका छन् । यस्तै विभिन्न जनजातिका आफ्नै भाषा रहेको हुँदा भाषामा विविधता रहेको पाइन्छ । नेपालको राष्ट्रिय भाषा नेपाली हो, जँहा दुई तिहाईभन्दा वढी मानिसहरूले नेपाली भाषा नै प्रयोग गरेका छन् । यहाँका धेरैजसो भाषाहरू जातिगत भाषाका रूपमा विकसित भएको पाइन्छ ।

वडा सर्वेक्षण २०७५ को तथ्याङ्कलाई विश्लेषण गर्दा यस गाउँपालिकामा वोलिने प्रमुख भाषामा नेपाली, थकाली र गुरुङ रहेको छ । त्यस बाहेक केही जनसंख्याले तामाङ, राई तथा अन्य भाषाहरु पनि बोल्ने गरेको पाइन्छ ।

**तालिका न.८ : मातृभाषा अनुसार घरधुरी विवरण**

| वडा न. | नेपाली | थकाली | गुरुङ्ग | वाह्रगाउँ | अन्य ( मगर,तामाङ,राई,लोवा,ताङवेतानी,मैथली,शेर्पा) |
|---|---|---|---|---|---|
| १ | २० | ५७ | ० | ५ | ३ |
| २ | ६७ | ५४ | १ | ० | ३ |
| ३ | २९ | १६१ | ५ | ९ | २ |
| ४ | ५९ | ३२ | ४० | ६ | ३ |
| ५ | ९ | १०९ | २३ | ० | ३ |
| जम्मा | १८४ | ४१३ | ६९ | २० | १४ |

*श्रोत :* वडा सर्वेक्षण २०७५

### २.३.६ शैक्षिक संस्थाको विवरण

यस गाउँपालिकामा ८ वटा बाल बिकास केन्दहरू, ७ वटा आधारभूत विद्यालय, ३ वटा मा.वि., र १ क्याम्पस रहेका छन् । यस गाउँपालिकामा सामुदायिक र संस्थागत विद्यालय अन्तर्गत आधारभूत विद्यालय कक्षा १-८ सम्मका ६ वटा सामुदायिक र १ वटा संस्थागत गरी जम्मा ७ वटा विद्यालयहरु छन् । त्यस्तै माध्यमिक तह कक्षा १-१० सम्मका २ वटा सामुदायिक विद्यालयहरु छन् र माध्यमिक तह कक्षा १-१२ सम्मका १ वटा संस्थागत विद्यालय छ । यसै गरी गाउँपालिकामा १ सामुदायिक क्याम्पस रहेको छ ।

**तालिका न.९ : शैक्षिक संस्थाको विवरण**

| शैक्षिक संस्थाको संख्या | | | | | |
|---|---|---|---|---|---|
| बाल विकास केन्द | आधारभूत विद्यालय | | मा.वि. | | क्याम्पस |
| | सामुदायिक | निजी | सामुदायिक | निजी | |
| ८ | ६ | १ | २ | १ | १ |

*श्रोत :* वडा सर्वेक्षण २०७५

### २.३.७ साक्षरता र शैक्षिक योग्यताको आधारमा जनसंख्या विवरण

साक्षरताले पढ्न र लेख्न सक्ने सीपभन्दा माथि समग्र मानव विकास सूचकलाई इंगित गर्दछ । तथ्यहरूका अनुसार महिला साक्षरताले समग्र बहुआयामिक गरिबी सूचकमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसै गरी गाउँपालिकाको कुल जनसंख्या मध्ये ८८.९८ प्रतिशत साक्षर रहेका छन् ।

**तालिका न.१० : साक्षरता र शैक्षिक योग्यताको आधारमा जनसंख्या विवरण**

| वडा नं | निरक्षर | साक्षर | पूर्व प्राथमिकता | आधारभूत | माध्यमिक | स्नातक | स्नात्तकोत्तर | पि.एच.डि |
|---|---|---|---|---|---|---|---|---|
| १ | १० | ५० | ३० | ८९ | १६१ | ५८ | १३ | १ |
| २ | ६५ | ५५ | ४९ | १७९ | २२५ | २९ | ११ | ५ |
| ३ | ७२ | २४८ | ४० | ७५ | २४६ | ६२ | १७ | ८ |
| ४ | ११० | ८० | ३० | १२६ | १९९ | ६६ | १२ | १ |
| ५ | ९४ | ६२ | २० | २२१ | २१६ | ६१ | ११ | ० |
| जम्मा | ३५१ | ४९५ | १६९ | ६९० | १०४७ | २७६ | ६४ | १५ |

*श्रोत :* वडा सर्वेक्षण २०७५

### २.३.८ भवनहरूको बनावट

परिवार बसोबास गरिरहेको घर वा आवासीय इकाईको बनौटलाई सो घर/आवासीय इकाइको भौतिक संरचनाका मुख्य अङ्गहरू जग, बाहिरी गारो र छानाको बनावटको आधारमा विश्लेषण गरिएको छ । नतिजा अनुसार परिवारहरूले प्रयोग गरिरहेको घरहरूमध्ये ७ प्रतिशतको सिमेन्ट जडित ढुङ्गाबाट बनेका, ९३ प्रतिशतको माटो जडित ढुङ्गाबाट बनेको रहेको देखिएको छ ।

**तालिका न.११ : घरको किसिमको आधारमा घरपरिवार विवरण**

| बनावटको प्रकार अनुसार घरको विवरण | | |
|---|---|---|
| विवरण | माटो र ढुङ्गा | सिमेन्ट र ढुङ्गा |
| घरपरिवार | ५१४ | ३६ |
| प्रतिशत | ९३ | ७ |

*श्रोत :* वडा सर्वेक्षण २०७५



आवासीय घरको छानाको बनौट हेर्दा कुल परिवारले बसोबासका लागि प्रयोग गरिरहेका घरहरूमध्ये ५६ प्रतिशतको माटोबाट, ३.६ प्रतिशतको जस्ता/टिनबाट, ३.८ प्रतिशतको सिमेन्ट/ढलानबाट, ०.१ प्रतिशतको टायलको छाना बनेको देखिएको छ । त्यसैगरी बाँकी छाना अन्य सामग्रीको प्रयोगबाट बनेको देखिन्छ । बजार क्षेत्रका प्राय धेरैजसो घरहरूको सिमेन्ट/ढलानबाट बनेको देखिन्छ भने अन्य क्षेत्रमा जस्ताबाट छाना निर्मित घरहरूको बाहुल्यता रहेको देखिन्छ ।

**तालिका न.१२ : घरको छानाको किसिमको आधारमा घरपरिवार विवरण**

| छानाको प्रकार अनुसार घरको विवरण | | | | | |
|---|---|---|---|---|---|
| विवरण | माटो | काठ | टायल | आर.सि.सी | जस्तापाता |
| घरपरिवार | ३९४ | १०५ | १ | २७ | २५ |
| प्रतिशत | ५६ | १४.९ | ०.१ | ३.८ | ३.६ |

*श्रोत : वडा सर्वेक्षण २०७५*




## २.३.९ टेलिफोन, बिजुली र अन्य सुविधा

वडा सर्वेक्षण, २०७५ को नतिजाले यस गाउँपालिकामा घरपरिवारहरूले दैनिक बत्ती बाल्न प्रयोग गर्ने इन्धनको श्रोत विश्लेषण गर्दा गाउँपालिकाका कुल घरपरिवारहरूमध्ये ५४१ घरपरिवारले विद्युत मात्र र ४३ घरपरिवारले विद्युत र सोलार प्रयोग गर्ने पाइयो । यहाँ सौर्य ऊर्जालाई प्रकाशको दोस्रो ऊर्जाको रुपमा प्रयोग गरेको पनि पाइएको छ । यस तथ्याङ्कलाई हेर्दा ग्रामीण विद्युतिकरणमा व्यापक विकास भई विद्युत सेवाको पहुँच पुगेको परिवारहरू धेरै रहेको देखिन्छ भने सेवा नपुगेका क्षेत्रहरूमा त्यसको विस्तार हुनु जरूरी छ । विद्युतको लागि साधन प्रयोग अनुसार विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न. १३ : विद्युतको लागि प्रयोग गर्ने साधन**

| वडा नं | विद्युत मात्र | विद्युत र सोलार |
|---|---|---|
| १ | ४९ | ० |
| २ | १२४ | १ |
| ३ | १५१ | ९ |
| ४ | ११० | ३२ |
| ५ | १०७ | १ |
| घरपरिवार | ५४१ | ४३ |

*श्रोत : वडा सर्वेक्षण ,२०७५*

वडा सर्वेक्षण २०७५ को नतिजाले यस गाउँपालिकाको कुल परिवार मध्ये अधिकांश परिवारले खाना पकाउन अक्सर एल पी ग्यास प्रयोग प्रयोग गर्ने गरेको देखाएको छ । कुल परिवारको ४२ प्रतिशतले खाना पकाउन अक्सर एल.पी ग्यास तथा

दाउरा प्रयोग गर्ने गरेको देखिन्छ । कुल परिवारको ४० प्रतिशतले खाना पकाउन एल.पी ग्यास मात्र प्रयोग गर्ने गरेको देखिन्छ । खाना पकाउन विद्युत र एल.पी ग्यास प्रयोग गर्ने परिवारको प्रतिशत ३ रहेको छ ।

**तालिका न. १४ : खाना पकाउनको लागि प्रयोग गर्ने इन्धन**

| विवरण | एल.पी ग्यास र दाउरा | एल.पी ग्यास मात्र | दाउरा मात्र | विद्युत, दाउरा र एल पी ग्यास | एल.पी ग्यास र विद्युत |
|---|---|---|---|---|---|
| घरपरिवार | २३४ | २४८ | २७ | ६० | १५ |
| प्रतिशत | ४० | ४२ | ५ | १० | ३ |

*श्रोत : :* वडा सर्वेक्षण २०७५

**तालिका न.१५ : घरपरिवारमा भएका सुविधा सम्बन्धी विवरण**

| विवरण | | संख्या |
|---|---|---|
| घरपरिवारमा भएका सुविधा | टेलिभिजन | ५२७ |
| | कम्प्युटर | १०६ |
| | इन्टरनेट | १८६ |
| | टेलिफोन | ५६१ |
| | मोटरकार | ६३ |
| | मोटरसाइकल | १६७ |
| | फ्रिज | २३८ |

*श्रोत : :* वडा सर्वेक्षण २०७५

एक्काईसौं शताब्दीको भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ । सूचना र सञ्चारको क्षेत्रमा आएको क्रान्तिलाई नेपालको ग्रामीण क्षेत्रले लगभग आत्मसाथ गरिसकेको भएपनि ग्रामीण क्षेत्रमा टेलिभिजन, पत्रपत्रिका, ईन्टरनेट, टेलिफोन, मोबाइल र कुरियर सेवा विस्तार हुन बाँकी छ । सञ्चार र प्रविधिका यी माध्यमहरुको पूर्णरुपले विकास गरी ग्रामीण जनतालाई सूचना र सञ्चारको दुनियाँमा प्रवेश गराउनु चुनौतिपूर्ण रहेको छ । नेपालको संविधानले जनताको सूचनाको हकलाई मौलिक हकको रुपमा परिभाषित गरेको छ ।
वडा सर्वेक्षण २०७५ को गाउँपालिकामा साधन तथा सुविधाको उपलब्धताको तथ्याङ्क हेर्दा गाउँपालिकामा रहेका कुल घरपरिवारहरूमध्ये सबैभन्दा बढी उच्च टेलिफोन प्रयोगकर्ताको संख्या रहेको छ । दोस्रोमा टेलिभिजन सुविधा भएको परिवार रहेको देखिन्छ भने इन्टरनेट १८६ घरपरिवारमा रहेको देखिन्छ ।
तथ्याङ्कलाई हेर्दा सञ्चार क्षेत्रको मोबाइल फोन प्रयोगकर्ताहरू धेरै भएको अवस्था छ । मोबाइल प्रयोगकर्ताले सबैखाले सञ्चारका सुविधा जस्तै श्रव्य, दृष्य, सूचना, गीत, खबर आदान प्रदान लगायतका धेरै काम गर्न सहज हुने भएकोले टेलिभिजन, रेडियो प्रयोगकर्ताको संख्या पछिल्लो समयमा इन्टरनेट तथा मोबाइल फोनको प्रयोग बढ्दै जाँदा न्यून हुँदै जाने देखिन्छ । अर्को तर्फ कार/जीप, एर कन्डिसनर, हिटर बायो ग्याँस गिजर जस्ता उच्च सुविधाका सामाग्रीहरूको संख्या बढ्दो देखिन्छ । यद्यपि ग्रामीण इलाकाहरूमा समेत क्रमशः आधुनिक सुख सुविधाका सामग्रीहरूका प्रयोगकर्ताहरू बढ्नाले उपभोक्तावादी संस्कृतिको विकास भइरहेको देखिन्छ ।

### २.३.१० खानेपानी तथा सरसफाईको स्थिति

यस गाउँपालिकामा रहेका घरपरिवारहरूमध्ये घरभित्रको धारामार्फत ५२४ घरधुरीमा पानीको उपलव्धता पाइएको छ । सार्वजनिक धाराको पानी पिउने परिवारको संख्या २६ रहेका छन् ।

**तालिका न.१६ : खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण**

| विवरण | धारा घरभित्र | धारा सार्वजनिक |
|---|---|---|
| घरपरिवार | ५२४ | २६ |

*श्रोत :* वडा सर्वेक्षण २०७५

सभ्य समाजको निम्ति खुला ठाउँमा दिशा पिसाब गर्ने अभ्यास असभ्यताको प्रतीक हो । खुला क्षेत्रमा गरिने मलमुत्र विर्सजनले मानिसको शरीरमा खाना, पानी र श्वास प्रश्वास मार्फत किटाणुको प्रवेश हुन्छ । त्यस कारण प्रत्येक घरमा शौचालय निर्माण अनिवार्य आवश्यकता हो । मुस्ताङ जिल्ला खुल्ला दिशामुक्त जिल्ला घोषणा भएको जिल्ला हो ।

समयसँगै घरपझोङ गाउँपालिकामा बढ्दो पर्यटकीय अवस्था र चेतनाको हिसाबले पनि अबका केही वर्षमा सफा र सुरक्षित शौचालय प्रयोग गर्ने क्रम बढ्दै जाने विश्वास गर्न सकिन्छ । गाउँपालिकामा रहेका कुल घरपरिवारहरूमध्ये ३६ अर्थात ५ प्रतिशतले फ्लस भएको चर्पी, ५१४ अर्थात ७३ प्रतिशतले साधारण चर्पीको प्रयोग गरेको पाइयो ।

**तालिका न.१७ : परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण**

| विवरण | फ्लस भएको | साधारण | सुविधा थाहा नभएको |
|---|---|---|---|
| घरपरिवार | ३६ | ५१४ | १५४ |
| प्रतिशत | ५ | ७३ | २२ |

*श्रोत :* वडा सर्वेक्षण २०७५

## २.४ गाउँपालिकाको भौतिक संरचना तथा सेवाको स्थिति

### २.४.१ कृषिको स्थिति

आज उच्चतम विकास हाँसिल गरेका औद्योगिक राष्ट्रहरूको विकासको मेरुदण्ड कृषि नै रहेको इतिहासले देखाउँछ । युरोप, अमेरिका तथा एसियाली महाशक्ति राष्ट्रहरूको सम्पन्नताको आधार शीला समेत कृषि क्रान्तिमा आधारित भएको पाईन्छ । तसर्थ कृषि बाहेकका अन्य विकल्पहरू न्यून रहेको र कृषिमा पर्याप्त संभावना रहेको हाम्रो देशमा विकासका अन्य महत्वाकांक्षी योजना कार्यान्वयन गर्नु पूर्व खाद्यान्न, फलफूल तरकारीका साथै समग्र कृषि उपजहरूमा आत्मनिर्भर बनी निर्यात समेत वृद्धि गर्न कृषि क्षेत्रमा क्रान्ति नै गर्नुपर्ने पहिलो अनिवार्य आवश्यकता रहेको छ । उच्च प्रविधिहरू विकास भैसकेको आजको युगमा समेत हाम्रो निर्वाहमुखी परम्परागत खेति प्रणाली सिमित रहिरहनु एक प्रकारको विडम्बना नै छ । तसर्थ स्थानीय सरकारले संभाव्यता हेरी व्यवसायिक र वैज्ञानिक कृषिका लागि आवश्यक सम्पुर्ण कृषि पूर्वाधारहरूको विकास मार्फत कृषि उत्पादन र विकासमा क्रान्ति गर्नुपर्ने आवश्यकता रहेको छ । यस गाउँपालिकाको कुल जमिनमा कृषियोग्य जमिन १.५८ प्रतिशत रहेको देखिन्छ भने ३८.४९ प्रतिशत बाँझो जमिन रहेको देखिन्छ ।

#### खाद्यान्न बाली

गाउँपालिकाको ठूलो क्षेत्रफल हिमाली भूभागले भरिएको हुँदा कृषिका लागि उपयोगी क्षेत्र कम रहेको छ । सामान्यत: कृषि प्रणालीमा मुख्य अन्नबालीहरू मकै, उवा, जौं ,फापर आदि हुन् । यस्तै दलहन बालीमा केराउ उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी उत्पादन गरिन्छ भने तरकारी खेतीमा मूला, काउली, साग, आलु, लसुन ,सिमी, बन्दा लगायत हुन् । फलफुलमा स्याउ, खुर्पानी, आरु, कागती, ओखर, नस्पाती आदिको उत्पादन हुन्छ र यिनको उत्पादकत्व पनि बढी छ । गाउँपालिकामा सबैभन्दा ठूलो क्षेत्रमा खाद्यान्न र फलफुल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले सानो क्षेत्रमा तरकारी बाली लगाइने गरेको छ ।

#### २.४.१.१ खेती जन्य जमिनको विवरण र सिंचाईको सुविधा

जमिन खेति योग्य भएर मात्र हुँदैन त्यसमा सिँचाईको सुविधा अनिवार्य पुगेको हुन पर्दछ । खेतियोग्य जमिनमा खेतिपाती गरी पूर्ण सदुपयोग गर्न त्यसमा सिंचाईको सुविधा पुऱ्याउनु अनिवार्य हुन्छ । तसर्थ स्थानीय तहहरूले आफ्नो क्षेत्रमा रहेको खेतियोग्य जमिनको यथार्थ विवरण तयार पारी त्यसमध्ये सिंचाई पुगेको र नपुगेको जमिनको समेत सही तथ्याङ्क हुन पर्दछ । यस पश्चात सिँचाई नपुगेको जमिनमा एक वा अर्को प्रकारले सिँचाई पुऱ्याउन प्राथमिकता केन्द्रित गर्नु आवश्यक हुन्छ । यस गाउँपालिका अन्तर्गत संचालित सतही सिंचाईको अवस्था निम्नानुसार रहेको छ ।

**तालिका न.१८ : सिंचाईको श्रोतको विवरण**

| सिंचाई आयोजनाका नाम | वडा नं. | वर्तमान अवस्था |
|---|---|---|
| चिमाङ सिंचाई (कुलो नहर) | १ | २५ हेक्टर सिंचित क्षेत्र |
| लामाथाङ सिंचाई (कुलो नहर) | ३ | ४ हेक्टर सिंचित क्षेत्र |
| चिम्ले सिंचाई (कुलो नहर) | ५ | ७ हेक्टर सिंचित क्षेत्र |
| पुच्छरभोङ सिंचाई (कुलो नहर) | ४ | १.५ हेक्टर सिंचित क्षेत्र |
| ढुम्बा सिंचाई (कुलो नहर) | ५ | १५ हेक्टर सिंचित क्षेत्र |
| छैरो सिंचाई (कुलो नहर) | १ | ३४ हेक्टर सिंचित क्षेत्र |
| मार्फा सिंचाई (कुलो नहर) | २ | ५५ हेक्टर सिंचित क्षेत्र |
| सपि सिंचाई (कुलो नहर) | २ | ३२ हेक्टर सिंचित क्षेत्र |

| सिंचाई आयोजनाका नाम | वडा नं. | वर्तमान अवस्था |
|---|---|---|
| स्याङ सिंचाई (कुलो नहर) | ३ | ४२ हेक्टर सिंचित क्षेत्र |
| ठिनी जोमसोम सिंचाई (कुलो नहर) | ४, ५ | ७० हेक्टर सिंचित क्षेत्र |
| फ्याङ्थाङ, सम्ले, घोची सिंचाई (कुलो र पाइप) | ५ | ६० हेक्टर सिंचित क्षेत्र |
| धमाङ सिंचाई (पाइप) | २ | ३५ हेक्टर सिंचित क्षेत्र |

श्रोत: वडा कार्यालय

### २.४.१.२ बाँझो जमिनको विवरण

गाउँ घरमा कतिपय क्षेत्रहरू प्रयोगहीन अवस्थामा बाँझो रहेका हुन्छन् । सबै प्रकारका जमिनहरूको एक वा अर्को प्रकारले सदुपयोग गर्न सकिन्छ । जमिन आफैमा एक अमूल्य प्राकृतिक सम्पदा हो । खेति नहुने क्षेत्रमा डाले घाँस वा जडिबुटी लगाउन सकिन्छ भने उपयुक्त स्थानहरू भए खुल्ला क्षेत्र, मनोरञ्जन स्थल, पार्क वा बगैंचाको रुपमा समेत विकास गर्न सकिन्छ । खेति नहुने अवस्थामा आवास विकासका लागि समेत यस्तो जमिनको सदुपयोग गर्न सकिन्छ । यस गाउँपालिकाको कुल जमिनमा ३८.४९ प्रतिशत बाँझो जमिन रहेको देखिन्छ ।

### २.४.१.३ कृषि पकेट क्षेत्रको विवरण

नेपालमा भौगोलिक विविधिताका कारणले जलवायुमा ठूलो विविधता रहेको छ । माटोको बनावट समेत स्थान पिच्छे फरक-फरक रहेको छ । तसर्थ एक प्रकारको जलवायू र माटोमा हुने विरुवा अर्को प्रकारको जलवायु र माटोमा हुँदैन र अर्को भिन्न प्रकारको विरुवा हुने गर्दछ । यसैका कारण स्थान विशेष कृषि उपज पकेट क्षेत्र निर्धारण गरी त्यस्ता स्थानहरूका सघन रुपमा जलवायु उपयुक्त बाली नालीहरू लगाउने नीति नेपाल सरकारले लिएको छ । यस्ता पकेट क्षेत्रहरूले कुनै पनि स्थानको उपज विशेष पहिचान स्थापित गर्न समेत ठूलो सहयोग पुग्दछ । पकेट क्षेत्र भन्नाले राष्ट्रिय आवश्यकता र स्थानीय संभाव्यताका आधारमा तोकिएको बाली/वस्तुमा न्युनतम १० हेक्टर जमिनमा जिल्ला स्तरमा सञ्चालन गरेको साना व्यवसायिक उत्पादन केन्द्रलाई बुझिन्छ । यसको प्रमुख उद्देश्य पकेटमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुको साथै पकेट क्षेत्रमा मौषमी रोजगारी सिर्जना गर्नु हो । कृषि मन्त्रालयले स्थानीय संभाव्यताको आधारमा सडकको पहुँच, सिँचाईको उपलब्धता, विद्युतको उपलब्धता, तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको एउटै करीडोरमा रहेको कृषिबाली/व्यवसायिक उत्पादन क्षेत्रलाई कृषि पकेट क्षेत्र भनिन्छ । कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालयले परिवर्तित नेपालको संरचना अनुसार ७ प्रदेशमा संभावित व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) निर्धारण गरेको छ । हिमाल, पहाड, तराई र हिमाली जिल्लाहरूमा बालीको प्रकृति अनुसार सार्वजनिक/निजी साझेदारीमा पकेट क्षेत्र घोषणा भई रहेको छ । राष्ट्रिय स्तरमा कृषि क्षेत्रको विकास गर्न पकेट क्षेत्र अवधारणा अनुसार कृषि उत्पादन बढाउने लक्ष्य राखिएको छ । घरपझोङ गाउँपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस गाउँपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न जस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रशस्त संम्भावना देखिन्छ। यस गाउँपालिकामा रहेका पकेट क्षेत्रको विवरण निम्न अनुसार रहेको छ ।

**तालिका न.१९ : गाउँपालिकामा रहेको कृषि ब्लक क्षेत्रको विवरण**

| क्र.सं. | कृषि ब्लक क्षेत्र | ठेगाना |
|---|---|---|
| १ | शितोष्ण बागवानी ब्लक क्षेत्र (A,B,C) | वडा नं.२ |
| २ | शितोष्ण बागवानी ब्लक क्षेत्र ( D ) | वडा नं. १ |
| ३ | स्याउ पकेट | वडा नं.२, ३ |

### २.४.२ शैक्षिक स्थिति

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँपालिकामा आ.व. २०७४/७५ सम्म सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा गाउँपालिकामा पठन पाठनका लागि बालविकास केन्द्र ८, आधारभूत विद्यालयको सङ्ख्या ७ , माध्यमिक विद्यालयको संख्या ३ ,१ सामुदायिक सिकाई केन्द्र र १ बहुमुखि क्याम्पस गरी जम्मा १६ वटा शिक्षण संस्थाहरू रहेका छन् ।

**तालिका न.२०: गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरूको नामावली**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | छैरो आधारभूत विद्यालय | वडा नं. १ |
| २ | निलगिरी आधारभूत विद्यालय | वडा नं. १ |
| ३ | सरस्वती बोर्डिङ स्कुल (रेफयुजी क्याम्प) | वडा नं. १ |
| ४ | जनवाल मा.वि. | वडा नं. २ |
| ५ | जनकल्याण आधारभूत विद्यालय | वडा नं. ३ |
| ६ | नमुना आधारभूत विद्यालय | वडा नं. ३ |
| ७ | जनहित मा.वि. | वडा नं. ४ |
| ८ | धौलागिरी आवासीय बोर्डिङ स्कुल | वडा नं. ४ |
| ९ | तेज निराला जनहित बहुमुखी क्याम्पस | वडा नं. ४ |
| १० | ढुम्बा आधारभूत विद्यालय | वडा नं. ५ |
| ११ | मुक्ति नमुना आधारभूत विद्यालय | वडा नं. ५ |
| **क्र.सं.** | **बाल क्लबको नाम** | **ठेगाना** |
| १ | श्री मिलीजुली बाल क्लब | श्री जनवाल मा.वि |
| २ | श्री जनकल्याण बाल क्लब | जनकल्याण आधारभूत विद्यालय |
| ३ | श्री धौलागिरी बाल क्लब | धौलागिरी आवासीय बोर्डिङ स्कुल |
| ४ | श्री जनहित बाल क्लब | जनहित उच्च मा.वि. |
| ५ | श्री छुनुमुनु बाल क्लब | श्री मुक्ति नमुना आधारभूत विद्यालय |

### २.४.३ स्वास्थ्य सेवाको अवस्था

सामान्य स्वास्थ्य सुविधाको लागि गाउँलेहरूले स्थानीय स्वास्थ्य चौकीहरूको प्रयोग गर्ने गरेका छन् । यस गाउँपालिकामा जन समुदायहरूले चेतनाको क्रमिक विकाससँगै स्वास्थ्य, सरसफाई तथा समुदायको स्वस्थकर बानी व्यवहार अवलम्बन गर्दै गइरहेको देखिन्छ। गाउँपालिकामा १५ शैयाको जिल्ला अस्पताल रहेको र हाल यस अस्पतालको २५ शैयामा स्तरोन्नती भइरहेको छ । साथै गाउँपालिकामा २ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य केन्द्र र १ वटा गाउँघर क्लिनिक रहेका छन् । गाउँपालिकाको केन्द्र क्षेत्रका जनताहरूको पहुँच सहज देखिएता पनि बाँकी जनताको पहुँच केवल स्वास्थ्य चौकी सम्म रहेको छ जहाँ सबै स्वास्थ्य समस्याको समाधान संभव छैन । हेल्थ पोष्टहरूमा पर्याप्त स्वास्थ्यकर्मी र औषधीको उपलब्धता नहुँदा समस्या झेल्नुपर्ने बाध्यता छ । गाउँपालिकामा विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तसर्थ ग्रामीण स्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ ।

**तालिका न.२१ : गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाको विवरण**

| क्र.सं. | स्वास्थ्य संस्थाहरूको नाम, ठेगाना | उपलब्ध सेवाहरू |
|---|---|---|
| १ | आधारभूत स्वास्थ सेवा केन्द्र, वडा नं. १ | प्राथमिक उपचार |
| २ | मार्फा स्वास्थ्य चौकी, वडा नं. २ | प्राथमिक उपचार |
| ३ | आधारभूत स्वास्थ सेवा केन्द, वडा नं. ३ | प्राथमिक उपचार |
| ४ | जिल्ला अस्पताल, वडा नं. ४ | १५ बेड रहेको |
| ५ | जोमसोम स्वास्थ्य चौकी, वडा नं. ५ | प्राथमिक उपचार |

| क्र.सं. | स्वास्थ्य संस्थाहरूको नाम, ठेगाना | उपलब्ध सेवाहरू |
|---|---|---|
| ६ | गाउँघर क्लिनिक वडा नं. ५ | प्राथमिक उपचार |
| ७ | आयुर्वेद स्वास्थ्य केन्द्र, वडा नं. ४ | आयुर्वेद स्वास्थ्य सेवा |
| ८ | नागरिक आरोग्य सेवा केन्द्र, वडा नं. ३ | आयुर्वेद स्वास्थ्य सेवा |

*श्रोत: वडा सर्वेक्षण, २०७८*

### २.४.४ यातायातको अवस्था

कुनै पनि स्थानको भौतिक विकासको निम्ति यातायात सम्भवत प्रारम्भिक शर्त हो । सम्पूर्ण सुविधा सम्पन्न सडक यातायातको विकाससँगै समग्र विकासको ढोका खुल्दछ। स्थानीय तहको हकमा वडा केन्द्रहरूलाई गाउँपालिका केन्द्रसँग जोड्नु तथा गाउँपालिका केन्द्रलाई जिल्ला सडक हुँदै राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्नु आवश्यक हुन्छ । गाउँ बस्तीहरूमा कृषि सडकहरूको विकास र स्तरोन्नति मार्फत कृषि उत्पादनहरूको बजारी करण गरी जनताको आर्थिक अवस्थालाई मजबुत बनाउन सकिन्छ। सुविधा सम्पन्न सडक सञ्जाल मार्फत उद्योग तथा पर्यटन क्षेत्रको विकास गरी आर्थिक क्रान्ति संभव छ। यसको अलावा धार्मिक क्षेत्रहरूमा सडक सञ्जाल मार्फत पहुँच पुऱ्याएर आन्तिरक तथा बाह्य पर्यटकहरू आकर्षित गर्न सकिन्छ। राष्ट्रिय राजमार्ग प्रणाली, रणनैतिक सडक, जिल्ला सडक तथा स्थानीय सडक भौतिक तथा सार्वजनिक पूर्वाधारको आधार स्तम्भ अर्थात माध्यम हो।

रणनैतिक सडकको रुपमा रहेको कालीगण्डकी करीडोरको १४.७३ कि.मि. सडक यस गाउँपालिकाको मुख्य यातायातको आधार हो। नदीको वारीपारि रहेको सडक सञ्जालले गाउँपलिकाको यातायात सम्पर्क स्थापित गरेको छ। गाउँपालिकाका सडकहरू कच्ची भएको हुँदा बर्षायाममा सडक सञ्जालमा अवरोध आउने गरेको छ।

२०७२ को नयाँ संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको स्थानीय तह निर्धारण पश्चात विभिन्न गाउँ विकास समितिहरु मिलेर बनेको गाउँपालिका र यस अन्तर्गत रहने मुख्य सडक, पुल लगायत पूर्वाधारहरु गाउँपालिकाको क्षेत्र अधिकार भित्र पर्दछन्। यस गाउँपालिका भित्र रहेका रणनैतिक सडक कालीगण्डकी करीडरको खण्ड संघीय संघीय सरकारको मातहतमा छ भने अन्य सडक, पुल तथा पदमार्गहरु गाउँपालिका मातहतमा रहेका छन् । विभिन्न सडक तथा पुलहरुको विद्यमान विवरण निम्न तालिकामा उल्लेख गरिएका छन्।

**तालिका न.२२ : गाउँपालिकाको सडक सञ्जालको विद्यमान अवस्था**

| क्र.सं. | सडक सञ्जालको नाम | प्रकार | लम्बाई |
|---|---|---|---|
| १ | कालीगण्डकी आर.सि.सि पुल- कभर्ड हल - ठिनी खोलादेखी ठिनी गाउँ सडक | कच्ची | ८ कि.मि |
| २ | छैरो-चिमाङ सडक | कच्ची | ४ कि.मि |
| ३ | मार्फा गाउँ-घबाङ -आलुबारी सडक | कच्ची | ३५ कि.मि |
| ४ | मार्फा सपी सडक | कच्ची | २५ कि.मि |
| ५ | एकलभट्टी - पुल्चोक सडक | कच्ची | ५ कि.मि |
| ६ | ठिनी- कैसाङ सडक | कच्ची | १२ कि.मि. |
| ७ | छेकोङ -माथिल्लो स्याङ गाउँ सडक | कच्ची | ३ कि.मि |
| ८ | ठिनी- ढुम्बा-इकोग्रो सडक | कच्ची | ७ कि.मि |

| क.सं. | सडक सञ्जालको नाम | प्रकार | लम्बाई |
|---|---|---|---|
| ९ | सडक ठिनी-घोचितन सडक | कच्ची | १० कि.मि |
| १० | एकलभट्टी-धर्मशाला देखी झो.पु. सडक | कच्ची | २ कि.मि |
| ११ | धुंचे म्हाने देखी माथिल्लो स्याङ -स्याङ खोला सडक | कच्ची | २ कि.मि |
| १२. | बेनी-जोमसोम सडक (मार्फा सामग्री गाउँपालिका सिमानादेखि जोमसोम हुँदै खोलासम्म मुल सडक खण्ड ) | कच्ची | १४.७३ |

**तालिका न.२३ : गाउँपालिकाको पदमार्गको विद्यमान अवस्था**

| क.सं. | सडक सञ्जालको नाम (पदमार्ग ) | प्रकार | लम्बाई |
|---|---|---|---|
| १ | जोमसोम- जोमसोम भ्यू टावर | सिढी सहित भऱ्याङ | ४ कि.मि. |
| २ | चिमाङ याक खर्क | कच्ची | ३० कि.मि. |
| ३ | ठिनी-तिलिचो | कच्ची | ८० कि.मि. |
| ४ | जोमसोम-ठिनी-क्षमा ताल | कच्ची | ३५ कि.मि. |
| ५ | मार्फा-धवलागिरी बेस क्याम्प | कच्ची | ९५ कि.मि. |
| ६ | मार्फा-सपी धवलागिरी बेस क्याम्प | कच्ची | ८५ कि.मि. |

*श्रोत : वडा सर्वेक्षण २०७५*

**तालिका न.२४ : गाउँपालिकाको झोलुङ्गे पुलहरुको विद्यमान अवस्था**

| पुलहरुको नाम | लम्बाई (मि). | वडा |
|---|---|---|
| तिबेटन क्याम्प जाने पुल | ७४ | १,२ |
| छैरो चिमाङ जाने पुल | १०० | १,२ |
| स्याङ ढुम्बा कालीगण्डकी पुल | ४४ | ३,५ |
| स्याङ ढुम्बा कालीगण्डकी पुल | ११६ | ३,५ |
| जोमसोम पुल | ७१.८ | ४ |
| ल्याक्छे ( कैसाङ) | ५९.३ | ५ |
| पुथाङ्ग एयरपोर्ट | ११४ | ३,५ |
| घ्युन्क्यू खोला | ६७ | ५ |
| घट्टे खोला | ९९ | १ |
| मुऱ्घ्युङ खोला | ८९ | ५ |
| जोरे खोला | ३३ | ५ |

**तालिका न.२५ : गाउँपालिकाको कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्मको दुरीको विवरण**

| केन्द्र रहेको स्थान | वडा नं. | वडा नं. बस्ती | वडा केन्द्रसम्मको दुरी |
|---|---|---|---|
| जोमसोम | १ | छैरो | ११ कि.मि |
| | २ | मार्फा | ६ कि.मि |
| | ३ | स्याङ | ३ कि.मि |
| | ४ | जोमसोम | १०० मि |
| | ५ | ठिनी | ३ कि.मि |

*श्रोत : वडा सर्वेक्षण २०७५*

**तालिका न.२६ : गाउँपालिकाको टाढाको बस्तीदेखि सम्बन्धीत गाउँपालिकाको केन्द्रसम्मको दुरीको विवरण**

| केन्द्र रहेको स्थान | वडा नं. | वडा केन्द्रसम्मको दुरी |
|---|---|---|
| चिमाङ | १ | १४ कि.मि |
| छैरो | | १० कि.मि |
| मार्फा | २ | ६ कि.मि |
| सामाग्री | | ७ कि.मि |
| स्याङ | ३ | ३ कि.मि |
| पुथाङ्ग | | १ कि.मि |
| ठिनी | ५ | ३ कि.मि |
| सम्ले | | ४ कि.मि |
| ढुम्बा | | ५ कि.मि |

*श्रोत : वडा सर्वेक्षण २०७५*

गाउँपालिकाका वडा केन्द्रदेखि गाउँपालिकाको केन्द्र र टाढाको बस्तीदेखि वडा केन्द्रसम्मको दुरीले गाउँपालिकासँग जनताको पहुँचलाई निर्धारण गर्दछ । त्यसैले गाउँपालिका केन्द्र र वडा केन्द्र बीचको दुरी सबै वडा तथा टाढाको बस्तीहरू सापेक्ष हुनु जरुरी हुन्छ । स्थानीय संरचनामा जनताले आफ्नो वडा केन्द्र तथा गाउँपालिका केन्द्रबाट आवश्यक सेवा सजिलै ग्रहण गर्न सक्ने किसिमको हुनु पर्छ । जनताले सार्वजनिक सेवा ग्रहण गर्न वडा कार्यालय तथा गाउँपालिका कार्यालयको दुरी सेवा ग्राहीको सहज पहुँचमा आधारित हुनुपर्दछ । जसले गर्दा जनताले सेवा सुविधा प्राप्त गर्न कठिनाइ हुँदैन । त्यसको लागि सबै स्थानका जनताहरूलाई मध्यनजर गर्दै वडा कार्यालय तथा गाउँपालिका केन्द्र निर्धारण गर्नु उचित हुन्छ । यसर्थ टाढाको बस्तीबाट वडा केन्द्र कति दुरीमा पर्छ भन्ने कुरा महत्वपुर्ण हुन्छ ।

## २.५ गाउँपालिकाको सरसफाई सम्बन्धी व्यवस्था

गाउँपालिकाको वातावरणीय सरसफाई तथा पूर्वाधार विकासको वर्तमान अवस्थालाई हेर्दा यस गाउँपालिकामा वातावरण संरक्षण संवर्द्धन तथा प्रवर्धन लगायतका कार्यक्रमलाई सञ्चालन गर्ने गरिएको छ । यसै गरी वातावरणीय सचेतना अभियान, वृक्षारोपण, हरित पर्या-पर्यटन जस्ता कार्यहरु गरि वातावरण संरक्षणमा विशेष जोड दिइएको छ । साथै गाउँपालिकामा सामुदायिक वनको अवधारणालाई आत्मसाथ गरिएको, समय समयमा विभिन्न स्वास्थ्य तथा सरसफाईका कार्यक्रमको सञ्चालन गर्ने, जनचेतना फैलाउने, शौचालय निर्माणको लागि अनुदान उपलब्ध गराउने साथै घरायसी सफाई सम्वन्धि जनचेतनामुलक कार्यक्रम र विपन्न वर्गलाई वातावरणीय सफाईको लागि आवश्यक सहायता उपलब्ध गराउने, सरसफाईलाई जोड दिने गरी बेलाबखत विद्यालय स्तरीय कार्यक्रमको सञ्चालन, गाउँस्तरमा विविध चाडपर्व वा दिवसको उपलक्ष्य पारेर सञ्चालन गरिने क्रियाकलाप लगायतका कार्यक्रमहरुले निरन्तरता पाइरहेका छन् । साथै यस्ता कार्यहरुमा यस क्षेत्रका गैर-सरकारी संस्थाहरुको समेत सक्रिय योगदान रहेको छ । यस गाउँपालिकामा पाँच वटा सार्वजनिक शौचालयहरु रहेका छन् । सबै वडामा इन्सिनेरेटर रहेको तर राम्रो व्यवस्था नरहेको अवस्था छ ।

फोहोर मैला व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू :

- फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने ।

- नकुहिने फोहोरलाई पूनः विभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टिक, धातु, शिसा र आवश्यकता अनुसार पहिचान गरिसकेपछि पूनः प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने । यस गाउँपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको श्रोत छैन त्यहाँ बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने ।

### २.५.१ ढल निकासको अवस्था, ल्याण्डफिल साइटको अवस्था

बजार केन्द्र र एकीकृत बस्ती भएका ठाउँमा ढल निकासको राम्रो प्रबन्ध हुनु आवश्यक छ । ढल निकास पनि भौतिक विकासको एक महत्वपुर्ण पूर्वाधार हो । सडक निर्माणसँगै ढल निकासको व्यवस्थापन भएको खण्डमा सरकार पूर्वाधार विकासमा गरिने दोहोरो खर्चबाट बच्दछ । यसका अलावा मानव बस्तीबाट उत्सर्जित फोहरलाई मानव बस्तीभन्दा निश्चित टाढाको दुरीमा ल्याण्डफिल साईट बनाएर व्यवस्थापन गर्नुपर्दछ । फोहर रहित स्वच्छ र सफा वातावरण सभ्यताको परिचायक हो । गाउँपालिकामा पूर्ण र अपूर्ण रुपमा ढल निकासको व्यवस्थापन भएको छ । त्यसलाई आवश्यकता अनुसार पूर्ण रुप दिन र मर्मत संभार गर्न जरुरी देखिन्छ ।

# अध्याय तीन : दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

## ३.१ पृष्ठभूमि

संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह वीचको अन्तर सम्बन्ध सहकारीता, सह अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेर तीनै तहबीच समान सोच, लक्ष्य, उद्देश्य र रणनीति सहितको सहकारिताबाट मात्र राज्यले सोचेको समृद्धिको सपना पुरा हुने कुराको परिकल्पना गरेको छ । तसर्थ स्थानीय सरकारले निर्माण गर्ने योजना संघीय र प्रादेशिक योजनाको आधार स्तम्भमा तय गर्नुपर्ने हुन्छ । घरपझोङ गाउँपालिकाको हकमा पनि दिगो विकास लक्ष्य, संघीय सरकारको पन्ध्रौ पञ्च वर्षीय योजना, गण्डकी प्रदेशले अंगिकार गरेको प्रादेशिक योजना, अन्तरपालिका सम्वन्ध तथा गाउँपालिकाको वस्तुस्थिती र स्थानीय आवश्यकताका आधारमा योजना तर्जुमा गर्नु पर्ने देखिन्छ ।

सुखी र समृद्व घरपझोङ गाउँपालिका निर्माण गर्नका लागि तयार गरिएको यो पहिलो त्रिवर्षिय योजना हो । दीर्घकालिन उद्देश्य राखी आवधिक योजना बनाइन्छ । यसै योजनालाई आधार मानेर मध्यमकालिन खर्च संरचना र वार्षिक वजेट निर्माण गरिने हुँदा यसलाई त्रिवर्षिय मार्गदर्शनका रुपमा समेत लिन सकिन्छ । यसको निर्माण गर्दा नेपालको संविधान, दीगो विकासको लक्ष्य, राष्ट्रिय पन्ध्रौ आवधिक योजना, गण्डकी प्रदेशको प्रथम आवधिक योजना तथा घरपझोङ गाउंपालिकाको स्थानीय श्रोत साधन र सोचलाई समेत आधार मानिएको छ । वार्षिक रुपमा यस आवधिक योजनालाई अनुसरण गर्दै वजेट कार्यान्वयन गरेमा अपेक्षित उपलब्धि हाँसिल गर्न सकिन्छ । घरपझोङ गाउँपालिकाको आर्थिक विकासको आधार कृषि, पर्यटन, संस्कृति र वन रहेको हुँदा यसका लागि निजी तथा सहकारी क्षेत्रको विकास र सहकार्य गरी अगाडी वढ्नुपर्ने देखिन्छ ।

## ३.२ प्रस्तावित गाउँ विकास अवधारणा

### क्षेत्र विभाजन

घरपझोङ गाउँपालिकाको अवस्थिति, यसको छिमेकी गाउँपालिकासँगको सम्बन्ध, मुस्ताङ तथा अन्य जिल्लाबाट हुनसक्ने सहज आवगमनलाई दृष्टिगत गर्दै भविष्यमा हुनसक्ने वस्ती विकासलाई अनुमान र विश्लेषण गर्दा निम्न तीन किसिमका सडक तथा पदमार्गहरूको रणनैतिक महत्व देखिन्छ ।

क) **कालीगण्डकी करीडोरः** गण्डकी प्रदेशको ८ वटा विकास अक्षमध्ये महत्वपूर्ण विकास अक्षको रुपमा रहेको यस कालीगण्डकी करीडोर घरपझोङ गाउँपालिकामा १४.४७ कि.मि. रही दक्षिणमा थासाङ गाउँपालिकासँग र उत्तरमा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकासँग जोडेको छ । यस रणनैतिक सडकले घरपझोङ गाउँपालिकाको ३ वटा वडालाई छोएको छ, जुन सडक अहिले कालोपत्रे हुने क्रममा छ । तसर्थ यस रणनैतिक सडकको स्तरोन्नतिले यस गाउँपालिकाको विकास निर्धारण गरेको छ, जुन अत्यन्तै उपयोगी हुनुको साथै संवेदनशील पनि छ । संवेदनशील यस अर्थमा छ कि यो सडकले हरेक वर्ष बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपसँग सामना गर्नुपर्छ ।

ख) **स्थानीय सडकः** स्थानीय सडकमा गाउँपालिकाका विभिन्न भित्री तथा कृषि सडकहरुलाई समावेश गरेको छ । यी सडकहरुको चौडाइ कम्तिमा ६ मी हुन आवश्यक छ ।

ग) **पदमार्गः** यस गाउँपालिकामा प्राकृतिक दृष्टिकोणले विभिन्न रमणीय साथै साँस्कृतिक हिसाबले महत्वपूर्ण स्थलहरु रहेकाले दिगो पदमार्ग विकासको प्रस्ताव गरेको छ । ढुम्बा ताल, क्षमा ताल, निलगिरी आईस फल, घरपझोङ किल्ला, प्रा गुम्बा, छैरो छहरा, रानीवन आदि थुप्रै स्थलहरुमा पदमार्गको विकास गर्न सकिन्छ । यी पदमार्गहरुको चौडाइ घटीमा १.२-२.४ मि. हुन आवश्यक छ ।

घरपझोङ गाउँपालिकाको भू-आवरण, अग्रणी क्षेत्रको सम्भावनाहरु साथै माथि उल्लेखित तीन रणनैतिक महत्वका सडकहरूलाई दृष्टिगत गर्दै यस गाउँपालिकालाई ११ वटा क्षेत्रमा विभाजन गर्न उपयुक्त देखिन्छ । यी क्षेत्र गाउँपालिकाबाट हालै प्रस्तावित क्षेत्रसँग करिब मिल्दोजुल्दो देखिएकोले सहजताको लागि त्यही क्षेत्र नै भविष्यको भू उपयोग नीति र भवन निर्माण मापदण्ड नीति तर्जुमा गर्न प्रस्ताव गरिएको छ । उक्त क्षेत्र निम्न छन् :

| क्र.सं | क्षेत्र | वडा | कैफियत |
|---|---|---|---|
| १ | हिमाली क्षेत्र | सबै वडा | ४००० मि. भन्दा माथिको उचाइ |
| २ | चौरी चरन क्षेत्र | सबै वडा | ३०००-४५०० मि. उचाइसम्म |
| ३ | वन क्षेत्र | सबै वडा | १४.८८ प्रतिशत |
| ४ | कृषि क्षेत्र | सबै वडा | १.५८ प्रतिशत कृषियोग्य जमिन |
| ५ | प्रशासनिक क्षेत्र | ४ | जोमसोम |
| ६ | व्यवसायिक क्षेत्र | ३,४,५ | होटल, लज तथा व्यापारिक कारोबार |
| ७ | शैक्षिक क्षेत्र | ४ | तेज निराला जनहित बहुमुखी क्याम्पस |
| ८ | स्वास्थ्य क्षेत्र | ४ | जिल्ला अस्पताल |
| ९ | पर्यटकीय क्षेत्र | १, २, ५ | घरपझोङ किल्ला, ढुम्बा ताल, छैरो छहरा, ह्यारुझो भ्यू टावर, मार्फा गाउँ, प्रा गुम्बा |
| १० | एयरपोर्ट क्षेत्र | ३ | पुथाङ्ग |
| ११ | खेलकुद क्षेत्र | ४ | जोमसोम |




**१. हिमाली क्षेत्र:** यस गाउँपालिकामा पर्ने करिव ४००० मि. देखि ६८६५ मि. भन्दा सम्मको उचाईका भूभाग जसले गाउँपालिकाको भू-बनावटमध्ये १६९.३८ वर्ग कि.मि. (५३.४५ %) क्षेत्रफल ओगटेको छ । यस महत्वपूर्ण भू-भाग हिमाली क्षेत्रको निलगिरी हिमाल, निलगिरी आइसफल प्राकृतिक दृष्टिकोणले अत्यन्त रमणीय स्थल हो भने यस क्षेत्रबाट बहने थुप्रै खोलाहरुले यस गाउँपालिकाको महत्वपूर्ण प्राकृतिक सम्पदाको रुपमा रहेका छन् ।

**२. चरन क्षेत्र:** यस गाउँपालिकाको भू-आकृतिक स्वरुपमा चरन क्षेत्र अर्को महत्वपूर्ण भौगोलिक स्वरुप हो । समुन्द्र सतहको करिव ३००० मि. देखि ४५०० मि. सम्मको उचाईका भूभागलाई चरन क्षेत्र तोकिएको छ। गाउँपालिकाको कूल

क्षेत्रफलको ११७ वर्ग कि.मि. (३७ %) ओगटेको यस क्षेत्रमा यहाँ पाइने चौरी, च्याङ्ग्रा, याक जस्ता पशुहरुको चरन स्थलको रुपमा उपयोग हुँदै आएको छ । यस चरनलाई अझै व्यवस्थित गरी अत्यधिक लाभ लिन सक्ने क्षेत्रको रुपमा विकास गर्न सकिन्छ ।

**३. वन क्षेत्रः** गाउँपालिकाको कूल क्षेत्रफलको ४७.१६ वर्ग कि.मी. (१४.८८%) ओगटेको वन क्षेत्रमा विभिन्न महत्वपूर्ण जडीवुटी जस्तै अनुरकाँडा, चिरोइलो, लोठसल्ला, यार्चागुम्वा, पाँचऔले, निरमसी, सतुवा, चिची, तोरा, चुत्रो, कुट्की, कुठ, भोजा, जमानो, कुकुर्को वीख, हारा, सोमलता, चुल्ठे अमिलो, जटामसी, जिम्मु, कुरिलो, घोराङमार्चा, आदि जस्ता प्रशस्त वहुमूल्यवान र उपयोगी जडिवुटीहरु पाईन्छ । मुख्य वनस्पतीमा सल्लो, धुपी, वैंश, लोट सल्ला, भोजपत्र, लालीगुराँस, काँडेदार वुट्यान, घाँस, भोटे पिपल रहेका छन् । कस्तुरी, खरायो, घोरल, नाउर, हिउँचितुवा, चितुवा ,स्याल आदि गाउँपालिकामा पाइने मुख्य वन्य जन्तुहरु हुन् ।

**४. कृषि क्षेत्रः** गाउँपालिकाको कूल क्षेत्रफलको ५.०१ वर्ग कि.मि. (१.५८%) कृषि क्षेत्र रहेको छ । कृषि तथा पशुपालन जिविकोपार्जनको प्रमुख आधार रहेकोले कृषिलाई विविधिकरण, यान्त्रिकिकरण र व्यवसायिक बनाई कृषि उपज र आय वृद्धि गर्ने सम्भावना छ । मकै, फापर, जौ, उवा, स्याउ, आलु, ओखर, सिमी, गाँजर आदि तथा चौरी, च्याङ्ग्रा, भेडा, बंगुर, कालिज, कुखुरा आदि जस्ता कृषि तथा पशुपंक्षीको उत्पादन वृद्धि गरी आयआर्जन गर्न सक्ने सम्भावना छ ।

**५. प्रशासनिक क्षेत्रः** हाल गाउँपालिका कार्यालय वडा नं. ४ को जोमसोममा अवस्थित छ । अरु सरकारी कार्यालयहरु जस्तैः स्वास्थ्य, कृषि, शिक्षा आदि पनि यहीं वरपर नै रहेका छन् । गाउँपालिकाको नयाँ गाउँपालिका भवन निर्माण पनि जोमसोममा बन्दै गरेको र मुस्ताङ जिल्लाको सदरमुकामको समेत मुख्य कार्यालयहरु यसै क्षेत्रमा रहेकाले यस क्षेत्रलाई प्रशासनिक क्षेत्रको रुपमा लिइएको छ ।

**६. व्यवसायिक क्षेत्रः** यस गाउँपालिकाको कालीगण्डकी करिडोरको वरिपरि, विमानस्थल क्षेत्र तथा मुख्य मालसमान खरिद बिक्रीको व्यापारिक क्षेत्र रहेकाले वडा नं. ३, ४ र ५ लाई व्यवसायिक क्षेत्रको रुपमा विकास गर्न सकिन्छ । यस क्षेत्रमा होटल, लज, होमस्टे तथा अन्य व्यापारहरुको व्यवस्था रहेको र व्यवस्थित ढंगले सञ्चालन गरी दिगो विकास मार्फत समुन्नत गाउँपालिका निर्माणलाई प्राथमिकताका साथ अगाडी बढाउनुपर्छ ।

**७. शैक्षिक क्षेत्रः** यस गाउँपालिकाको एक मात्र क्याम्पस **तेज निराला जनहित बहुमुखी क्याम्पस**, वडा नं. ४ जोमसोममा रहेको छ । यसको अलावा अर्को दुई वटा विद्यालयहरुः धौलागिरी आवसिय बोर्डिङ स्कुल र जनहित मा.वि. पनि यँही वडामा रहेका छन् । यसलाई आधार मानेर वडा नं.४ को जोमसोमलाई शैक्षिक क्षेत्रको रुपमा विकास गर्न सकिन्छ ।

**८. स्वास्थ्य क्षेत्रः** यस गाउँपालिकाको वडा नं. ४ स्थित जोमसोमलाई स्वास्थ्य क्षेत्रको रुपमा लिइएको छ । जोमसोममा हाल १५ शैयाको जिल्ला अस्पताल रहेको र २५ शैयाको विशेषज्ञ चिकित्सक सहितको सुविधा सम्पन्न अस्पताल स्तरोन्नती भइरहेको छ ।

**९. पर्यटन क्षेत्रः** यस गाउँपालिकाको वडा नं. १, २, ४ र ५ लाई पर्यटन क्षेत्रको रुपमा लिइएको छ । वडा नं. १ मा पर्यटकका लागि प्राकृतिक दृष्टिकोणले मनमोहक एंव सुन्दर ठाउँहरु छैरो छहरा, चिमाङ गाउँ, एप्पल गार्डेन, रानीवन, बनस्पति उद्यान, ह्यारुझो भ्यू टावर रहेको, वडा नं. २ मा साँस्कृतिक महत्वको स्थलः प्रा गुम्बा, मार्फा गाउँ रहेको, त्यस्तै वडा नं. ५ मा आर्कषक प्राकृतिक पर्यटकीय स्थलहरु जस्तैः ढुम्बा ताल, क्षमा ताल, निलगिरी आईस फल, घरपझोङ किल्ला रहेकोले यी वडाहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक देखिन्छ । प्रस्तावित मिनी मुस्ताङ पार्क समेत यही क्षेत्रमा पर्दछ ।

**१०. एयरपोर्ट क्षेत्रः** यस गाउँपालिकाको वडा नं. ३ पुथाङ्गमा जोमसोम हवाईस्थल रहेकोले यस क्षेत्रलाई एयरपोर्ट क्षेत्रको रुपमा लिइएको छ । यस एयरपोर्टबाट पोखरासम्म आन्तरिक उडान हुने गर्दछ । मौसमी तथा भौगोलिक जटिलताको कारण पोखरासँगको हवाई यातायात अवरुद्ध भईरहने समस्यालाई व्यवस्थित गरेर यस क्षेत्रलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न आवश्यक छ ।

**११. खेलकुद क्षेत्रः** यस गाउँपालिकाको वडा नं. ४ जोमसोमलाई खेलकुद क्षेत्रको रुपमा लिइएको छ । यहाँ कभर्ड हल रहेको र खेलग्राम गाउँपालिका, प्रदेश र संघको संयुक्त लगानीमा निर्माण भईरहेको छ ।

## ३.३ समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

दीर्घकालिन सोच (Long Term Vision) गाँउपालिकाको दीर्घकालिन लक्ष्यको आदर्शात्मक अवस्था हो । सामान्यतया दीर्घकालिन सोचले वर्तमान अवस्था (Existing Stage) बाट भविष्यमा पुग्ने एउटा इच्छित अवस्था (Desired Stage) दर्शाउँछ । यस अवस्थामा निश्चित समयावधि किटान नभए पनि दीर्घकालिन प्रकृतिको हुन्छ र यस सोचले आदर्शवादी अवस्था झल्काउँछ । यस्तो आदर्शात्मक अवस्थातर्फ योजना उन्मुख भए मात्रै दीर्घकालिन सोचले परिकल्पना गरेको इच्छित अवस्थामा पुग्न सकिन्छ ।

दीर्घकालिन सोचले परिकल्पना गरेको इच्छित अवस्थामा पुग्न ५ वर्षको लागि तयार पारिएको एउटा आवधिक योजनाले मात्र सम्भव हुँदैन, तर प्रथम आवधिक योजनाले त्यस तर्फ अग्रसर हुनको लागि मार्ग निर्देशन भने अवश्य प्रदान गर्दछ किन कि आवधिक योजना एउटा मध्यम अवधिको योजना ( Medium Term Plan ) हो । अत : दीर्घकालिन सोच हाँसिल गर्न एक भन्दा बढी आवधिक योजनाहरू कार्यान्वयन हुनु नितान्त जरुरी हुन्छ । कति वर्ष भित्र उक्त सोच अथवा वाञ्चित अवस्था हाँसिल हुन्छ भन्ने कुरा धेरै हदसम्म गाँउपालिकाको विकास प्रतिको प्रतिबद्धता, साधन तथा श्रोतको प्रभावकारी परिचालन, उपयुक्त योजनाको तर्जुमा तथा कार्यान्वयन जस्ता कुराहरूमा निर्भर गर्दछ । दीर्घकालिन सोच प्राप्तिको लागि गाँउपालिका तथा यससँग आबद्ध भएका व्यक्ति तथा संस्थाहरू प्रयासरत रहनु पर्दछ र अघिल्ला आवधिक योजनाहरूको मूल्याङ्कनका आधारमा पछिल्ला आवधिक योजनाहरूमा के-कस्ता लक्ष्य, उद्देश्य, नीति तथा कार्यनीतिको अवलम्बन गर्दा अझ चाँडोभन्दा चाँडो इच्छित लक्ष्य प्राप्ति हुन्छ, त्यस तर्फ सदैव क्रियाशील रहनु पर्दछ ।

### ३.३.१ दीर्घकालीन सोच (दुर दृष्टि)

नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली" तथा गण्डकी प्रदेश सरकारको "समृद्ध प्रदेश सुखी नागरिक" को दीर्घकालीन सोचलाई दृष्टिगत गर्दै घरपझोङ गाउँपालिकाले दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति निम्न अनुसार निर्धारण गरेको छ ।

**"समावेशी, सामाजिक रुपान्तरण, प्रकृति संरक्षण र संस्कृति ;**
**कृषि, पर्यटन, पर्यावरण, पूर्वाधार घरपझोङको समृद्धि "**

**दीर्घकालीन सौंच कथनका पुष्ट्याईका आधारहरु :**

**कृषि :** घरपझोङ गाउँपालिकाका अधिकांश जनताहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि पेशामा संलग्न रहेको र कृषि क्षेत्रमा पनि स्याउ मुख्य बालीको रुपमा प्रख्यात रहेको छ । चौरी, याक तथा च्याङ्ग्राको व्यवसायिक पालन यस क्षेत्रको कृषकहरुको मुख्य पेशा हो । आलु, ओखर, सिमी, खुर्पानी लगायत बालीहरुको मुख्य उत्पादन रहेकाले यसलाई व्यवस्थित र प्रभावकारी वनाउन ,कृषि उत्पादन पकेट क्षेत्र र नमूना फार्म बनाई आवश्यक सेवा र सुविधाहरु प्रदान गरी उत्पादन र उत्पादकत्वमा बृद्धि मार्फत जनताको जीवनस्तरमा दिगो सुधार गरी गरीबि उन्मुलन गर्न सकिन्छ ।

**पर्यटन :** यस गाउँपालिकामा पर्यटनको प्रचुर सम्भावना भएको विभिन्न पर्यटकीय, ऐतिहाँसिक, धार्मिक तथा प्राकृतिक मनोरम स्थलहरुको पहिचान तथा संरक्षण ,प्रचार प्रसार र पूर्वाधार विकास गरी आर्थिक सम्वृद्धिमा टेवा पुऱ्याउन सक्ने देखिएकोले यसलाई दीर्घकालीन विकासको एउटा आधार मान्न सकिन्छ । यहाँको मौलिक पहिचान, हिमशृङ्खला लगायत प्राकृतिक सम्पदाको दिगो उपयोग, जैविक विविधता र अनुपम संस्कृतिमा आधारित गुणस्तरीय पर्यटकको आगमन र बसाइलाई प्रोत्साहन गर्न सकिन्छ ।

**पर्यावरण** : जनसहभागिताका माध्यमले जैविक विविधता, जलाधार संरक्षण, जमिनको संरक्षण ,वन्यजन्तु, वन, वनस्पति र जडीबुटीको दिगो व्यवस्थापन गरेर संरक्षण, सम्वर्द्धन गर्दै उत्पादनको व्यवसायीकरण, पर्या-पर्यटनको विकास तथा विस्तार गरी वातावरणीय सन्तुलनसहितको उत्पादकत्व वृद्धि गरी विकास गर्न सकिने सम्भावना रहेको छ ।

**पूर्वाधार :** पूर्वाधार आर्थिक विकासको सिंढी हो । यसले आर्थिक तथा सामाजिक विकासको प्रयासहरुमा पहुँच र सहजता वृद्धि गर्दछ । सडक, पुलपुलेसा, ऊर्जा, सिंचाई निर्माण आवास तथा सामुदायिक भवनहरुको निर्माणमार्फत विकास कार्यलाई सम्वृद्धितर्फ उन्मुख बनाउन सकिन्छ । घरपझोङ गाउँपालिकाको आवधिक योजनामा समावेश गरिएका

सन्तुलित, समावेसी र सहभागितामूलक भौतिक पूर्वाधार आयोजना तथा कार्यक्रमहरुको सफल कार्यान्वयनले सम्वृद्धिको आधार तयार गर्न सकिन्छ ।

**संस्कृति :** स्थानीय पहिचान दर्शाउने प्राचीन गुम्वा र त्यसभित्रको सभ्यता, प्रचार प्रसारमा नआएका अनुपम मौलिक कला, संस्कृति एवं रीतिरिवाजको संरक्षण, संवर्द्धन र विकास गर्न सकिन्छ ।

**सामाजिक समावेशी :** सबै तह र क्षेत्रका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिकरूपमा सशक्तीकरण गर्दै अधिकारको प्रत्याभूति सहित गुणस्तरीय जीवन र सहभागिता सुनिश्चित गर्न सकिन्छ ।

### ३.३.२ लक्ष्य

मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्दै दिगो पर्यटन, व्यावसायिक कृषि, सामाजिक आर्थिक र पूर्वाधार विकास गरी आय र रोजगारीका माध्यमबाट नागरिकको जीवनस्तरमा गुणात्मक वृद्धि गर्ने ।

### ३.३.३ उद्देश्य

१. कृषि, पर्यटन, उद्योग लगायत आर्थिक क्षेत्रको विकास गरी नागरिकको जीवनस्तर सुधार गर्नु,
२. शिक्षा, स्वास्थ्यको विकास लगायत समावेशी नीति अवलम्बन गरी मानव विकास गर्नु,
३. पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन साथै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकुलनका उपायहरुको अवलम्बन गर्नु ,
४. दिगो भौतिक पूर्वाधारको विकास गर्नु ,
५. गाउँपालिकाको वित्तीय साधन श्रोतको अभिवृद्धिका उपायहरु पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी बनाउनु ।

### ३.३.४ रणनीति

| |
|---|
| **उद्देश्य नं. १** कृषि, पर्यटन, उद्योग लगायत आर्थिक क्षेत्रको विकास गरी नागरिकको जीवनस्तर सुधार गर्नु । |
| **रणनीतिहरु** |
| **१.** स्थानीय वालीको उत्पादन तथा पशुपंछिपालनलाई व्यवसायिक तथा यान्त्रिकरणको माध्यमबाट तुलानात्मक तथा प्रतिष्पर्धात्मक लाभका आधारमा विकास गर्ने । |
| **२.** जैविक कृषि, उन्नत पर्यटन, व्यापार र उद्यममार्फत रोजगार र आय वृद्धि गर्ने । |
| **३.** सामाजिक पूजीका रुपमा रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दिगो तथा उच्चतम नीतिगत व्यवस्थाबाट आर्थिक विकास गर्ने । |
| **उद्देश्य नं. २** शिक्षा, स्वास्थ्यको विकास लगायत समावेशी नीति अवलम्बन गरी मानव विकास गर्नु । |
| **रणनीतिहरु** |
| १. गुणस्तरीय र व्यवसायिक शिक्षा तथा आधारभूत स्वास्थ्य सुविधामा गाउँपालिकाका सवै नागरिकको पहुँच विस्तार गर्ने, |
| २.वृद्ध वृद्धा, महिला, बालबालिका, अपाङ्ग, पिछडिएका वर्ग तथा सम्पूर्ण नागरिकले विभेदरहित तथा सम्मानजनक जिवन यापनको प्रत्याभूति गर्ने, |
| ३. युवा वर्गलाई दक्ष तथा प्रतिस्पर्धी बनाउन युवा लक्षित उद्यमशिलता उन्मुख कृयाकलाप सञ्चालन गर्ने |
| **उद्देश्य ३ :** पर्यावरणीय तथा जैविक विविधताको संरक्षण साथै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकुलनका उपायहरुको अवलम्बन गर्नु, |
| **रणनीतिहरु** |
| **१.** समुदायलाई वाताबरण संरक्षण, फोहरमैलाको व्यवस्थापन सम्बन्धि सचेतना अभिवृद्धि गरि सरसफाईको उचित व्यबस्थापन गर्ने । |
| **२** जलवायु परवर्तनको असर न्युनिकरंण र दैविप्रकोप व्यबस्थापनका लागि वडा स्तरमा नै सामुदायिक दैवीप्रकोप व्यवस्थापन गर्ने । |
| **उद्देश्य ४ :** दिगो भौतिक पूर्वाधारको विकास गर्नु । |

| |
|---|
| **रणनीतिहरु** |
| १. यातायात, ऊर्जा, आवास, सिंचाइ जस्ता भौतिक पूर्वाधारको विकास गर्ने । |
| २. पर्यटन पूर्वाधार विकास गर्ने । |
| **उद्देश्य ५ :** गाउँपालिकाको वित्तीय साधन श्रोतको अभिवृद्धिका उपायहरु पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी बनाउनु, |
| **रणनीतिहरु** |
| १. नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरि आन्तरिक राजश्वका क्षेत्रको खोजि गरि तिनको दिगो परिचालन गर्ने । |
| २. गाउँपालिकाको संस्थागत संरचना (राजनीतिक प्रतिनिधि, कर्मचारी प्रशासन, विषय विज्ञ तथा भौतिक पूर्वाधार) को वर्तमान अवस्थालाई अत्याधुनिक, स्मार्ट, उच्च मनोवल युक्त, सकारात्मक र परिणाममुखी वनाउन नीतिगत व्यवस्था गर्ने । |
| ३. युवा वर्गलाई दक्ष तथा प्रतिष्पर्धी बनाउन युवा लक्षित उद्यमशिलता उन्मुख कृयाकलाप सञ्चालन गर्ने । |

## ३.४ परिमाणात्मक लक्ष्य

| क स | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | गण्डकी प्रदेशको लक्ष्य | | गाउँपालिकाको लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष | आर्थिक वर्ष | आधार वर्ष | आर्थिक वर्ष | आधार वर्ष | आर्थिक बर्ष |
| | | | आ.व. ०७५/७६ | २०८०/८१ | आ.व. ०७५/७६ | २०८०/८१ | आ.व. ०७७/७८ | ०८०/८१ |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ९.६ | ७.१ | १०.२ | ७.१* | १०.२* |
| २ | कृषि क्षेत्रको योगदान | प्रतिशत | २७ | १९.४ | २८.२ | २३.७ | २८.५ | २० |
| ३ | गैर कृषि क्षेत्रको योगदान | प्रतिशत | ७३ | ८०.६ | ८१.८ | ७१.८ | ७१.५ | ८० |
| ४ | उत्पादन तथा सेवामा संलग्न प्रतिष्ठान | संख्या | - | - | - | - | २९६ | ३५० |
| ५ | प्रति व्यक्ति वार्षिक आय | अमेरिकी डलर | १०४७ | १५९५ | १०४३ | १९५६ | १२५० | १८५० |
| ६ | सम्पत्तिमा आधारित गिनी गुणक | गुणक | ०.३१ | ०.२९ | ०.३७ | ०.२६ | ०.३७* | ०.२६* |
| ७ | निरपेक्ष गरिबी | प्रतिशत | १८.७ | ११ | १४.९१ | ७.४ | १७ | १२ |
| ८ | मानव विकास सुचकाङ्क | सुचकाङ्क | ०.५७ | ०.६२ | ०.५९ | ०.६५ | ०.५९* | ०.६५* |
| ९ | कृषियोग्य भूमि | प्रतिशत | - | - | - | - | १.५८ | ३ |
| १० | सिंचाई सुविधा पुगेको क्षेत्र | प्रतिशत | - | - | - | - | ७५.९५ | १०० |
| ११ | अन्नबाली उत्पादकत्व | मे.टन/हे. | - | - | - | - | १.७७ | ३.५४ |
| १२ | नगदेबाली उत्पादकत्व | मे.टन/हे. | - | - | - | - | ३.६ | ७.२ |
| १३ | साक्षरता (१५ बर्ष माथि) | प्रतिशत | ५८ | ९० | ५५.६ | ९५ | ९८ | १०० |
| १४ | शिक्षक विद्यार्थी अनुपात | प्रतिशत | - | - | - | - | ५४ | १०० |
| १५ | बाल कुपोषण दर | प्रतिशत | २७ | १५ | २९ | १७.३ | ९.४१ | ५ |
| १६ | औषत आयु | बर्ष | ६९.७ | ७२ | ७१.७ | ७७ | ७१.७* | ७७* |
| १७ | खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ९४ | ९९ | ९१.१ | १०० | ९८ | १०० |
| १८ | विद्युत सेवामा पहुँच भएको जनसंख्या | संख्या | ९०.७ | ९९ | ८० | ९६ | ९८.६ | १०० |
| १९ | सडक | कि.मि | - | - | - | - | १२८ | १३८ |
| २० | पदमार्ग | कि.मि | - | - | - | - | ३२९ | ३६० |
| २१ | पुल संख्या (काठे/झोलुङ्गे/बेली/पक्की) | संख्या | - | - | - | - | १२ | २६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२ | ३० मिनेटको दूरीमा यातायातको पहुँच भएका घर परिवार | प्रतिशत | ७८.९ | ९५ | ८० | ९६ | ९० | १०० |
| २३ | कच्ची घरधुरी | प्रतिशत | - | - | - | - | ९३ | ५० |

## ३.५ गाउँपालिकाको समष्टिगत लक्ष्य

| सूचकहरु | इकाई | आधार वर्ष आ.व. ०७७/७८ | आर्थिक बर्ष: लक्ष्य परिणाम २०८०/८१ |
|---|---|---|---|
| **आर्थिक विकास** | | | |
| कुल क्षेत्रफल | हेक्टर | ३१६०० | - |
| खेतीयोग्य जमिन | हेक्टर | ३१६ | ३५० |
| खेती गरिएको जमिन | हेक्टर | २५१.२२ | ३०० |
| खेतीयोग्य बाँझो जमिन | हेक्टर | ६४.७८ | ० |
| सिंचित क्षेत्रफल | हेक्टर | ३८०.५ | ५०० |
| रियलस्टेटले ढाकेको सिंचित क्षेत्रफल | हेक्टर | ३४.७६ | – |
| **संस्थागत संरचना तथा मानव संसाधन विकास** | | | |
| गाउँपलिकाको वार्षिक आन्तरिक आय रकम ( हजारमा ) | रु. हजारमा | ५६३०४ | १००००० |
| संघीय सरकारबाट राजश्व बाँडफाँडबाट प्राप्त रकम | रु. हजारमा | ३५९०३ | ७०००० |
| प्रदेश सरकारबाट राजश्व बाँडफाँडबाट प्राप्त रकम | रु. हजारमा | २०६० | ४०००० |
| संघीय सरकारबाट समानीकरण बापत प्राप्त रकम | रु. हजारमा | ६७१०० | १००००० |
| प्रदेश सरकारबाट समानीकरण वापत प्राप्त रकम | रु. हजारमा | १२१२५ | २०००० |
| संघीय सरकार सर्शत अनुदान | रु. हजारमा | ११२०२७ | २००००० |
| गाउँपलिकाको कूल बार्षिक बजेट | हजारमा | ३४५५१९ | ६००००० |
| गाउँपलिकाको बार्षिक वास्तविक खर्च रकम | प्रतिशत | ८०–८५ | १०० |
| औषत वार्षिक बेरुजु रकम | रु. हजारमा | २६२०० | ० |
| **सामाजिक विकास** | | | |

| सूचकहरु | इकाई | आधार वर्ष आ.व. ०७७/७८ | आर्थिक बर्ष: लक्ष्य परिणाम २०८०/८१ |
|---|---|---|---|
| इन्टरनेट उपलब्ध विद्यालय | प्रतिशत | ८७.५ | १०० |
| पक्की भवन भएको विद्यालय | प्रतिशत | ७० | १०० |
| विद्युत पुगेको विद्यालय | प्रतिशत | १०० | |
| कम्प्युटर प्रयोग गर्ने शिक्षक | प्रतिशत | ७० | १०० |
| पुस्ताकलय भएका विद्यालय | प्रतिशत | ८० | १०० |
| शिक्षक विद्यार्थी अनुपात | प्रतिशत | ५३.८४ | १०० |
| विरामी पर्दा सर्वप्रथम चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | प्रतिशत | १०० | १०० |
| ३० मिनेट भित्र अस्पतालको पहुँचमा भएको जनसंख्या | संख्या | २१४० | ३१८४ |
| मातृ मृत्यु दर | प्रतिशत | ० | ० |
| २५०० ग्रामभन्दा कम जन्म तौल भएका शिशु | संख्या | ३० | ० |
| स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ४६ | १०० |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | १३ | १५ |
| सबै खोप लिएका बालबालिका | प्रतिशत | १०० | १०० |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० |
| **पूर्वाधार विकास** | | | |
| गाउँपलिकाालिका तथा वडा कार्यालय भवन | संख्या | ५ वडा कार्यालय | - |
| **सुशासन, ऐन नियम, कानुन, नीति तथा जवाफदेहिता** | | | |
| गाउँपालिकाले स्वस्कृत गरेका कानुन तथा नीति | | | |
| • ऐन | संख्या | ८ | १० |
| • नियम तथा विनियम | संख्या | १ | ३ |
| • निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ५ | ६ |
| क्रियाशिल नीतिगत समिति तथा संयन्त्र( ( विधायन, सुशासन, लेखा, राजश्व, योजना तथा बजेट तजुर्मा, अनुगमन आदि ) | संख्या | ५ | ५ |

### ३.६ आय प्रक्षेपण

तोकिएको समयसिमा भित्र समष्टिगत लक्ष्य, उद्देश्य र प्रतिफल प्राप्त गर्न घरपझोङ गाउँपालिकाले आफ्नो आन्तरिक राजश्व तथा आयका साथै संघ र प्रदेशबाट प्राप्त हुने अनुदानमा भर पर्नुपर्ने हुन्छ। गाउँपालिकाले आगामी तीन वर्षमा प्रक्षेपित राजश्वका आधारमा आवधिक योजनामा उल्लिखित प्रतिफल हाँसिल गर्न वार्षिक योजना र त्यसको कार्यान्वयनमा ध्यान दिनु पर्ने हुन्छ। त्यसका लागि गाउँपालिकाले आन्तरिक श्रोतको खोजि र त्यसको परिचालन गर्नु पनि त्यतिकै आवश्यक हुन्छ।

तालिकामा गाउँपालिकाको चालु आर्थिक वर्षको लागि विनियोजित बजेट र त्यसैको आधारमा आगामी ३ वर्षका लागि प्रक्षेपित राजश्व परिचालनको अवस्थालाई प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७८/७९ | ३३१२२७ | १६९२८५ | १६१९४२ | | ८६८० | ३०१४६१ | २१०८६ | |
| २०७९/८० | ३६४३५० | १७७१४९ | १८६६०० | | ९५४७ | ३२९८०२ | २५००० | |
| २०८०/८१ | ४००७८५ | १८६५९७ | २१४१८८ | | १०५०८ | ३६०२७६ | ३०००० | |

### ३.७ मध्यमकालीन प्रक्षेपण

| क्र.सं. | विवरण | गत आ.व.को यथार्थ (रु.हजारमा) | चालु आ.व.को संशोधित अनुमान( रु.हजारमा) | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ को अनुमान (रु.हजारमा) | २०७९/०८० को प्रक्षेपण (रु.हजारमा) | २०७९/०८० को प्रक्षेपण (रु.हजारमा) | तीन वर्षको कुल (रु.हजारमा) |
| १ | खर्च अनुमान | | | | | | |
| | चालु खर्च | ११५८२३ | १३२४२९ | १६९२८५ | १७७७४९ | १८६५९७ | ५३३६३१ |
| | पुँजीगत खर्च | १२१२०१ | १५३९४९ | १६१९४२ | १८६६०० | २१४१८८ | ५६२७३० |
| | वित्तीय व्यवस्था | | | | | | |
| | कुल | २३७०२४ | २८६३७८ | ३३१२२७ | ३६४३५० | ४००७८५ | १०९६३६१ |
| २ | आय अनुमान | | | | | | |
| २.१ | आन्तरिक आय | ६०३० | ७०३१ | ८६८० | ९५४७ | १०५०८ | २८७३५ |
| २.२ | राजश्व बाँडफाँटबाट प्राप्त रकम | | | | | | |
| | क.नेपाल सरकार | २२०१८६ | ३५९०३ | ३६१५६ | ३७०५० | ३७५५० | ११०७५६ |
| | ख.प्रदेश सरकार | ७९९ | २०६० | १४६० | २५२० | २०२० | ६००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.३ | नेपाल सरकार वित्तीय हस्तान्तरण | | | | | | |
| | क.वित्तीय समानीकरण अनुदान | ६७९०० | ६७१०० | ६९९०० | ७२७०० | ७५५०० | २१८१०० |
| | ख. सशर्त अनुदान | ९७०७० | | | | | |
| | ग.समपूरक अनुदान | ६०००० | | ४५०० | | | |
| | घ. विशेष अनुदान | | ४५००० | २१२०० | ३५००० | ४५००० | १०१२०० |
| २.४ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | | | | | | |
| | क.वित्तीय समानीकरण अनुदान | ११९३१ | १२१२५ | ६३२६ | १२५०० | १२५०० | ३१३२६ |
| | ख.सशर्त अनुदान | | | ५००० | ५००० | ५००० | १५००० |
| | ग.समपूरक अनुदान | १०००० | १०००० | १०००० | ५००० | ५००० | २०००० |
| | घ.विशेष अनुदान | | | ५००० | १०००० | १०००० | २५००० |
| २.५ | अन्य अनुदान | ३२१६६ | | | | | |

# अध्याय चारः आर्थिक विकास

नेपालको संविधानले स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिकालाई विशेष महत्व दिएको छ । आर्थिक विकासको माध्यमबाट नै गाउँवासीले आफनो जीवनस्तर सुधार गर्न सक्दछन् । स्थानीय जनताको आर्थिक समृद्धिका लागि गाउँपालिकाले गाउँवासीको चाहना, माग र प्राथमिकतालाई सम्बोधन गर्दै स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनुपर्ने हुन्छ । घरपझोङ गाउँपालिकाको अर्थतन्त्रको प्रमुख आधार पर्यटन, कृषि, होटल व्यवसाय, व्यापार, साना तथा घरेलु उद्योग लगायतका क्षेत्र हुन् । कृषिको लागि उपयुक्त उर्वर भूमिको कमी भएको पहाडी क्षेत्र भए पनि गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि, व्यवसाय तथा पर्यटनमा संलग्न रहेका छन् । गाउँपालिकाका सबै वडाहरुमा रणनीतिक तथा ग्रामीण सडक सञ्जालको पहुँच भएकाले आर्थिक गतिविधीका लागि सहज अवस्था छ ।

## ४.१ कृषि तथा पशुपालन

### ४.१.१ पृष्ठभूमि

केही वर्ष पहिलेसम्म ऊजाड लाग्दो यो गाउँपालिका हालको वृक्षारोपण तथा कृषि सचेतनाको कारणले केही हदसम्म प्रभावित देखिन्छ । विविध वातावरणीय, भौगोलिक साथसाथै माटोको उब्जाउपनको कमीको बावजुद पनि यस गाउँपालिकाका करिब ३० प्रतिशत जनसंख्या कृषिमा आबद्ध हुनुलाई अत्यन्त सकारात्मक रुपमा लिन सकिन्छ । गाउँपालिकामा प्रमुख रुपमा स्याउ खेतीले विशेष स्थान लिएको देखिन्छ भने आलु, उवा, फापर, ओखर, खुर्पानी आदीको उत्पादन पनि बिस्तारै वढ्दै गएको देखिन्छ । गाउँपालिकाको कुल जमिनको १.५८ प्रतिशत जमिनमा मात्र खेतीपाति हुने गरेको देखिन्छ तसर्थ सम्भावित कृषि क्षेत्रहरुको पहिचान गरी दक्ष कृषि प्राविधिक तथा आधुनिक कृषि प्रणालीतिर उन्मुख गराउन सके केही हदसम्म कृषिजन्य वस्तुहरुमा देखापरेको परनिर्भरता हटाउन सकिन्छ । गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा लुलु गाई, चौरी, भेंडा, बाखा, च्याङ्ग्रा र बंगुरका साथै मौरीपालन पनि रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ ।

### ४.१.२ समस्या

गाउँपालिकामा परम्परागत कृषि प्रणाली हुनु, कृषि सडक पर्याप्त नहुनु, बाली तथा पशुपंक्षी रोग लाग्ने समस्या हुनु, दक्ष मानव संसाधनको कमी हुनु, प्राविधिक जनशक्तिको न्यूनता, व्यवसायिक कृषिको लागि वित्तीय पहुँचको कमी, प्राविधिकबाट तालिमहरुको कमी हुनु, नगदे वाली उत्पादन साथै सम्पूर्ण कृषि उत्पादनलाई व्यवसायिकरण गर्न नसक्नु, कृषि फार्महरु प्रशस्त रहेको तर दर्ता नभएकोले व्यवसायिक रुपमा अगाडी बढ्न नसक्नु, जडिबुटी र ओखर खेतीको सम्भावना हुँदा हुँदै पनि आधुनिक कृषि प्रणालीको ज्ञान, श्रोत तथा साधनको कमी, बजार पहुँचको कमी जस्ता समस्याहरु देखिएका छन् ।

### ४.१.३ चुनौती तथा सम्भावना

#### चुनौती

यहाँको कृषि र पशुपालन मूलतः प्राकृतिक श्रोतमा आधारित रहेकोले यिनीहरुको दिगो उपयोग मार्फत कृषिमा व्यवसायिकरण र आधुनिकीकरण गर्न, कृषि बाली र पशुपालनमा वन्यजन्तु प्रकोप हुनु, कालीगण्डकी र अन्य खहरे खोलाहरुले खेतीयोग्य जमिनको कट्टान हुनु, वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा रहेको श्रम अभावलाई सम्बोधन गर्न, हिमाली क्षेत्र भएकोले हिउँदमा पानी जम्नु, न्युन उर्वरभूमि हुनु, तुसारो र हिमपात पर्ने चुनौतीहरु हुन् ।

#### अवसर

कृषि तथा पशुपंक्षी विकास स्थानीय सरकारको कार्यक्षेत्रमा पर्नु, राष्ट्रिय कृषि रणनीति कार्यान्वयनमा रहनु, स्वदेशी लगानीमै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुरुवात भई सुपरजोन, जोन, ब्लक तथा पकेट अनुसार यस प्रदेशमा पनि प्राथमिकता साथ कार्यान्वयन हुनु, प्रदेशले मासु तथा दुग्ध व्यवसाय, तरकारी, स्याउ, जस्ता उच्च मूल्य पर्ने कृषि उपज उत्पादनमा केन्द्रित हुने नीति लिनु, जलवायु परिवर्तन अनुकूलन हुने गरी कृषि प्रणालीको विकास गर्न मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँ स्थापना गर्ने कार्य प्राथमिकताका साथ अगाडी बढ्नु लगायत अवसरहरू छन्

। कृषकहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, यातायात तथा सिंचाई सुविधा बढ्दै जानु, पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बिमा र नयाँ प्रविधिहरूको उपयोग बढ्दै जानु, प्राङ्गारिक कृषि प्रणालीप्रति चासो बढ्दै जानु, प्रदेश सरकारले पर्यटन व्यवसायलाई कृषि उत्पादनसँग जोड्न प्रोत्साहन गर्नु, कालीगण्डकी करीडोरको स्तरोन्नती भए लगतै कृषि तथा पशुजन्य उत्पादनहरु बजारसम्म पुऱ्याउन अझ सजिलो हुनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

व्यवसायिक र आधुनिक कृषि तथा पशुपालन मार्फत समृद्ध गाउँपालिकाको निर्माण ।

**लक्ष्य**

योजनाबद्ध उत्पादन प्रणालीमार्फत उद्यमशीलता प्रवर्धन गर्दै आयआर्जन तथा रोजगारीमा गुणात्मक वृद्धि गर्ने ।

**उद्देश्य**

१. कृषि क्षेत्रलाई आधुनिक, आत्मनिर्भर, व्यवसायिक तथा रोजगारोन्मुख बनाउँदै कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आर्थिक समृद्धि हाँसिल गर्नु ।

२. कृषि उत्पादनको सुरक्षा तथा बजारलाई सुनिश्चित गर्नु ।

### ४.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ कृषि क्षेत्रलाई आधुनिक, आत्मनिर्भर, व्यवसायिक तथा रोजगारोन्मुख बनाउँदै कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आर्थिक समृद्धि हाँसिल गर्नु । | |
| १.१ कृषि क्षेत्रलाई व्यवसायमुलक बनाई रोजगारीका अवसरहरु सिर्जना गर्ने । | १.१.१ कृषि व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था गरिनेछ । |
| | १.१.२ विभिन्न वडालाई तरकारी फलफुल, तथा खाद्यान्न उत्पादनको पकेट क्षेत्रको रुपमा विकास गरिनेछ । |
| | १.१.३ कृषि उपज बेचबिखन केन्द्र स्थापना गरिनेछ । |
| | १.१.४ कृषि बिमा कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.२ कृषि योग्य भूमिको उच्चतम उपभोग गर्ने । | १.२.१ सम्भावना तथा उत्पादकत्वका आधारमा कृषि भूमि वर्गीकरण गरीनेछ । |
| | १.२.२ निजी तथा सरकारी कृषियोग्य भूमिलाई बाँझो नराख्ने नीति लिइनेछ । |
| | १.१.३ आवधिक रुपमा माटो परीक्षण, रोग परिक्षण, तथा शिविर सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ । |
| १.३ पशुपंक्षी पालनलाई आधुनिक तथा प्रतिष्पर्धात्मक बनाउने । | १.३.१ पशुपालन व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था गरिनेछ । |
| | १.३.२ पशुपालन व्यवसायमा युवा वर्गलाई आकर्षण गर्न सामुहिक अनुदानको व्यवस्था गरिनेछ । |
| | १.३.३ सम्भाव्यताका आधारमा व्यवस्थित चरन क्षेत्र निर्माण गरिनेछ । |
| | १.३.४ पशुपंक्षी विशेष उत्पादन क्षेत्र तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी उन्नत नश्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋणको प्राविधिक सेवा प्रदान गरिनेछ । |
| | १.३.५ पशु बिमा कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य २ कृषि उत्पादनको सुरक्षा तथा बजारलाई सुनिश्चित गर्ने । | |
| २.१ कृषि पूर्वाधार निर्माण गर्ने । | २.१.१ दुग्ध उत्पादन संकलन केन्द्र स्थापना गरिनेछ । |
| | २.१.२ कृषि उत्पादन संकलन केन्द्र स्थापना गरिनेछ । |
| | २.१.३ कृषि चिस्यान केन्द्र स्थापना गरिनेछ । |

### ४.१.६ कार्यक्रमको प्राथमिकता

१. कृषि उपजको बजारीकरण तथा व्यवसायिकरणमा सहयोग पुऱ्याउन कृषि उपज संकलन केन्द्र, बिक्री केन्द्र, बजार तथा चिस्यान केन्द्र स्थापना गर्ने ।

२. विभिन्न वडालाई तरकारी फलफुल, तथा खाद्यान्न उत्पादनको पकेट क्षेत्रको रुपमा विकास गर्ने ।

३. कृषकमैत्री नीति, ऐन र नियम, निर्देशिका, कार्यविधि तयार गर्ने ।

### ४.१.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | कृषि व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था | संख्या | ० | १ | | | १ | गा.पा. |
| २ | | | १.१.२ | ख | तरकारी, खाद्यान्न, तथा फलफुल पकेट क्षेत्र कार्यक्रम | संख्या | २ | १ | १ | १ | ५ | गा.पा. |
| ३ | | | १.१.३ | क | कृषि उपज बेचबिखन केन्द्र स्थापना | संख्या | ३ | १ | १ | १ | ६ | गा.पा. |
| ४ | | | १.१.४ | क | कृषि बिमा कार्यक्रम सञ्चालन | संख्या | | | १ | | १ | गा.पा. |
| ५ | | १.२ | १.२.१ | क | कृषि भूमि वर्गीकरण | पटक | ० | | १ | | १ | गा.पा. |
| ६ | | | १.२.२ | क | कृषियोग्य भूमिलाई बाँझो नराख्ने नीति | पटक | ० | | १ | | १ | गा.पा. |
| ७ | | | १.२.३ | क | माटो तथा रोग परिक्षण शिविर | पटक | ० | | १ | | १ | गा.पा. |
| ८ | | १.३ | १.३.१ | क | पशुपालन व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था | संख्या | ० | | १ | | १ | गा.पा. |
| ९ | | | १.३.२ | ख | पशुपालन व्यवसायमा युवा वर्गलाई आकर्षण गर्न सामुहिक अनुदानको व्यवस्था | समूह | ० | २ | २ | २ | ६ | गा.पा. |
| १० | | | १.३.३ | क | सम्भाव्यताका आधारमा व्यवस्थित चरन क्षेत्र निर्माण | संख्या | ० | | १ | | १ | गा.पा. |
| ११ | | | १.३.४ | क | आवश्यक पूर्वाधारको विकास गरी उन्नत नश्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋणको प्राविधिक सेवा प्रदान | संख्या | १ | | १ | १ | ३ | गा.पा. |
| १२ | | | १.३.५ | क | पशु बिमा कार्यक्रम सञ्चालन | संख्या | ० | ० | १ | ० | १ | गा.पा. |
| १३ | २ | २.१ | २.१.१ | क | दुग्ध चिस्यान केन्द | संख्या | ० | ० | | १ | १ | गा.पा. |
| १४ | | | २.१.२ | क | कृषि उत्पादन संकलन केन्द | संख्या | ३ | | १ | १ | ५ | गा.पा. |
| १५ | | | २.१.३ | क | कृषि चिस्यान केन्द्र स्थापना | संख्या | ० | | | १ | १ | गा.पा. |

### ४.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | आधुनिक, व्यवस्थित र व्यवसायिक कृषि को विकासबाट युवा वर्गको रोजगारको प्रमुख आकर्षणको रुपमा विकास भई खाद्य आत्मनिर्भरताको प्रत्याभूति भएको हुने | व्यवसायिक कृषि संलग्न घरधुरीमा वृद्धि | प्रतिशत | | २५ | २५ | ५० | १०० | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **असर १** | कृषि उत्पादकत्व वृद्धि भएको हुने | खाद्यान्न उत्पादन | मे.ट. | ३८० | ४०० | ४५० | ५०० | ५५० | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| | | नगदेबाली उत्पादन | मे.ट. | ३०९२ | ३५०० | ४००० | ४५०० | ५००० | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.१** | कृषि व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था भएको हुने | कृषकमैत्री नीति, निर्देशिका | संख्या | ० | | १ | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.२** | वडागत तरकारी,फलफुल, खाद्यान्नको पकेट क्षेत्रको रुपमा विकास भएको हुने | पकेट क्षेत्र | संख्या | २ | १ | १ | १ | ५ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.३** | कृषि उपज बेचबिखन केन्द्र स्थापना भएको हुने | बेचबिखन केन्द्र | संख्या | ३ | १ | १ | १ | ६ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.४** | कृषि बिमा कार्यक्रम सञ्चालन भएको हुने | बिमा कार्यक्रम | संख्या | ० | | १ | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.५** | कृषि भूमि वर्गीकरण भएको हुने | भूमि वर्गीकरण | संख्या | ० | | १ | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.६** | कृषियोग्य भूमिलाई बाँझो नराख्ने नीति अवलम्बन भएको हुने | कृषक मैत्री नीति, निर्देशिका | संख्या | ० | | १ | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्टयाईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.७** | आवधिक रुपमा माटो परीक्षण, रोग परिक्षण, तथा शिविर सञ्चालन गर्ने नीति अवलम्बन भएको हुने | नीति अवलम्बन | संख्या | ० | | १ | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.८** | पशुपालन नीति तर्जुमा भएको हुने | कृषक मैत्री नीति, निर्देशिका | संख्या | ० | | १ | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.९** | युवा लक्षित पशुपालन समुहलाई अनुदानको व्यवस्था मिलाइएको हुने | सकृय युवा पशुपालन समुह | संख्या | ० | २ | २ | २ | ६ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.१०** | चरन क्षेत्र निर्माण भएको हुने | चरन क्षेत्र निर्माण | संख्या | ० | | १ | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.११** | आवश्यक पूर्वाधारको विकास गरी उन्नत नश्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋृण, प्राविधिक सेवा प्रदान भएको हुने | सेवा | संख्या | १ | | १ | १ | ३ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.१२** | पशु बिमा कार्यक्रम सञ्चालन भएको हुने | बिमा कार्यक्रम | संख्या | ० | | १ | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **असर २** | कृषि उत्पादनको सुरक्षा तथा बजार सुनिश्चित भएको हुने | सुरक्षा तथा वजार सुनिश्चित | प्रतिशत | | ३० | ३० | २० | ८० | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल २.१** | दुग्ध चिस्यान केन्द्र स्थापना भएको हुने | संकलन केन्द | संख्या | ० | ० | | १ | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल २.२** | कृषि उत्पादन संकलन केन्द्र स्थापना भएको हुने | संकलन केन्द | संख्या | ३ | | १ | १ | ५ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल २.३** | कृषि चिस्यान केन्द्र स्थापना भएको हुने | चिस्यान केन्द | संख्या | ० | | | १ | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |

## ४.२ पर्यटन

### ४.२.१ पृष्ठभूमि

हिमाली जिल्ला मुस्ताङको सदरमुकाममा रहेको यस गाउँपालिका उच्च स्थानमा अवस्थित विशेष भौगोलिक बनावट तथा कला र संस्कृतिले एउटा महत्वपूर्ण गन्तव्यको रुपमा परिचित छ । थकाली खाना, भेषभूषा, खेलकुद, फागु पूर्णिमा, भदौमेला लगायत चाडपर्व यहाँका प्रसिद्ध संस्कृतिमा पर्दछन् । घरपझोङ किल्ला, ढुम्बा ताल, छैरो छहरा ,धवलागिरी भ्यू टावर, मार्फा गाउँ, प्रा गुम्बा, जोमसोम एयरपोर्ट आदि यँहाका विशेष पर्यटकीय गन्तव्यहरु हुन् । जोमसोमबाट करिब २० कि.मि.को दुरीमा पर्ने प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथ मन्दिर र थासाङमा रहेको गुरुसाङ्बो गुफामा आउने धर्मावलम्बीहरु तथा लोमान्थाङ र चीनको कोरोला नाकासम्म पुग्ने पर्यटक र व्यापारीहरुका लागि एक महत्वपूर्ण रणनैतिक नाकाको रुपमा समेत अवस्थित रहेको छ । यस गाउँपालिकाको बाटो भएर जाने गर्दछन् । पछिल्लो समयमा बिस्तारै वृद्धि हुँदै गएको होमस्टे संस्कारले पनि पर्यटन प्रवर्धनमा टेवा पुगेको छ ।

### ४.२.२ समस्या

पर्यटन व्यवसायको यथेष्ट संभावना हुँदा हुँदै पनि पर्यटन पूर्वाधारको विकास नहुनु, धार्मिक तथा ऐतिहासिक संरचनाहरु नाजुक अवस्थामा रहनु, होमस्टेको लागि आवश्यक ज्ञान तथा तालिमको अभाव हुनु, पर्यटन व्यवसायमा व्यवस्थापनको कमी हुनु, पदमार्गहरु व्यवस्थित नहुनु, नयाँ पुस्तामा परम्परागत कला, संस्कृति र भेषभूषाप्रति आर्कषण घट्दो क्रममा हुनु, पर्यटनको राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ४.२.३ चुनौती र अवसर

**चुनौती**

भौगोलिक विकटताले गर्दा पर्यटन पूर्वाधारको विकास गर्न, नयाँ पदमार्गहरु खोल्न, भएका पदमार्गहरुको मापदण्ड अनुसार स्तरोन्नति गर्न, सरोकारवाला संस्थाहरुको समन्वय गर्न, पर्यटकीय स्थलहरूमा सूचना, सञ्चार तथा प्रविधिको विकास गर्न, पर्यटनलाई स्थानीय आय आर्जन र रोजगारीसँग आबद्ध गर्न, स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्न, परम्परागत खानपान र जीवनशैलीको संरक्षण र प्रर्वद्धनमा स्थानीयको चासो घट्दै जानु, मौसमी तथा भौगोलिक जटिलताको कारण गण्डकी प्रदेशको सदरमुकाम पोखरासँगको हवाई तथा सडक यातायात अवरुद्ध भइरहनु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

जैविक विविधतामा धनी अन्नपूर्ण संरक्षण क्षेत्र रहनु, पर्यटकीय ऐतिहासिक, धार्मिक तथा प्राकृतिक मनोरमका क्षेत्रहरु प्रशस्त हुनु, संघीय र प्रदेश सरकारको सहयोग रहनु, पर्यटकको आकर्षणको रुपमा रहेको जोमसोमको मुक्तिनाथ क्षेत्र तथा चीन जोडिने पोखरा-कोरला सडकको स्तरोन्नतिको कार्य द्रुत गतिमा अगाडी बढ्नु, पर्यटन पूर्वाधार विकासमा तीनै तहका सरकारको जोड रहनु, साहसिक खेलहरु जस्तै जिपिङ्ग ,काली गण्डिकीमा राफ्टिङ्ग, प्याराग्लाईडिङ्ग, रक क्लाइम्बिङ, स्किङ, जंगल हाइकिङ, बर्ड वाचिङ र साइक्लिङको सम्भावना रहनु यस क्षेत्रका अवसरहरु हुन् ।

### ४.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

धार्मिक, साँस्कृतिक तथा पर्या-पर्यटनसहितको पूर्वाधार, दिगो पर्यटन विकासको आधार ।

**लक्ष्य**

दिगो पर्यटन विकासको माध्यमबाट जीवनस्तरमा गुणात्मक सुधार ल्याउने ।

**उद्देश्य**

१. पर्यटन विकासका लागि आधारभूत पूर्वाधार तयार पार्नु ।

२. पर्यटन विकासमार्फत् स्थानीयवासीको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु ।

### ४.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ पर्यटन विकासका लागि आधारभूत पूर्वाधार तयार पार्नु । | |
| १.१ आकर्षक पर्यटकीय गन्तव्यहरूमा पूर्वाधारको निर्माण तथा स्तरोन्नति गर्ने । | १.१.१ सडक, पुल, भवन लगायतका पूर्वाधारहरू निर्माण गर्दा स्थानीय संस्कृति र मौलिकता प्रवर्धन गर्ने वातावरण निर्माण गरिनेछ । |
| | १.१.२ प्राकृतिक, धार्मिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्यहरुको संरक्षण गरिनेछ । |
| १.२ गाउँपालिकालाई पर्यावरणीय तथा साँस्कृतिक पर्यटकीय केन्द्रको रुपमा योजनाबद्ध विकास गर्ने । | १.१.१ पर्यटकीय गुरुयोजना तयार गरी पर्यटन क्षेत्र विकास गरिनेछ । |
| | १.२.२ गाउँपालिकाका प्रमुख पर्यटकीय क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयार पारिनेछ । |
| | १.२.३ गाउँपालिकाको पर्यटन प्रवर्धन गर्न वृतचित्र तयार गरिनेछ । |
| उद्देश्य २ पर्यटन विकासमार्फत् स्थानीयवासीको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु । | |
| २.१ पर्यटकको संख्या तथा बसाई अवधि लम्ब्याउने वातावरणको निर्माण गर्ने । | २.१.१ एक गाउँ एक होमस्टे विकास गरिनेछ । |
| | २.१.२ पर्यटन पूर्वाधार (होटेल, रेष्टुराँ, पदमार्ग, पर्यटन सडक) को विकास गरिनेछ । |
| | २.१.३ पर्यटन प्रर्वद्धनको लागि साहसिक खेलहरु (र्‍याफ्टिङ्ग, बर्ड वाचिङ्ग, माउण्टेन साक्लिङ्ग, इको वक, स्कीयिङ्ग, जङ्गल हाइकिङ्ग, रक क्लाइम्बिङ्ग) विकास गरिनेछ । |

### ४.२.६ कार्यक्रमको प्राथमिकता

१. एक गाउँ एक होमस्टे विकास गर्ने ।

२. पर्यटकीय गुरुयोजना तयार गर्ने ।

३. पर्यटन पूर्वाधार (होटेल, रेष्टुराँ, पदमार्ग, पर्यटन सडक) को विकास गर्ने ।

### ४.२.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | स्थानीय संस्कृति र मौलिकता प्रवर्धन गर्ने | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा |
| २ | | | १.१.२ | क | प्राकृतिक, धार्मिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्यको संरक्षण गर्ने | संख्या | | २ | २ | २ | ६ | गा.पा |
| ३ | | | १.१.३ | क | पर्यटकीय गुरुयोजना तयार गर्ने | संख्या | ० | १ | | | १ | गा.पा |
| ४ | | १.२ | १.२.१ | क | गाउँपालिकाका पर्यटकीय सम्भावनाका क्षेत्रलाई समेटेर पर्यटन प्रवर्धन गर्न वृतचित्र तयार गर्ने | संख्या | ० | | १ | | १ | गा.पा |
| ५ | | | १.२.२ | ख | ढुम्बा ताल, घरपझोङ किल्ला ,कालिगण्डकी जलयात्रा लगायतका क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | संख्या | | १ | | | १ | गा.पा |
| ६ | २ | २.१ | २.१.१ | ख | एक गाउँ एक होमस्टे विकास गर्ने | संख्या | २ | १ | १ | १ | ५ | गा.पा. |
| ७ | | | २.१.२ | ख | पर्यटन पूर्वाधार (होटेल, रेष्टुराँ, पदमार्ग, पर्यटन सडक) को विकास गर्ने | संख्या | ० | १ | १ | १ | ३ | गा.पा. |
| ८ | | | २.१.३ | क | साहसिक खेलहरु (ऱ्याफ्टिङ्ग, बर्ड वाचिङ्ग, माउण्टेन साक्लिङ्ग, इको वक, स्कीयिङ्ग, जङ्गल हाइकिङ्ग, रक क्लाइम्बिङ्ग) विकास गर्ने | संख्या | ० | १ | १ | १ | ३ | गा.पा. |

## ४.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | धार्मिक, सांकृतिक, पर्यापर्यटन तथा कृषिपर्यटन स्थानीय अर्थतन्त्रको मेरुदण्डको रुपमा विकास भएको हुने | व्यवस्थित पर्यटकीय स्थान | संख्या | | २ | २ | २ | ६ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| | | व्यवस्थित होमस्टे र पर्यटकीय गाउँ | संख्या | ३ | १ | १ | १ | ६ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **असर १** | पर्यटन विकासका लागि आधारभूत पूर्वाधार तयार भएको हुने | पूर्वाधार निर्माण | प्रतिशत | | १० | २० | २० | ५० | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.१** | सडक, पुल, भवन लगायतका पूर्वाधारहरू निर्माण गर्दा स्थानीय संस्कृति र मौलिकता प्रवर्धन भएको हुने | संस्कृति र मौलिकता प्रवर्धन | संख्या | | १ | १ | १ | ३ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.२** | प्राकृतिक, धार्मिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्यको संरक्षण भएको हुने | संरक्षण | प्रतिशत | | | | | १०० | गा.पा. | गा.पा. | | | | |
| **प्रतिफल १.३** | पर्यटकिय गुरु योजना तयार भएको हुने | योजना | संख्या | | १ | | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | द्दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.४** | ढुम्बा ताल, घरपफ्फोङ किल्ला, कालिगण्डकी जलयात्रा लगायतका क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयार भएको हुने | योजना | संख्या | | १ | | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.५** | सम्भावनाका क्षेत्रलाई समेटेर पर्यटन प्रवर्धन गर्न वृतचित्र तयार भएको हुने | संस्कृति र मौलिकता प्रवर्धन | संख्या | ० | १ | | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.६** | होमस्टेहरु विकास भएको हुने | होमस्टे | संख्या | २ | १ | १ | १ | ५ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.७** | पर्यटन पूर्वाधार (होटेल, रेष्टुराँ, पदमार्ग, पर्यटन सडक) को विकास भएको हुने | पर्यटन पूर्वाधार | संख्या | | ३ | ३ | ३ | ९ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.८** | साहसिक खेलहरु ( र्‍याफ्टिङ्ग, बर्ड वाचिङ्ग, माउण्टेन साक्लिङ्ग, इको वक, स्कीयिङ्ग, जङ्गल हाइकिङ्ग, रक क्लाइम्बिङ्ग) विकासको लागि अध्ययन भएको हुने | अध्ययन | संख्या | ० | १ | | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |

## ४.३ सहकारी तथा वित्तीय क्षेत्र

### ४.३.१ पृष्ठभूमि

सहकारी तथा वित्तीय क्षेत्रले ग्रामीण अर्थतन्त्रमा वित्तीय परिचालन लगायत विविध सुविधा प्रदान गर्दै अर्थतन्त्रलाई सुदृढ गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ । सहकारी सञ्चालन गरेर आर्थिक गतिविधि मार्फत घरपझोङको समृद्धि हाँसिल गर्न सकिन्छ । घरपझोङ गाउँपालिकामा वाणिज्य बैंक, विकास बैंक, वित्तीय संस्था, लघु वित्त संस्था र सहकारी गरी १९ वटा संस्थाहरुले सेवा प्रवाह गरिरहेका छन् । यहाँ संचालित विभिन्न सहकारी संस्था मार्फत पुँजी संकलन गरी जनताको दैनिक खाचो टार्नको साथै साना तथा घरेलु उद्योग र व्यवसाय सञ्चालन गरी आय आर्जन गर्न सकिन्छ ।

### ४.३.२ समस्या

सहकारी संघ संस्थाहरु नियम संवत् स्थापना र सञ्चालन नहुनुले वित्तीय सुशासनको अवस्था सन्तोषजनक नहुनु, बैंक तथा वित्तीय संस्थामा विपन्न तथा पिछडिएका वर्गका घरपरिवारको पहुँच कमी हुनु तथा कारोवार समेत कम हुनु, सहकारी क्षेत्रको पुँजी अनुत्पादनशील क्षेत्रमा लगानी तथा परिचालन हुनु, सार्वजनिक र निजी व्यवसायसँग सहकारी क्षेत्रको सहकार्य नहुनु, लाभान्वित समूहहरू दोहोरिनु, ऋणको उपयोग व्यवसायिक कार्यमा कम हुनु, चर्को ब्याजदरमा ऋण प्रवाह हुनु आदि यसका समस्याहरु हुन् ।

### ४.३.३ चुनौती र अवसर

**चुनौती**

सहकारी तथा वित्तीय संस्थाको महत्व तथा उपयोगिता सम्वन्धमा जानकारी गराउनु, सार्वजनिक, निजी र सहकारी क्षेत्रको बीचमा सहकार्य बढाउनु, स्थानीय उद्यमशीलताको विकास गर्नु, सहकारी तथा वित्तीय संस्थालाई आय आर्जन तथा रोजगारीका अवसरसँग आवद्ध गर्नु, सहकारी तथा वित्तीय संस्थाहरुलाई उत्पादन क्षेत्र तर्फ उन्मुख गराउनु, सहकारीको व्यवसायिक क्षमता बढाउनु, ससाना वचत समूहहरुलाई सहकारीकरण गर्नु, बैंक तथा वित्तीय संस्थामा स्थानीयको पहुँच वढाउनु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

सहकारीहरु स्थानीय सरकारको क्षेत्राधिकारमा पर्नु, सहकारी तथा वित्तीय क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्न केन्द्रीय, प्रादेशिक र स्थानीय सरकार प्रतिबद्ध रहँदै नीतिहरू बन्नु, सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणालीबाट वितरणको नीति रहनु, वाली, पशुपंक्षी, स्वास्थ्य, यतायात लगायत विभिन्न किसिमका बिमा योजनाहरुसँग आबद्ध गराउने नीति रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

आर्थिक उपार्जन र रुपान्तरणका लागि सहकारी ।

**लक्ष्य**

सहकारी संस्थाहरुलाई व्यवस्थित गरी उत्पादन र रोजगारी सिर्जना गर्न प्रोत्साहन गर्ने ।

**उद्देश्य**

१. सहकारी क्षेत्रलाई व्यवस्थित रुपमा सञ्चालन गरी दिगो बनाउनु ।
२. सहकारी संस्थाहरुलाई विकासको साझेदारको रुपमा अगाडी बढाउनु ।

### ४.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ सहकारी क्षेत्रलाई व्यवस्थित रुपमा सञ्चालन गरी दिगो बनाउनु । | |
| १.१ सहकारी क्षेत्रमा सुशासन कायम गर्ने । | १.१.१ सहकारी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.२ सहकारी सम्बन्धी स्थानीय नीति, कानुन तथा मापदण्ड तर्जुमा गरिनेछ । |
| | १.१.३ सहकारी प्रशिक्षण, नियमन तथा अनुगमनको सूचना प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य २** सहकारी संस्थाहरुलाई विकासको साझेदारको रुपमा अगाडी बढाउनु । | |
| २.१ सहकारी संस्थालाई उत्पादनमुखी बनाउने । | २.१.१ एक घर एक सहकारी सदस्य नीति लागु गरिनेछ । |
| | २.१.२ एक सहकारी एक उत्पादन नीति अवलम्बन गरिनेछ । |
| | २.१.३ उत्पादनमा संलग्न सहकारी संस्थालाई अनुदानको व्यवस्था गरिनेछ । |
| | २.१.४ सहकारी संस्थाद्वारा उत्पादित वस्तुको बजारीकरणमा समन्वय र सहयोग गरिनेछ । |

### ४.३.६ कार्यक्रमको प्राथमिकता

१. सहकारी सम्बन्धी स्थानीय नीति, कानुन तथा मापदण्ड तर्जुमा गर्ने ।
२. एक सहकारी एक उत्पादन कार्यक्रम लागु गर्ने ।
३. उत्पादनमा संलग्न सहकारी संस्थालाई अनुदान प्रदान गर्ने ।

## ४.३.७ विस्तृत कार्यक्रम

| क्रस | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | | | १.१.१ | क | सहकारी सचेतना कार्यक्रम सञ्चालन | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| २ | १ | १.१ | १.१.२ | क | सहकारी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा | संख्या | ० | १ | | | १ | गा.पा. |
| ३ | | | १.१.३ | क | सहकारी प्रशिक्षण, नियमन तथा सूचना प्रणालीको स्थापना गरी कार्यान्वयन | संख्या | ० | १ | १ | १ | ३ | गा.पा. |
| ४ | | | २.१.१ | क | एक घर एक सहकारी सदस्य नीति | संख्या | ० | १ | | | १ | गा.पा. |
| ५ | | | २.१.२ | क | एक सहकारी एक उत्पादन नीति अवलम्बन | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |
| ६ | २ | २.१ | २.१.३ | क | उत्पादनमा संलग्न सहकारी संस्थालाई अनुदान | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| ७ | | | २.१.४ | क | सहकारी संस्थाद्वारा उत्पादित वस्तुको बजारीकरणमा गाउँपालिकाले समन्वय | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |

### ४.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| प्रभाव | स्थानीय, श्रम, सीप, पुँजी, प्रविधि, ज्ञान र बजारको अधिकतम परिचालन मार्फत् उत्पादन र उत्पादकत्वमा गुणस्तरीय वृद्धि भई आयातमा न्यूनीकरण भएको हुने | उत्पादन क्षेत्रमा सहकारीको लगानी | प्रतिशत | | | | | १०० | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| | | खाद्यान्नको उत्पादकत्वमा गुणस्तरीय वृद्धि | मे.ट. | ३८० | ४०० | ४५० | ५०० | ५५० | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| | | खाद्यवस्तुको आयात | मे.ट. | ३०९२ | ३५०० | ४००० | ४५०० | ५००० | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| असर १ | सहकारी क्षेत्रमा सुशासन कायम भएको हुने | सहकारीको अनुगमन नियमन | संख्या | | १ | १ | १ | ३ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| प्रतिफल १.१ | सहकारी साक्षारता र सचेतना कार्यक्रम सञ्चालन भएको हुने | सहकारी साक्षारता र सचेतना कार्यक्रम | संख्या | | १ | १ | १ | ३ | गा.पा. | गा.पा. | | | | |
| प्रतिफल १.२ | सहकारी सम्बन्धी स्थानीय नीति, कानुन तथा मापदण्डको तर्जुमा भएको | सहकारी सम्बन्धी स्थानीय नीति | संख्या | ० | १ | | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हुने | एवम् कानुनहरूको तयार | | | | | | | | | | | | |
| **प्रतिफल १.३** | सहकारी प्रशिक्षण, नियमन तथा सूचना प्रणालीको स्थापना भई कार्यान्वयन भएको हुने | प्रशिक्षण तथा सूचना केन्द्रका लागि सहकारी निर्देशनालय | संख्या | ० | १ | १ | १ | | गा.पा. | गा.पा. | | ४ | २ | ३ |
| **प्रतिफल १.४** | एक घर एक सहकारी सदस्य नीति लागु भएको हुने | नीति | संख्या | ० | १ | | | १ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.५** | एक सहकारी एक उत्पादनको नीति कार्यान्वयन भएको हुने | विशेष प्रोत्साहन पाएका उत्पादनमूलक सहकारी संस्थाहरू | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.६** | उत्पादनमा संलग्न सहकारी संस्थालाई अनुदानको व्यवस्था भएको हुने | सहकारी संस्थालाई अनुदान | संख्या | ० | १ | १ | १ | ३ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.७** | सहकारी संस्थाद्वारा उत्पादित वस्तुको बजारीकरणमा समन्वय र सहयोग भएको हुने | बजारीकरणमा समन्वय र सहयोग | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा | गा.पा | | ४ | २ | ३ |

## ४.४ उद्योग, व्यापार तथा व्यवसाय

### ४.४.१ पृष्ठभूमि

उद्योग व्यवसायको विकास गाउँपालिकाको समृद्धिको प्रमुख आधार हो । स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु तथा साना उद्योग, उद्यमशीलताको विकास र प्रवर्धन सम्वन्धि कार्य स्थानीय सरकारको अधिकार क्षेत्रमा राखेको छ । गाउँपालिकाको विकासलाई द्रुत गतिमा अगाडी वढाई रोजगारी सिर्जना गर्न तथा आर्थिक उन्नतीकोलागि पर्याप्त रुपमा उद्योग विकास तथा विस्तार कार्यक्रमहरु ल्याइनुपर्ने छ ।

२०१८, आर्थिक जनगणना अनुसार गाउँपालिकामा २९६ वटा उद्योग, व्यापार तथा व्यवसायीक प्रतिष्ठान जस्तै डिस्टिलरी, भेडा र च्याङग्राको मासु, उन, होटेल, लज, होमस्टे तथा रेष्टुरेण्ट, मेडिकल, खाद्यान्न, तेल, तरकारी, फलफूल, कुटानी पिसानी मिल, पानी घट्ट, मर्मत सेवा केन्द्र, कपडा, फेन्सी, इलेक्ट्रोनिक्स, लगायतका उद्योग तथा व्यवसायको बाहुल्यता रहेको छ । विशेष चाडपर्व लक्षित गरेर मुस्ताङको विभिन्न स्थान तथा तिब्बतबाट समेत च्याङ्ग्राको खरिद बिक्रि उल्लेख्य रुपमा हुने गर्दछ । यहाँ रहेको विभिन्न श्रोतहरुको उपयोग गरी डिष्टीलरी, मिल, निर्माण सेवा, फर्निचर, कृषि र जडिबुटीजन्य, मिनरल वाटर, ब्लक, भाँडा जस्ता उद्योगहरु स्थापना गर्न सकिन्छ । उद्योगहरूको विकास र दिगो व्यवस्थापनमार्फत् उत्पादन वृद्धि गरी गाउँपालिकाको आय तथा गाउँवासीको जीवनस्तर वृद्धि गर्न उद्योग तथा व्यापार क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ ।

### ४.४.२ समस्या

कृषि, वन तथा खनिज वस्तुमा आधारित साना तथा घरेलु उद्योगहरु प्रवर्धन नहुनु, गाउँमा उत्पादित वस्तुहरुको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन हुन नसक्नु, घरपझोङमा आवश्यक पर्ने विभिन्न पैदावार र सामाग्रीको बाहिरबाट आयत हुनु, स्थानीय कच्चा पदार्थमा आधारित उद्योग कल कारखानाको कमी, व्यवसाय सञ्चालनका लागि सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन नहुनु, सडक तथा हवाई यातायात सेवा अवरुद्ध भइरहने हुनाले  समयमा ढुवानी गर्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

### ४.४.३ चुनौती  र अवसर

**चुनौती**

रोजगारमूलक उद्योगहरूको स्थापना गर्न, व्यवसायिक सोचमा आकर्षित गर्न, गाउँमा उत्पादित कृषि, वन र खनिज पैदावारको प्रशोधन गरी विभिन्न उद्योगहरु सञ्चालन र प्रवर्धन गर्न, औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्न, श्रम नीति उद्योगमैत्री बनाउन, गाउँलाई आत्मनिर्भर बनाउन विभिन्न वस्तुको उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्न, स्थानीय व्यक्ति बाहेक अरुलाई व्यापार व्यवसायमा स्थापित गर्न आदि यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन् ।

**अवसर**

उद्योग स्थापनामा अनुदानका क्रियाकलापहरू सञ्चालनमा हुनु, जडिबुटीजन्य उद्योगको सम्भावना रहनु, हरेक गाउँपालिकामा औद्योगिक ग्राम स्थापना गर्ने केन्द्रीय नीति रहनु, गाउँपालिकाको लगानी मैत्री नीति हुनु, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास र विस्तार हुनु र शिक्षित एवम् सीपयुक्त जनशक्ति स्वदेशमै तयार हुँदै गएको कारणले उत्पादकत्व र उत्पादनमा वृद्धि हुन सक्ने सम्भावनाहरू विद्यमान हुनु आदि यस क्षेत्रका प्रमुख अवसरहरु हुन् ।

### ४.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

उद्योग र व्यवसायको प्रवर्धन, दिगो अर्थतन्त्र निर्माणको आधार ।

**लक्ष्य**

उद्यमशील विकास र प्रवर्धनको माध्यमबाट आय तथा रोजगारी वृद्धि गर्ने ।

**उद्देश्य**

१. दिगो उद्योग विकासको निमित्त नीतिगत व्यवस्थापन गर्नु ।

२. स्थानीय पहिचानयुक्त उद्यमको प्रवर्धन गरी रोजगारीको अवसर सिर्जना गर्नु ।

### ४.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १** दिगो उद्योग विकासको निमित्त नीतिगत व्यवस्थापन गर्नु । | |
| १.१ उद्योग विकासको निमित्त ऐन, कानुन, नीति निर्माण गरी कार्यान्वयन गर्ने । | १.१.१ उद्योग दर्ता पक्रियालाई सहजीकरण गरिनेछ । |
| | १.१.२ सार्वजनिक नीति साझेदारी मार्फत परियोजना सञ्चालन गर्नका लागि आवश्यक कानुनी वातावरण तयार गरिनेछ । |
| | १.१.३ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सञ्चालनमा प्रोत्साहित गर्न नीतिगत व्यवस्था गरिनेछ । |
| **उद्देश्य २** स्थानीय पहिचानयुक्त उद्यमको प्रवर्धन गरी रोजगारीको अवसर सिर्जना गर्नु । | |
| २.१ स्थानीय कच्चा पदार्थमा आधारित औद्योगिक उत्पादनमा जोड दिने । | २.१.१ व्यवस्थित पूर्वाधार र आधुनिक सुविधा सहितका औद्योगिक ग्रामको स्थापना गरिनेछ । |
| | २.१.२ घरेलु मदिरा उद्योगलाई आधुनिकीकरण गर्न आवश्यक तालिम तथा प्रविधिको व्यवस्था गरिनेछ । |
| | २.१.३ बहुमूल्य जडीबुटीबाट अधिकतम फाइदा लिन जडीबुटी प्रशोधन तथा जडीबुटीमा आधारित औषधीजन्य उत्पादन र निकासीमा विशेष जोड दिइनेछ । |
| | २.१.४ साना तथा घरेलु उद्योग सञ्चालनको लागि प्राविधक परामर्श तालिम र अनुदानको् व्यवस्था गरी वजारीकरणमा समन्वय गरिनेछ । |

### ४.४.६ कार्यक्रमको प्राथमिकता

१. व्यवस्थित पूर्वाधार र आधुनिक सुविधा सहितको औद्योगिक ग्रामको निर्माण गर्ने ।

२. साना तथा घरेलु उद्योग सञ्चालनको लागि प्राविधक परामर्श तालिम र अनुदानको व्यवस्था गर्ने ।

३. जडीबुटीमा आधारित औषधीजन्य उत्पादनमा विशेष जोड दिने ।

### ४.४.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | उद्योग दर्ता पक्रियालाई सहजीकरण | प्रतिशत | | | | | १०० | गा.पा. |
| २ | | | १.१.२ | ख | सार्वजनिक निजी साझेदारी सम्वन्धि नीति तर्जुमा | संख्या | ० | १ | | | १ | गा.पा. |
| ३ | | | १.१.३ | क | स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि नीति गत व्यवस्था | संख्या | | | १ | | १ | गा.पा. |
| ४ | २ | २.१ | २.१.१ | क | औद्योगिक ग्राम स्थापना | संख्या | ० | | १ | | १ | गा.पा. |
| ५ | | | २.१.२ | क | घरेलु मदिरा उद्योगलाई आधुनिकीकरण गर्न आवश्यक तालिम तथा प्रविधिको व्यवस्था | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| ६ | | | २.१.३ | क | जडीबुटी प्रशोधन तथा जडीबुटीमा आधारित औषधीजन्य उत्पादन | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| ७ | | | २.१.४ | क | साना तथा घरेलु उद्योग सञ्चालनको लागि प्राविधिक परामर्श तालिम र अनुदानको व्यवस्था गरी वजारीकरणमा समन्वय गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा. |

### ४.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगो संकेत | दिदिबहिनी संकेत | प्रसार संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | स्थानीय श्रोत, साधन एवं श्रम | २५ लाख सम्मका | संख्या | | २ | २ | २ | ६ | गा.पा. | गा.पा | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सीपमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन गरी स्वरोजगारका अवसर सृजना भएको हुने | उद्योग | | | | | | | | | | | | |
| | | २५ लाख देखि ५० लाख सम्मका | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **असर १** | ग्रामीण पहिचान युक्त औद्योगिक उत्पादनबाट स्थानीय स्तरमा रोजगारीको अवस्था सिर्जना गर्ने | रोजगारी | प्रतिशत | | | | | १०० | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.१** | उद्योग दर्ता पक्रिया सहजीकरण भएको हुने | सहजीकरण | प्रतिशत | | | | | १०० | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.२** | सार्वजनिक निजी साझेदारी सम्वन्धि नीति तर्जुमा भएको हुने | संख्या | संख्या | ० | | १ | | १ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.३** | स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना का लागि नीति | नीति | संख्या | ० | | १ | | १ | गा.पा | गा.पा | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत व्यवस्था भएको हुने | | | | | | | | | | | | | |
| **प्रतिफल १.४** | औद्योगिक ग्राम स्थापना भएको हुने | संख्या | संख्या | ० | | १ | | १ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.५** | घरेलु मदिरा उद्योगलाई आधुनिकीकरण गर्न आवश्यक तालिम तथा प्रविधिको व्यवस्था भएको हुने | तालिम तथा प्रविधि | संख्या | | २ | २ | २ | ६ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.६** | जडीबुटी प्रशोधन तथा जडीबुटीमा आधारित औषधीजन्य उत्पादन भएको हुने | जडीबुटी प्रशोधन केन्द्र | संख्या | | १ | | | १ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.७** | उद्योग सञ्चालनको लागि प्राविधिक परामर्श तालिम र अनुदान दिएको हुने | तालिम र अनुदान | संख्या | | २ | २ | २ | ६ | गा.पा | गा.पा | | ४ | २ | ३ |

# अध्याय पाँचः सामाजिक विकास

संघीय ढाँचामा रहेको नेपालको स्थानीय संरचनाले स्वायत्तताका साथै स्वशासनको माग गर्दछ । सामाजिक परिवेशको ज्ञाता स्वयम् सोहि समाजमा रहेका नागरिक हुन् । स्वयम् नागरिक सामाजिक क्षेत्रको विकासका योजनाका कर्ता र उपभोक्ता भै अभियानमा सरिक हुँदा समाज रुपान्तरण हुने निश्चित छ । गाउँपालिकाको विकास र समृद्धिमा शिक्षा, स्वास्थ्य, महिला विकास, युवा खेलकुद, श्रम तथा रोजगार जस्ता सामाजिक क्षेत्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

शिक्षा, स्वास्थ्य, रोजगारी र अन्य अवसरहरुको खोजीमा सक्षम र युवापुस्ता क्रमिक रुपमा स्वदेश तथा विदेश पलायन भइरहेका छन् । गुणस्तरीय जीवनस्तर कायम गर्न गाउँपालिकामै विविध सुविधा र सेवा प्रदान गर्न आवश्यक देखिन्छ । यस शिर्षकमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैङ्गिक तथा सामाजिक समावेशीकरण आदि क्षेत्रका सम्भावना तथा अवसर, उपयोगका नीति र समस्या, चुनौती तथा समाधानका उपायहरू देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## ५.१ शिक्षा

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षा सम्बन्धी आधारभूत तहसम्म अनिवार्य र माध्यामिक तहसम्म निशुल्क शिक्षा पाउने हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । शिक्षा बिना दिगो विकास र समृद्धि सम्भव छैन । शिक्षाको माध्यमबाट मानिसमा ज्ञान, वुद्धि, विवेक र अन्तरनिहित प्रतिभाको प्रष्फुटन हुन्छ । शिक्षा व्यवसायिक, व्यवहारिक, प्राविधिक र जीवनोपयोगी हुनु पर्दछ । गाउँपालिकामा हाल ८ वटा बाल विकास केन्द्र, ७ वटा आधारभूत तह, ३ वटा माध्यामिक विद्यालय र एउटा क्याम्पस रहेका छन् । विद्यालय जाने उमेर समूहका बालबालिकाहरु सतप्रतिशत विद्यालय बाहिर छैनन् । वडा सर्वेक्षण, २०७५ को आधारमा कुल जनसंख्यामध्ये ८८.९८ प्रतिशत साक्षर रहेका छन् । सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा घरपझोङ गाउँपालिका यस मुस्ताङ जिल्लाका अन्य गाउँपालिकाको तुलनामा केही अगाडी रहेको देखिन्छ ।

### ५.१.२ समस्या

केन्द्रीय नीति अनुसारको शिक्षक र विद्यार्थी संख्याको अनुपातको आधारमा विद्यालयको कक्षा सञ्चालनलाई यस गाउँपालिकाको भूगोल, परिवेश र आवश्यकता अनुसार लागू गर्न कठिनाई देखिनु, विद्यालयको श्रोत साधन व्यवस्थापनको पक्ष कमजोर हुँदा अनुदानमा मात्र भर पर्नु पर्ने अवस्थाले विद्यालयहरुको आर्थिक अवस्था कमजोर रहनु, शिक्षकहरु तालिम प्राप्त भएता पनि आधुनिक प्रविधिलाई अवलम्बन गरी शिक्षण गर्ने खालको जनशक्ति व्यवस्थापन गर्न नसक्नु जस्ता शिक्षा क्षेत्रका प्रमुख समस्या हुन् ।

### ५.१.३ चुनौती र अवसर

**चुनौती**

केन्द्रीकृत र एकिकृत विद्यालयको अवधारणलाई लागु गर्न, विषय शिक्षकको व्यवस्था गर्न, शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्न, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुऱ्याउन, अनुगमन पद्धतीलाई प्रभावकारी बनाउँदै कमजोर विद्यालय व्यवस्थापनलाई व्यवस्थित र सुदृढ गराउन जस्ता चुनौतीहरु छन् ।

**अवसर**

माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण जिम्मा स्थानीय सरकारलाई भएकाले प्रदेश र संघीय सरकारसँग समन्वय गरी शिक्षक दरबन्दी, पाठयपुस्तक, शैक्षिक सामाग्री, पाठ्यक्रम, पठनपाठन, भौतिक सुविधा, खेलकुद, पुस्तकालय, विद्यालय व्यवस्थापन, अनुगमन र निरीक्षणलाई प्रभावकारी ढंगले सञ्चालन गर्न, विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधारहरु रहेकाले सम्रग शिक्षा विकासको लागि शैक्षिक पूर्वाधारमा मात्र केन्द्रित भए पुग्ने देखिनु, निःशुल्क आधारभूत शिक्षाको लागि पहिलो पटक छुट्टै ऐनको निर्माण हुनु जस्ता अवसरहरु छन् ।

### ५.१.४ दीर्घकालीन सोच

**सोच**

व्यवहारिक र प्रविधिमैत्री गुणस्तरीय शिक्षा, समृद्ध घरपझोङको आधार ।

**लक्ष्य**

जीवनोपयोगी र गुणात्मक शिक्षाको माध्यमबाट शिक्षित, सुसंस्कृत तथा समुन्नत समाजको निर्माण गर्ने ।

**उद्देश्य**

१. उत्पादनमुखी, व्यवसायिक र प्रतिष्पर्धात्मक जनशक्ति उत्पादन गर्न शिक्षण संस्थाहरुको सवलीकरण तथा संरचनात्मक सुधार गर्नु ।

२ आधुनिक प्रविधिको प्रयोग गरी पठनपाठनलाई प्रभावकारी बनाउनु ।

### ५.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ उत्पादनमुखी, व्यवसायिक र प्रतिस्पर्धात्मक जनशक्ति उत्पादन गर्न शिक्षण संस्थाहरुको संरचनात्मक सुधार गर्नु । | |
| १.१ विद्यालय शिक्षालाई संरचनागत, व्यवसायिक तथा प्राविधिक शिक्षाको रुपमा विकास गर्न कानुन, नीति, कार्यविधि र मापदण्ड तय गरी लागू गर्ने । | १.१.१ सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि प्रभावकारी कानुनी व्यवस्था गरिनेछ । |
| | १.१.२ विद्यालय व्यवस्थापन समिति, निवार्चित जनप्रतिनिधि, शिक्षा समन्वय र सरोकारवालालाई विद्यालयमा नियमित निरीक्षण गरिनेछ । |
| | १.१.३ योग्यता, कार्य दक्षता र कार्य कुशलताको आधारमा शिक्षकको नियुक्ति गरिनेछ । |
| | १.१.४ आधारभूत र माध्यमिक विद्यालयहरु समायोजन गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.१.५ शैक्षिक प्रोफाइल बनाइनेछ । |
| १.२ गुणस्तरीय, जिवनोपयोगी तथा प्रभावकारी शिक्षामा बालबालिकाको पहुँच विस्तार गर्ने । | १.२.१ सामुदायिक विद्यालयमा भूकम्प प्रतिरोधी, अपाङ्ग, वाल तथा लैङ्गिकमैत्री पूर्वाधार निर्माण गरिनेछ । |
| | १.२.२ विद्यालयमा स्तरीय खेल मैदान निर्माण गरिनेछ । |
| | १.१.३ विद्यालयमा खानेपानीको आपूर्ती गरिनेछ । |
| | १.१.४ विद्यालयमा हटरुमको व्यवस्था गरिनेछ । |
| | १.१.५ गरिब तथा जेहेनदार विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गरिनेछ । |
| उद्देश्य २ आधुनिक प्रविधिको प्रयोग गरी पठनपाठनलाई प्रभावकारी बनाउनु । | |
| २.१ आधुनिक प्रविधिसँग अभ्यस्त तालिम प्राप्त जनशक्ति व्यवस्थापन गरी विद्यालयको पठनपाठनलाई प्रभावकारी बनाउने । | २.१.१ विद्यालयमा इन्टरनेटको व्यवस्था गरिनेछ । |
| | २.१.२ अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीको अन्तरनिहित प्रतिभाको विकास गरिनेछ । |
| | २.१.३ पाठ्यपुस्तक र पाठ्यसामग्री समयमा उपलब्ध गरिनेछ । |

### ५.१.६ कार्यक्रमको प्राथमिकता

१. आधारभूत र माध्यमिक विद्यालयहरु समायोजन गर्न सम्भाव्यता अध्ययन गर्ने ।

२. विद्यालयमा स्तरीय खेल मैदान निर्माण गर्ने ।

३. विद्यालयमा इन्टरनेट र हटरुमको व्यवस्था गर्ने ।

### ५.१.७ विस्तृत कार्यक्रम

| क्र.स. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | स्थापना, सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि प्रभावकारी कानुनी व्यवस्था गर्ने | संख्या | ० | १ | | | १ | गा.पा. |
| २ | | | १.१.२ | क | विद्यालय व्यवस्थापन समिति, निवार्चित जनप्रतिनिधि, शिक्षा समन्वय र सरोकारवालालाई विद्यालयमा नियमित निरीक्षण गर्ने | संख्या | ० | २ | २ | २ | ६ | गा.पा. |
| ३ | | | १.१.३ | क | योग्यता, कार्य दक्षता र कार्य कुशलताको आधारमा शिक्षकको नियुक्ति गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| ४ | | | १.१.४ | ख | आधारभूत र माध्यमिक विद्यालयहरु समायोजन गर्न सम्भाव्यता अध्ययन गर्ने | संख्या | ० | | १ | | १ | गा.पा. |
| ५ | | | १.१.५ | क | शैक्षिक प्रोफाइल बनाउने | संख्या | ० | १ | १ | १ | ३ | गा.पा. |
| ६ | | १.२ | १.२.१ | ख | सामुदायिक विद्यालयमा भूकम्प प्रतिरोधी, अपाङ्ग, वाल तथा लैङ्गिकमैत्री पूर्वाधार निर्माण गर्ने | संख्या | | १ | | | १ | गा.पा. |
| ७ | | | १.२.२ | ख | खेल मैदान निर्माण गर्ने | संख्या | ५ | १ | १ | १ | ३ | गा.पा. |
| ८ | | | १.२.३ | क | विद्यालयमा खानेपानीको आपूर्ती गर्ने | प्रतिशत | | | | | १०० | गा.पा. |
| ९ | | | १.२.४ | ख | विद्यालयमा हटरुमको व्यवस्था गर्ने | संख्या | ० | २ | २ | २ | ६ | गा.पा. |
| १० | | | १.२.५ | क | गरिब तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृति प्रदान गर्ने | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | २ | २.१ | २.१.१ | क | विद्यालयमा इन्टरनेटको व्यवस्था गर्ने | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |
| १२ | | | २.१.२ | क | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| १३ | | | २.१.३ | क | पाठ्यपुस्तक र पाठ्यसामग्री समयमा उपलब्ध गर्ने | प्रतिशत | | | १ | १ | १०० | गा.पा. |

## ५.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | वजारको माग र आवश्यकतालाई धान्न सक्ने दक्ष जनशक्ति उत्पादन भएको हुने | दक्ष र व्यवसायिक विद्यार्थी उत्पादन गर्ने विद्यालय | संख्या | | | | | सबै विद्यालय | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **असर १** | उत्पादनमुखी, व्यवसायिक र प्रतिष्पर्धात्मक जनशक्ति उत्पादन गर्न शिक्षण संस्थाहरुको संरचनात्मक सुधार भएको हुने | संरचनात्मक सुधार भएका विद्यालय | संख्या | १० | | | | १० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.१** | स्थापना, सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि प्रभावकारी कानुनी व्यवस्था भएको हुने | कानुनी व्यवस्था | संख्या | ० | १ | | | १ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.२** | विद्यालय व्यवस्थापन समिति, निवार्चित जनप्रतिनिधि, शिक्षा समन्वय र सरोकारवालालाई विद्यालयमा नियमित निरीक्षण भएको हुने | निरीक्षण | संख्या | ० | २ | २ | २ | ६ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिको जम्मा उपलब्धि | पुष्टयाईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.३ | योग्यता, कार्य दक्षता र कार्य कुशलताको आधारमा शिक्षकको नियुक्ति भएको हुने | दक्ष शिक्षक | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा. | | २ | ४ | ६ |
| प्रतिफल १.४ | आधारभूत र माध्यमिक विद्यालयहरु समायोजन गर्न सम्भाव्यता अध्ययन भएको हुने | सम्भाव्यता अध्ययन | संख्या | ० | | १ | | १ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| प्रतिफल १.५ | शैक्षिक प्रोफाइल बनेको हुने | शैक्षिक प्रोफाइल | संख्या | ० | १ | | | १ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| प्रतिफल १.६ | सामुदायिक विद्यालयमा भूकम्प प्रतिरोधी, अपाङ्ग, वाल तथा लैङ्गिकमैत्री पूर्वाधार निर्माण भएको हुने | पूर्वाधार | प्रतिशत | ० | ३० | ३० | ४० | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| प्रतिफल १.७ | विद्यालयमा स्तरीय खेल मैदान निर्माण भएको हुने | विद्यालय | संख्या | | १ | १ | १ | ३ | गा.पा. | गाा.पा. | | २ | ४ | ६ |
| प्रतिफल १.८ | विद्यालयमा खानेपानीको आपूर्ती भएको हुने | खानेपानी | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| प्रतिफल १.९ | विद्यालयमा हटरुमको व्यवस्था भएको हुने | हटरुम | संख्या | ० | २ | २ | २ | ६ | गा.पा | गा.पा | | २ | ४ | ६ |
| प्रतिफल १.१० | गरिब तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृति प्रदान भएको हुने | छात्रवृति | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा | गा.पा | | २ | ४ | ६ |
| प्रतिफल १.११ | विद्यालयमा इन्टरनेटको व्यवस्था भएको हुने | इन्टरनेट | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |

## ५.२ स्वास्थ्य

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले निशुल्क आधारभूत स्वास्थ्यको साथै आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई पनि बञ्चित नगरिने र स्वास्थ्य सेवामा समान पहुँच पुऱ्याउने भनी प्रत्याभुत गरेको छ । गाउँपालिकाको सबै वडाहरुमा स्वास्थ्य चौकी रहेको र प्राथमिक उपचारको लागि यहाँका स्थानीयवासीहरु स्वास्थ्य संस्था मार्फत सेवा लिने गरेको पाइन्छ । गाउँपालिकामा हाल १ वटा जिल्ला अस्पताल, २ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य केन्द्र र १ वटा गाउँघर क्लिनिक रहेका छन् । गाउँपालिकाको विभिन्न वडाहरूमा स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्दहरुले प्राथमिक सेवा तथा सुरक्षित मातृत्व सेवा प्रदान गरिरहेका छन् । यस गाउँपालिकाका जनसमुदायहरूको बीचमा चेतनाको क्रमिक विकास भएसँगै स्वास्थ्य, सरसफाई तथा समुदायको स्वस्थकर बानी व्यवहार अवलम्बन गर्दै गइरहेको देखिन्छ। यहाँ १५ शैयाको जिल्ला अस्पतालबाट घरपझोङ लगायत मुस्ताङ जिल्लाका अन्य गाउँपालिकावासीलाई समेत स्वास्थ्य सेवा प्रदान गरिरहेको छ र हाल यस अस्पतालको २५ शैयामा स्तरोन्नती भइरहेको छ ।

### ५.२.२ समस्या

स्वास्थ्य चौकीको सेवा अप्रयाप्तता, निशुल्क औषधी, स्वास्थ्य प्रयोगशाला, विशेषज्ञ चिकित्सक सेवा र स्वास्थ्य औजारको अभाव, आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरूको नियमितता नहुनु, कुपोषणको समस्या हुनु, एम्बुलेन्सको सहज पहुँच नहुनु, सबै गाउँमा स्वास्थ्य सेवाको पहुँच नपुग्नु, पोषण सम्बन्धी प्रयाप्त जानकारी नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ५.२.३ चुनौती र अवसर

**चुनौती**

गाउँपालिकामा प्रयोगशाला सहितको सुविधा सम्पन्न अस्पताल सञ्चालन गर्न, निःशुल्क आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवालाई सबै वडाबाट सर्वसुलभ रुपमा उपलब्ध गराउन, संविधानमा व्यवस्था गरेको संघीय स्वरुप भौगोलिक एवम् जनसङ्ख्याको अनुपात अनुरुप स्वास्थ्य संस्थाहरुको न्यायोचित वितरण गर्न, भइरहेका स्वास्थ्य चौकीमा प्रयोगशाला, निशुल्क औषधी र चिकित्सक सेवा उपलब्ध गराई स्तरोन्नती गर्न,  विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मीलाई सेवा सुविधा पुऱ्याएर आकर्षित गर्न, विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त गर्न टाढा जानु पर्ने बाध्यता हुनु जस्ता चुनौतीहरु छन् ।

**अवसर**

गण्डकी प्रदेशको नीति तथा कार्यक्रम अन्तर्गत २५ शैयाको सुविधा सम्पन्न अस्पतालको स्थापना भइरहेको, संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवासम्बन्धी नीति तथा कानुनहरूको निर्माण भइरहेको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी श्रोत साधनको परिचालन गर्ने वातावरणको सिर्जना भएको, स्वास्थ्य क्षेत्रमा सरकारी र गैह्र सरकारी क्षेत्रको समन्वयन र सहकार्य अभिवृद्धी भइरहेको, स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार हुँदै गएको जस्ता अवसरहरु छन् ।

### ५.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

गुणस्तरीय स्वास्थ्य सेवा, स्वस्थ र दिर्घायु घरपझोङवासी ।

**लक्ष्य**

गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोग सुनिश्चित गर्ने  ।

**उद्देश्य**

१. स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा मितव्ययी बनाउनु ।

२. स्वास्थ्य सेवालाई सबैको पहुँचमा पुऱ्याउनु ।

### ५.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा मितव्यवी वनाउने । | |
| १.१ गुणस्तरीय स्वास्थ्य सुविधा प्रदान गराई स्वास्थ्यमा सुधार गर्ने । | १.१.१ नागरिकलाई स्वस्थ बनाउन एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्दै दिगो विकास सुनिश्चित गर्न आवश्यक स्वास्थ्य नीति तर्जुमा गरिनेछ । |
| | १.१.२ स्वास्थ्य संस्थामा औषधी, ल्याव र उपकरणको व्यवस्था गरी स्तरोन्नती गरिनेछ । |
| | १.१.३ स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर स्थापना गरिनेछ । |
| | १.१.४ स्थानीय स्तरमा उपलव्ध हुने जडिबुटीहरुको व्यवस्थापन र उपभोग गर्दै ग्रामीण क्षेत्रमा आयुर्वेद/आम्ची चिकित्सा प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । |
| | १.१.५ एम्बुलेन्स सेवाको विकास गरी तालिम प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको परिचालन गरिनेछ । |
| उद्देश्य २ स्वास्थ्य सेवालाई सबैको पहुँचमा पुऱ्याउनु । | |
| २.१ गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने । | २.१.१ विभिन्न उमेर समुह, लिङ्ग, वर्ग, समुह, क्षेत्रका नागरिकलाई प्राथमिकता दिँदै स्वास्थ्यमा सर्वव्यापी तथा समतामुलक पहुँचलाई सुनिश्चित गरिनेछ । |
| | २.१.२ सरुवा रोग, कीटजन्य रोग, पशुपंक्षीजन्य, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत बिपद व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यको एकिकृत उपायहरु अवलम्बन गरिनेछ । |
| | २.१.३ पोषणको अवस्थालाई सुधार गर्न, मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवम् स्वास्थ्यबर्धक खाद्य पदार्थको प्रवर्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ । |
| | २.१.४ हरेक वडाहरुमा खोपको अवस्थाको समीक्षा गर्ने, खोप कार्यक्रमलाई व्यवस्थित बनाउन योजना तर्जुमा गर्ने तथा खोप केन्द्रलाई व्यवस्थित गरी पूर्ण खोप सुनिश्चितता गरिनेछ । |
| | २.१.५ स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकिकरण, गुणस्तरीय तथा प्रविधिमैत्री बनाई एकिकृत स्वास्थ्य प्रणालीको विकास गरिनेछ । |
| | २.१.६ प्रसुती सेवालाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । |
| | २.१.७ स्वास्थ्य संस्थाबाट टेलिमेडिसन सेवाको विस्तार गरिनेछ । |
| | २.१.८ गर्भवती र सुत्केरी महिलालाई कम्तीमा एक वर्ष मासिक न्युनतम पोषण भत्ता प्रदान गरिनेछ । |

### ५.२.६ कार्यकमको प्राथमिकता

१. एम्बुलेन्स सेवाको एकिकृत विकास गरी संचलालन गर्ने ।

२. स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीमा मापदण्ड अनुसार कर्मचारी दरबन्धिको व्यवस्था गर्ने ।

३. २५ शैयाको औषधी, उपकरण, ल्याव र चिकित्सिक सेवासहितको अस्पताल स्थापना र सञ्चालन गर्ने ।

## ५.२.७ विस्तृत कार्यक्रम

| क्र.स. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | स्वास्थ्य नीति तर्जुमा गर्ने | संख्या | ० | | १ | | १ | गा.पा. |
| २ | | | १.१.२ | ख | स्वास्थ्य संस्थामा औषधी, ल्याब र उपकरणको व्यवस्था गरी स्तरोन्नती गर्ने | प्रतिशत | | ३० | ३० | २० | ८० | गा.पा. |
| ३ | | | १.१.३ | ख | स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर स्थापना गर्ने | संख्या | १ | | १ | १ | ३ | गा.पा. |
| ४ | | | १.१.४ | क | आयुर्वेद/आम्ची चिकित्सा प्रणालीलाई थप प्रभावकारी बनाउने | संख्या | १ | | १ | | २ | गा.पा. |
| ५ | | | १.१.५ | ख | एम्बुलेन्स सेवाको एकिकृत विकास गर्ने | संख्या | | १ | | | १ | गा.पा. |
| ६ | २ | २.१ | २.१.१ | क | विभिन्न उमेर समुह, लिङ्ग, वर्ग, समुह, क्षेत्रका नागरिकलाई प्राथमिकता दिँदै स्वास्थ्यमा सर्वव्यापी तथा समतामुलक पहुँचलाई सुनिश्चित गर्ने | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |
| ७ | | | २.१.२ | क | सरुवा रोग, कीटजन्य रोग, पशुपंक्षीजन्य, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत् बिपद व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यको एकिकृत उपायहरु अवलम्बन गर्ने | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |
| ८ | | | २.१.३ | क | गुणस्तरीय एवम् स्वास्थ्य बर्धक खाद्य पदार्थको प्रवर्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गर्ने | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |

| क्रस | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| ९ | | | २.१.४ | क | खोप कार्यक्रमलाई व्यवस्थित बनाउन योजना तर्जुमा गर्ने तथा खोप केन्द्रलाई व्यवस्थित गरी पूर्ण खोप सुनिश्चित गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| १० | | | २.१.५ | क | स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकिकरण, गुणस्तरीय तथा प्रविधिमैत्री बनाई एकिकृत स्वास्थ्य प्रणालीको विकास गर्ने | प्रतिशत | | ३० | ३० | ४० | १०० | गा.पा. |
| ११ | | | २.१.६ | क | प्रसुती सेवालाई प्रभावकारी ढंगले सञ्चालन गर्ने | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |
| १२ | | | २.१.७ | क | टेलिमेडिसन सेवाको विस्तार गर्ने | प्रतिशत | | २० | २० | ३० | ७० | गा.पा. |
| १३ | | | २.१.८ | ख | गर्भवती र सुत्केरी महिलालाई कम्तीमा एक वर्ष मासिक न्युनतम पोषण भत्ता प्रदान गर्ने | पक्रिया | | निरन्तर | | | | गा.पा. |

### ५.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| प्रभाव | समुदायमा न्युनतम स्वास्थ्य सुविधाको पहुँच विस्तार | ३० मिनेट भित्र अस्पतालको पहुँचमा | प्रतिशत | ६७.२१ | | | | १०० | गा.पा. | गा.पा. | | २ | ३ | ६ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्टयाईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| | भएको हुने | भएको जनसंख्या | | | | | | | | | | | | |
| | | दक्ष प्रसुतीबाट गराईएको जन्म | प्रतिशत | ४६ | | | | १०० | गा.पा. | गा.पा. | | २ | ३ | ६ |
| | | स्वास्थ्य बिमा गर्ने घर संख्या | प्रतिशत | ० | | | | १०० | गा.पा. | गा.पा. | | २ | ३ | ६ |
| असर १ | स्वास्थ्य सुविधालाई गुणस्तरीय, प्रभावकारी तथा कम खर्चिलो भएको हुने | २५०० ग्रामभन्दा कम जन्म तौल भएका शिशु | संख्या | ३० | | | | ० | गा.पा. | गा.पा. | | २ | ३ | ६ |
| | | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिसत | ४६ | | | | १०० | गा.पा. | गा.पा. | | २ | ३ | ६ |
| | | झाडा पखालाको संक्रमण दर (प्रतिहजारमा) | संख्या | १०.७७/१००० | | | | ० | गा.पा. | गा.पा. | | २ | ३ | ६ |
| | | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | १३ | | | | | गा.पा. | गा.पा. | | २ | ३ | ६ |
| | | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | | | | १०० | गा.पा. | गा.पा. | | २ | ३ | ६ |
| | | सबै खोप लिएका बालबालिका | प्रतिशत | १०० | | | | १०० | गा.पा. | गा.पा. | | २ | ३ | ६ |
| | | स्वास्थ्य बिमा गर्ने घर संख्या | प्रतिशत | ० | | | | १०० | गा.पा. | गा.पा. | | २ | ३ | ६ |
| | | स्वास्थ्य सूचना, शिक्षा र सञ्चार सचेतना कार्यक्रममा सहभागि | प्रतिशत | १२.१ | | | | १०० | गा.पा. | गा.पा. | | २ | ३ | ६ |
| | | स्वास्थ्य शिविर पटक | पटक | ० | १ | १ | १ | ३ | गा.पा. | गा.पा. | | २ | ३ | ६ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिको जम्मा उपलब्धि | पुष्टयाईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | २० | | | | | गा.पा. | गा.पा. | | २ | ३ | ६ |
| | | आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | १०० | | | | १०० | गा.पा | गा.पा | | २ | ३ | ६ |
| | | सुविधा सम्पन्न अस्पताल | संख्या | ० | | | | १ | गा.पा | गा.पा | | २ | ३ | ६ |
| | | आधारभूत सुविधा ( खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | २ | | | | | गा.पा | गा.पा | | २ | ३ | ६ |
| प्रतिफल १.१ | स्वास्थ्य नीति तर्जुमा भएको हुने | स्वास्थ्य नीति | संख्या | ० | | १ | | १ | गा.पा | गा.पा | | २ | ३ | ६ |
| प्रतिफल १.२ | स्वास्थ्य संस्थामा औषधी, ल्याब र उपकरणको व्यवस्था गरी स्तरोन्नति भएको हुने | स्वास्थ्य पूर्वाधार, औषधी तथा उपकरण | प्रतिशत | | ३० | ३० | २० | ८० | गा.पा | गा.पा | | २ | ३ | ६ |
| प्रतिफल १.३ | स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर स्थापना भएको हुने | बर्थिङ सेन्टर | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | २ | ३ | ६ |
| प्रतिफल १.४ | आयुर्वेद/आम्ची चिकित्सा प्रणाली थप प्रभावकारी भएको हुने | आयुर्वेद/आम्ची चिकित्सा प्रणाली | संख्या | १ | | १ | | २ | गा.पा | गा.पा | | २ | ३ | ६ |
| प्रतिफल १.५ | एम्बुलेन्स सेवाको एकीकृत् विकास भएको हुने | एम्बुलेन्स सेवा | संख्या | | १ | | | १ | गा.पा | गा.पा | | २ | ३ | ६ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| प्रतिफल १.६ | विभिन्न उमेर समुह, लिङ्ग, वर्ग, समुह, क्षेत्रका नागरिकलाई प्राथमिकता दिँदै स्वास्थ्यमा सर्वव्यापी तथा समतामुलक पहुँच सुनिश्चित भएको हुने | स्वास्थ्य पहुँच | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | गा.पा | गा.पा | | २ | ३ | ६ |
| प्रतिफल १.७ | सरुवा रोग, कीटजन्य रोग, पशुपंक्षीजन्य, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत बिपद व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यको एकीकृत् उपायहरु अवलम्बन भएको हुने | बिपद व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यको एकीकृत् उपायहरु अवलम्बन | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा | गा.पा | | २ | ३ | ६ |
| प्रतिफल १.८ | गुणस्तरीय एवम् स्वास्थ्य बर्धक खाद्य पदार्थको प्रवर्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार भएको हुने | खाद्य पदार्थको प्रवर्धन, उत्पादन | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा | गा.पा | | २ | ३ | ६ |
| प्रतिफल १.९ | खोप केन्द्रलाई व्यवस्थित गरी पूर्ण खोप सुनिश्चित भएको हुने | पूर्ण खोप | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | गा.पा | गा.पा | | २ | ३ | ६ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| प्रतिफल १.१० | स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकिकरण, गुणस्तरीय तथा प्रविधिमैत्री बनाई एकिकृत स्वास्थ्य प्रणालीको विकास भएको हुने | एकिकृत स्वास्थ्य प्रणाली | प्रतिशत | | ३० | ३० | ४० | १०० | गा.पा | गा.पा | | २ | ३ | ६ |
| प्रतिफल १.११ | प्रसुती सेवा प्रभावकारी ढंगले सञ्चालन भएको हुने | प्रसुती सेवा | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा | गा.पा | | २ | ३ | ६ |
| प्रतिफल १.१२ | टेलिमेडिसन सेवाको विस्तार भएको हुने | सेवा विस्तार | प्रतिशत | | २० | २० | ३० | ७० | गा.पा | गा.पा | | २ | ३ | ६ |
| प्रतिफल १.१३ | गर्भवती र सुत्केरी महिलालाई कम्तीमा एक वर्ष मासिक न्युनतम पोषण भत्ता प्रदान भएको हुने | पोषण भत्ता | प्रक्रिया | | निरन्तर | | | | गा.पा | गा.पा | | २ | ३ | ६ |

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

स्वच्छ खानेपानी आधारभूत आवश्यकता र नागरिकको नैसर्गिक अधिकारको रुपमा लिइन्छ । यसलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ भने अन्तराष्ट्रिय रुपमा दिगो विकासको लक्ष्यमा समेत खानेपानी तथा सरसफाईलाई समावेश गरिएको छ । यस गाउँपालिकामा खानेपानी मुहान प्रशस्तै भएकाले सबै बस्तीसम्म सहज रुपमा खानेपानी व्यवस्था पुगेको छ । गाउँपालिकामा घरभित्रको धारा प्रयोग गर्ने घरधुरी ७४ प्रतिशत र सार्वजनिक धाराको प्रयोग गर्ने घरधुरी ४ प्रतिशत रहेको छ । सरकार तथा समुदाय दुबैको तर्फबाट फोहर व्यवस्थापन प्रणालीलाई दीर्घकालीन रुपमा सम्बोधन गर्नुपर्दछ । फोहरले स्वास्थ्य र सौन्दर्य दुवैलाई हानी गर्दछ भन्ने हृदयंगम गर्दै फोहरको समुचित व्यवस्थापन गर्नु आवश्यक छ । गाउँपालिकामा रहेका कुल घरपरिवारहरूमध्ये ७८ प्रतिशतले शौचालयको प्रयोग गरेको देखिन्छ ।

### ५.३.२ समस्या

खानेपानीको पर्याप्त श्रोत हुँदाहुँदै पनि पिउने पानीको परिक्षण र शुद्धिकरण अभाव रहेको, जिर्ण र अपूर्ण रुपमा रहेको खानेपानी योजना सुधार र सम्पन्न नभएको, खानेपानीको मुहान र श्रोतको संरक्षण र व्यवस्थापन गर्न नसकेको, फोहोर मैलाको वर्गीकरण गरी उचित ढंगले व्यवस्थापन नभएको, फोहोर संकलन केन्द्रको राम्रो व्यवस्थापन नभएको, सडक मार्गमा नालीको व्यवस्था नभएको, सरसफाई सम्बन्धी सचेतनाको कमी भएको आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ५.३.३ चुनौती र अवसर

**चुनौती**

प्रत्येक घरमा फोहोरमैलाको उचित व्यवस्थापन गरी ढलको विकास तथा व्यवस्थापन गर्न, जलवायु परिवर्तन अनुकूलका खानेपानी योजना सञ्चालन गर्न, हिउँदमा अत्याधिक चिसोको कारणले पानी जमेर खानेपानीको मुहान र वितरणमा आउने समस्या निराकरण गर्न, आवश्यकता अनुसारको खानेपानी तथा सरसफाईको विकास र दिगो व्यवस्थापनका लागि वैकल्पिक वित्तीय श्रोतको व्यवस्थापन गर्न र जिर्ण हुँदै गएका योजना मर्मत सम्भार आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

स्वच्छ खानेपानी तथा सरसफाई मौलिक हकको रुपमा स्थापित हुनु, दिगो विकासको लक्ष्यमा समाविष्ट हुनु, खानेपानी र सरसफाई स्थानीय सरकारको अधिकारमा रहनुका साथै केन्द्रिय, प्रादेशिक र स्थानीय तहको सरकारको प्राथमिकतामा पर्नु, खोलानाला तथा खानेपानीको श्रोत प्रशस्त हुनु, प्रत्येक वडामा फोहोर संकलन केन्द्र स्थापना भएको आदि प्रमुख अवसर हुन् ।

### ५.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

स्वच्छ खानेपानी तथा उचित सरसफाई, उच्चस्तरीय जीवनको आधार ।

**लक्ष्य**

गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवा सुनिश्चित गर्ने ।

**उद्देश्य**

१. गाउँवासीलाई शुद्ध तथा स्वस्थ खानेपानी उपलब्ध गराउनु ।

२. आधारभूत सरसफाईको प्रत्याभूति गर्नु ।

### ५.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ गाउँवासीलाई शुद्ध तथा स्वस्थ खानेपानी उपलब्ध गराउनु । | |
| १.१ पानीका श्रोतहरुको संरक्षण, पुर्नजिवन तथा प्रविधिमैत्री व्यवस्थापनमा जोड दिने । | १.१.१ उपलब्ध पानीका श्रोतहरुको पहिचान गरी सहज विकल्पको प्रयोग मार्फत खानेपानीको आवश्यकता पुर्ति गरिनेछ । |
| | १.१.२ खानेपानीका मुहानहरु संरक्षण गरिनेछ । |
| उद्देश्य २ आधारभूत सरसफाईको प्रत्याभूति गर्नु । | |
| २.१ सरसफाई सेवाको स्तरवृद्धि गर्ने । | २.१.१ शौचालय तथा घरका फाहोरहरु जम्मा गर्ने, प्रशोधन गर्ने तथा डिस्पोज गर्ने पूर्वाधार विस्तार गरिनेछ । |
| | २.१.२ सार्वजनिक स्थलमा शौचालय निर्माण गरिनेछ । |
| | २.१.३ वातावाण संरक्षणका निमित्त सार्वजनिक स्थलहरुमा सफाई अभियान चलाइनेछ । |
| २.२. शुद्ध खानेपानी उपलब्ध गराई सरसफाई सम्वन्धी सचेतना अभिवृद्धि गराउने । | २.२.१ एकीकृत खानेपानी व्यवस्थापन गुरुयोजना तयार पारी लागु गरिनेछ । |
| | २.२.२ एक घर एक धारा कार्यक्रम सम्पन्न गरिनेछ । |

### ५.३.६ कार्यक्रमको प्राथमिकता

१. एक घर एक धारा कार्यक्रम सम्पन्न गर्ने ।

२. सबै घरमा तथा सार्वजनिक स्थानहरूमा शौचालयको सुविधा सुनिश्चित गर्ने ।

३. जनसहभागितामार्फत फोहोर मैला व्यवस्थापन गर्ने ।

### ५.३.७ विस्तृत कार्यक्रम

| क्रस | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | पानीको श्रोतहरुको पहिचान गरी सहज विकल्पको प्रयोग मार्फत खानेपानीको आवश्यकता पुर्ति गर्ने | संख्या | | | १ | १ | २ | गा.पा. |
| २ | | | १.१.२ | क | खानेपानीका मुहानहरु संरक्षण गर्ने | संख्या | | १ | २ | २ | ५ | गा.पा. |
| ३ | २ | २.१ | २.१.१ | क | फोहोर व्यवस्थापन पूर्वाधार निर्माण योजना विस्तार गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| ४ | | | २.१.२ | क | सार्वजनिक स्थलमा शौचालय निर्माण गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| ५ | | | २.१.३ | क | वातावाण संरक्षणका निमित्त सार्वजनिक स्थलहरुमा सफाई अभियान सञ्चालन गर्ने | संख्या | | १२ | १२ | १२ | ३६ | गा.पा. |
| ६ | | २.२ | २.२.१ | ग | एकीकृत खानेपानी गुरुयोजना तयार गर्ने | संख्या | ० | | १ | | १ | गा.पा. |
| ७ | | | २.२.२ | क | एक घर एक धारा कार्यक्रम सम्पन्न गर्ने | प्रतिशत | | ३० | ३० | ४० | १०० | गा.पा. |

## ५.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | गाउँपालिका भित्र बसोबास गर्ने सबै नागरिकहरुलाई सफा, स्वच्छ र सुरक्षित खानेपानी उपलब्धता र सरसफाई व्यवस्थित भएको हुने | निजीधारा उपलब्ध घर परिवार | प्रतिशत | ७४ | १० | १० | ६ | १०० | गा.पा. | गा.पा. | | ७ | ६ | ५ |
| **असर १** | गाउँवासीलाई शुद्ध तथा स्वस्थ खानेपानी उपलब्ध भएको हुने | सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | वडा | | १ | २,३ | ४,५ | सबै वडा | गा.पा. | गा.पा. | | ७ | ६ | ५ |
| **प्रतिफल १.१** | सम्भाव्य खानेपानी आयोजना कार्यान्वयन भएको हुने | खानेपानी आयोजना | संख्या | | | १ | १ | २ | गा.पा. | गा.पा. | | ७ | ६ | ५ |
| **प्रतिफल १.२** | खानेपानीका मुहानहरु संरक्षण भएको हुने | मुहान संरक्षण | संख्या | | १ | २ | २ | ५ | गा.पा. | गा.पा. | | ७ | ६ | ५ |
| **प्रतिफल १.३** | एकीकृत खानेपानी गुरुयोजना तयार भएको हुने | खानेपानी गुरुयोजना | संख्या | ० | | १ | | १ | गा.पा. | गा.पा. | . | .७ | ६ | ५ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.३** | एक घर एक धारा कार्यक्रम सम्पन्न भएको हुने | धारा कार्यक्रम | प्रतिशत | ७४ | १० | १० | ६ | १०० | गा.पा. | गा.पा. | | ७ | ६ | ५ |
| **असर २** | आधारभूत सरसफाईको प्रत्याभूत भएको हुने | छात्र छात्राको अलग अलग शौचालय | प्रतिशत | | | | | १०० | गा.पा. | गा.पा. | | ७ | ६ | ५ |
| **प्रतिफल २.१** | फोहोर व्यवस्थापन पूर्वाधार निर्माण योजना विस्तार भएको हुने | पूर्वाधार निर्माण | संख्या | | १ | | | १ | गा.पा. | गा.पा. | | ७ | ६ | ५ |
| **प्रतिफल २.२** | सार्वजनिक शौचालय निर्माण भएको हुने | शौचालय | संख्या | १ | १ | १ | | ३ | गा.पा. | गा.पा. | | ७ | ६ | ५ |
| **प्रतिफल २.३** | सार्वजनिक स्थलहरुमा सरसफाई अभियान भएको हुने | सरसफाई अभियान | संख्या | | ५ | ५ | ५ | १५ | गा.पा. | गा.पा. | | ७ | ६ | ५ |

## ५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### ५.४.१ पृष्ठभूमि

बालबालिका, युवा, किशोरकिशोरी, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति द्वन्द्वपीडित, उत्पिडित वर्ग, समुदायहरुलाई राज्यको तर्फवाट सुरक्षा र संरक्षण प्रदान गर्नु पर्दछ । उनीहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारिरीक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्वोधन गर्नु पर्दछ । उनीहरु सामाजिक रुपले कुनै न कुनै प्रकारको उत्पीडनमा परेका हुन्छन् । समाजमा रहेका यी उत्पीडीत वर्ग र समुदायको हितको निम्ति सुरक्षा र संरक्षण प्रदान नगर्ने हो भने स्वच्छ, सुन्दर र शान्तिपूर्ण समाजको स्थापना गर्ने परिकल्पना साकार हुन सक्दैन । तसर्थ उनीहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उनीहरुको अधिकार र हितको ग्यारेण्टी गर्नु पर्दछ । गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बाल क्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्नु पर्दछ ।

### ५.४.२ समस्या

महिला सशक्तिकरणका कार्यक्रम नियमित रुपमा सञ्चालन नहुनु, गरिव र उत्पीडित वर्ग र समुदायका महिलाहरुलाई संवोधन गर्ने प्रभावकारी कार्यक्रम सञ्चालन नहुनु, बालबालिकाको स्वास्थ्य, पोषण, शिक्षा, मनोरञ्जन लगायतका सुविधा पर्याप्त मात्रमा उपलब्ध नहुनु, किशोर किशोरीहरु लक्षित मनोसामाजिक तथा पेशागत परामर्श नहुनु, जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाजले ग्रहण गर्न नसक्नु, जेष्ठ नागरिकको स्वास्थ्य, दिवा मनोरञ्जन र आश्रय स्थलको निर्माण नहुनु, अपाङ्गता भएका व्यक्तिलाई सपाङ्ग सरह समाजमा प्रतिस्थापन गराउन ज्ञान र सीपमूलक तालिमको वातावरण सिर्जना नहुनु, उत्पीडित तथा पिछडीएको वर्गको हितमा अपेक्षित कार्यक्रम सञ्चालन नहुनु यस क्षेत्रका समस्या रहेका छन् ।

### ५.४.३ चुनौती र अवसर

**चुनौती**

विभिन्न जाति, लिङ्ग, वर्ग, समुदाय र समूहको सञ्जालीकरण गर्न, जातीय, क्षेत्रीय र वर्गीय विभेद समाप्त गर्न, लक्षित बर्ग, समुदाय र लिङ्गका लागि विविध सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्न, अपाङ्गताको पहिचान गरी सपाङ्गता सरह समाजमा जीउनको लागि रोजगारी र व्यवसाय सञ्चालन गर्ने वातावरण तयार गर्न, लक्षित समूहको उत्पादनशील आर्थिक क्रियाकलापमा पहुँच वढाउन, ज्येष्ठ नागरिकमैत्री समाज निर्माण गर्न, पैतृक सम्पत्तिमा महिला र पुरुषमा सम्पतिको समान हक सुनिश्चित गर्न आदि यस क्षेत्रका चुनौती रहेका छन् ।

**अवसर**

लक्षित समुदायका लागि सशक्तिकरणका कार्यक्रम सञ्चालन गराई सभ्य समाजको निर्माण हुनु, लैङ्गिक विभेदजन्य कानुन संशोधन हुनु, गाउँपालिकामा महिला, दलित तथा अल्पसंख्यकको प्रतिनिधित्व रहनु, लैङ्गिक संवेदनशील बजेट कार्यान्वयनमा रहनु, महिला हिंसा नियन्त्रणका लागि सचेतना कार्यक्रम सञ्चालन हुनु, विभिन्न अधिकारवादी संघसंस्था सकृय रहनु, वालबालिकामैत्री राष्ट्रिय रणनीति कार्यान्वयनमा रहनु, राज्यको तर्फबाट बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान हुनु, महिला लक्षित कार्यक्रम तर्फ गर्भवती तथा सुत्केरी सेवा कार्यक्रमलाई सञ्चालन हुनु आदि प्रमुख अवसर रहेका छन् ।

### ५.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

समावेशी, सशक्त र लैंङ्गिक समानता, समुन्नत गाउँपालिकाको अभियान ।

**लक्ष्य**

वञ्चितिकरणमा परेका वर्गलाई अधिकारको प्रत्याभूति गर्दै गुणस्तरीय जीवन र अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने ।

**उद्देश्य**

१. जातिय तथा लैङ्गिक विभेदको अन्त्य गर्दै समतामुलक समाजको निर्माण गर्नु ।
२. ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गतामैत्री वातावरण सिर्जना गर्नु ।

### ५.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ जातिय तथा लैङ्गिक विभेदको अन्त्य गर्दै समतामुलक समाजको निर्माण गर्नु । | |
| १.१ सामाजिक सुरक्षा कार्यकमलाई थप प्रभावकारी बनाई सामाजिक न्यायको प्रत्याभूति गर्ने । | १.१.१ लैङ्गिक समावेशीकरण निती तर्जुमा गरिनेछ । |
| | १.१.२ लैंङ्गिक उत्तरदायी बजेट विनियोजन गरिनेछ । |
| | १.१.३ लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन लगायत सुविधा उपलब्ध गरिनेछ । |
| | १.१.४ पिछडिएका वर्गको उत्थानका लागि संरक्षित क्षेत्र तोकी उनीहरुको आर्थिक सशक्तिकरणका लागि सचेतना तथा जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.५ जोखिममा परेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुलाई संरक्षण गर्ने कार्यकम कार्यान्वयन गरिनेछ । |
| | १.१.६ जेष्ठ नागरिक दिवा तथा मिलन केन्द्रको व्यवस्था गरिनेछ । |
| | १.१.७ स्थानीय सामाजिक सुरक्षा कोषको व्यवस्था गरिनेछ । |
| उद्देश्य २ ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गतामैत्री वातावरण सिर्जना गर्नु । | |
| २.१ ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता तथा आर्थिक रूपले विपन्नलाई विशेष प्राथमिकता दिँदै सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने । | २.१.१ अपाङ्गता भएका व्यक्ति, विपन्न, उत्पीडित र पिछडीएको वर्ग र समुदायको हितमा विशेष कार्यक्रम सञ्चालन गर्न अनुदान र बजेटको व्यवस्था गरिनेछ । |
| | २.१.२ लैङ्गिक हिंसा निवारण कोषको व्यवस्थापन गरिनेछ । |
| | २.१.३ बालमैत्री वडा तथा गाउँपालिका घोषणा कार्यकमको लागि गाउँपालिकाले बजेटको व्यवस्था गरिनेछ । |
| | २.१.४ सामाजिक असामनता, विभेद र उत्पीडनलाई न्युनीकरण गर्न सचेतनामूलक तालिम, गोष्ठी र कार्यशाला सञ्चालनमा गाउँपालिकाले संयोजन गरिनेछ । |

### ५.४.६ कार्यक्रमको प्राथमिकता

१. लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन लगायत सुविधा उपलब्ध गर्ने ।
२. जेष्ठ नागरिक दिवा आश्रय स्थलको व्यवस्था गर्ने ।
३. अपाङ्गता भएका व्यक्ति, विपन्न, उत्पीडित र पिछडीएको वर्ग र समुदायको हितमा विशेष कार्यक्रम सञ्चालन गर्न अनुदान र बजेटको व्यवस्था गर्ने ।

## ५.४.७ विस्तृत कार्यक्रम

| क्र.स. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | लैङ्गिक समावेशीकरण नीति तर्जुमा गर्ने | संख्या | ० | | १ | | १ | गा.पा. |
| २ | | | १.१.२ | क | लैङ्गिक उत्तरदायी बजेट बिनियोजन गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| ३ | | | १.१.३ | ख | लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन लगायत सुविधा उपलब्ध गर्ने | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |
| ४ | | | १.१.४ | क | आर्थिक सशक्तिकरणका लागि जिविकोपार्जन सुधार कार्यक्रम गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| ५ | | | १.१.५ | क | जोखिममा परेका बालबालिका तथा ज्येष्ठ नागरिकहरुलाई संरक्षण गर्ने कार्यक्रम कार्यान्वयन गर्ने | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |
| ६ | | | १.१.६ | ख | जेष्ठ नागरिक दिवा आश्रय स्थलको व्यवस्था गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| ७ | | | १.१.७ | क | स्थानीय सामाजिक सुरक्षा कोषको व्यवस्था गर्ने | संख्या | | | १ | | १ | गा.पा. |
| ८ | २ | २.१ | २.१.१ | क | अपाङ्गता भएका व्यक्ति, विपन्न, उत्पीडित र पिछडीएको वर्ग र समुदायको हितमा विशेष कार्यक्रम सञ्चालन गर्न अनुदान र बजेटको व्यवस्था गर्ने | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |
| ९ | | | २.१.२ | क | लैङ्गिक हिंसा निवारण कोषको व्यवस्थापन गर्ने | संख्या | | | १ | | १ | गा.पा. |
| १० | | | २.१.३ | क | बालमैत्री वडा तथा गाउँपालिका घोषणा | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |

| क्र.स | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| | | | | | कार्यक्रमको लागि गाउँपालिकाले बजेटको व्यवस्था गर्ने | | | | | | | |
| ११ | | | २.१.४ | क | सामाजिक असमानता, विभेद र, उत्पीडनलाई न्युनीकरण गर्न सचेतनामूलक तालिम, गोष्ठी र कार्यशाला सञ्चालन गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा. |

## ५.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम | अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/८० | २०७९/७९ | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | महिला र पछाडी पारिएका वर्गको क्षमता अभिवृद्धि, आत्मा सम्मान, सार्वजनिक सेवा सुविधामा तथा लाभको न्यायोजित वितरण र उनीहरुको नेतृत्व विकास मार्फत निर्णय गर्न सक्ने क्षमता वृद्धि भएको हुने | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी ( महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) समिति, संयन्त्र तथा सञ्जाल | संख्या | | १ | २ | २ | ५ | गा.पा | गा.पा | | | ६ | ५ | ६ |
| **असर १** | समाजमा हुने जातिय तथा लैङ्गिक | लैङ्गिक हिंसा र | संख्या | | | | | ० | गा.पा | गा.पा | | | ६ | ५ | ६ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८ /८० | २०७९/ ७९ | २०८० /८१ | | | | | | | |
| | विभेदको अन्त्य गर्दै सामाजमा सम्मानजनक वसाईको प्रत्याभूति भएको हुने | छुवाछुत सम्बन्धी घटना (वार्षिक) | | | | | | | | | | | | |
| | | व्यवसायिक अनुदान प्राप्त अपाङ्गता भएका व्यक्ति | प्रतिशत | | | | | १०० | गा.पा | गा.पा | | ६ | ५ | ६ |
| **प्रतिफल १.१** | लैङ्गिक समावेशीकरण नीति तर्जुमा भएको हुने | नीति | संख्या | ० | | १ | | १ | गा.पा | गा.पा | | ६ | ५ | ६ |
| **प्रतिफल १.२** | लैङ्गिक उत्तरदायी बजेट विनियोजन भएको हुने | बजेट | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | ६ | ५ | ६ |
| **प्रतिफल १.३** | आर्थिक सशक्तिकरणका लागि जिविकोपार्जन सुधार कार्यक्रम भएको हुने | कार्यक्रम | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | ६ | ५ | ६ |
| **प्रतिफल १.४** | लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन लगायत सुविधा उपलब्ध भएको हुने | सुविधा उपलब्ध | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा | गा.पा | | ६ | ५ | ६ |
| **प्रतिफल १.५** | जोखिममा परेका बालबालिका तथा ज्येष्ठ नागरिकहरुलाई संरक्षण गर्ने कार्यक्रम कार्यान्वयन भएको हुने | संरक्षण कार्यक्रम | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा | गा.पा | | ६ | ५ | ६ |
| **प्रतिफल १.६** | जेष्ठ नागरिक दिवा आश्रय स्थलको व्यवस्था भएको हुने | जेष्ठ नागरिक भवन | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | ६ | ५ | ६ |
| **प्रतिफल १.७** | स्थानीय सामाजिक सुरक्षा कोषको व्यवस्था भएको हुने | सामाजिक सुरक्षा कोष | संख्या | | | १ | | १ | गा.पा | गा.पा | | ६ | ५ | ६ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/८० | २०७९/७९ | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.७** | अपाङ्ग, विपन्न, उत्पीडित,द्वन्द्वपीडीत र पिछडीएको वर्ग र समुदायको हितमा विशेष कार्यक्रम सञ्चालन गर्न अनुदान र बजेटको व्यवस्था भएको हुने | अनुदान र बजेट | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा | गा.पा | | ६ | ५ | ६ |
| **प्रतिफल १.८** | लैङ्गिक हिंसा निवारण कोषको व्यवस्थापन भएको हुने | निवारण कोष | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | ६ | ५ | ६ |
| **प्रतिफल १.९** | बालमैत्री वडा तथा पालिका घोषणा कार्यक्रमको लागि गाउँपालिकाले बजेटको व्यवस्था भएको हुने | बजेट | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | ६ | ५ | ६ |
| **प्रतिफल १.१०** | सामाजिक असमानता, विभेद र, उत्पीडनलाई न्युनीकरण गर्न सचेतनामूलक तालिम, गोष्ठी र कार्यशाला सञ्चालन भएको हुने | तालिम, गोष्ठी र कार्यशाला | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | ६ | ५ | ६ |

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

नेपालको संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ, रोजगारी लगायतका क्षेत्रमा बिशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गिण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने नीति अवलम्बन गरेको छ । यस्तै स्थानीय सरकार सञ्चालन ऐनले, अधिकांश युवा शक्ति वैदेशिक रोजगारीमा जानु पर्ने भएबाट वैदेशिक रोजगारीमा जाने युवाशक्तिको वास्तविक तथ्याङ्क संकलन गर्ने, तिनीहरुलाई लक्षित गरी वित्तीय साक्षरता र सीपमूलक तालिम सञ्चालन गर्ने, वैदेशिक रोजगारीबाट फर्केका युवाको ज्ञान, सीप र उद्यमशीलताको उपयोग गर्दै समाजिक एकिकरण गर्ने र बेरोजगार युवाहरुको समेत आवश्यक तथ्याङ्क संकलन गर्ने कार्य स्थानीय तहको जिम्मेवारीमा राखेको छ ।

यस गाउँपालिकामा हरेक वडमा खेल मैदान रहेको र १ वटा कभर्ड हल रहेको छ भन गाउँपालिका, प्रदेश र संघको संयुक्त लगानीमो खेलग्राम निर्माण भईरहेको छ । खेलकुद तर्फ गाउँपालिकामा परम्परागत खेलकुद कार्यक्रमहरु समय समयमा हुने गरेका छन् । प्राय वडाहरुमा युवा क्लबहरु छन् र सक्रिय रुपले सामाजिक तथा आर्थिक क्षेत्रमा अगाडी बढिरहेका छन् । हाल यस गाउँपालिका भित्र बालश्रम मुक्त होटल तथा रेष्टुरेन्ट बनाउने अभियान प्रशंसायोग्य रहेको छ । साथै घरपझोङ गाउँपालिका सडक तथा व्यवारिसे बालबालिक रहित गाउँपालिका हो ।

### ५.५.२ समस्या

युवा, युवतीलाई सिर्जनशिल कार्यमा संग्लग्न गराउन नसक्नु, सामाजिक गतिविधिमा युवाहरुको संलग्नता नहुनु, युवायुवतीको शारिरीक एवं मानसिक विकासको लागि खेलकुद, मनोरञ्जन र व्यायामको उचित व्यवस्था नहुनु, गाउँपालिकामा सञ्चालन हुने विभिन्न कार्यक्रममा युवायुवतीहरुलाई संलग्न नगराउनु, अव्यवस्थित खेलमैदान र अपर्याप्त खेलकुद सामाग्रीका कारणले दक्ष खेलाडी खेल क्षेत्रबाट पलायन हुनु, सीपमुलक तालिमको कमी हुनु यस गाउँपालिकाको समस्या रहेका छन् ।

### ५.५.३ चुनौती र अवसर

**चुनौती**

वालबालीका, किशोर किशोरी र युवाहरुको शिक्षा गुणस्तर बढाउन, स्वास्थ्य, पोषण, मनोरञ्जन, खेलकुद लगायत विभिन्न सुविधा उपलब्ध गराएर उनीहरुको शारिरीक, मानसिक एवं संवेगात्मक भावनाको विकास गराउन, दिर्घकालिन योजनाहरु निर्माण गर्न नसक्नु, आर्थिक व्यवस्थापन नहुँदा युवा प्रतिभाहरूको विदेश जाने क्रमलाई रोक्न, भौगोलिक अवस्था समथल नहुनाले खेलकुदको विकास गर्न आदि यस क्षेत्रका चुनौतीहरु हुन् ।

**अवसर**

युवा परिचालनको राष्ट्रिय नीति रहनु, वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप, ज्ञान, अनुभव उपोगको नीति रहनु, युवाको उद्यमशीलता बढाइ उनीहरुलाई रोजगारीमूलक कार्यमा संलग्न गराउने वा स्वरोजगार प्रोत्साहन नीति रहनु, बिपद व्यवस्थापन लगायत वातावरण संरक्षणमा स्वयंसेवक परिचालन गर्न सकिने अवस्था रहनु, खेलकुद विकासका लागि गाउँपालिकालाई जिम्मेवारी दिनु, युवा क्लबहरु रहनु र विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु आदि प्रमुख अवसर हुन् ।

### ५.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

सिर्जनशिल, सक्षम तथा नैतिकवान् युवा, सहभागितामुलक विकासको आधार ।

**लक्ष्य**

युवा वर्गको सीप अभिवृद्धि गरी समुन्नत समाजको निर्माण गर्ने ।

**उद्देश्य**

१. सीप, दक्षता, योग्यता र नेतृत्व क्षमताका आधारमा युवा वर्गको परिचालन गर्नु ।

२. खेलकुद क्षेत्रको विकासका लागि युवा वर्गलाई आकर्षित गर्नु ।

### ५.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ सीप, दक्षता, योग्यता र नेतृत्व क्षमताका आधारमा युवा वर्गको परिचालन गर्नु । | |
| १.१ प्राविधिक र व्यवसायिक सीपका माध्यमबाट युवा वर्गलाई उद्यमशील वनाउने । | १.१.१ औद्योगिक, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि प्रशिक्षण केन्द्र निर्माण गरी युर्वाहरुलाई व्यवसायिक तालिम प्रदान गरिनेछ । |
| | १.१.२ विदेशबाट फर्किएका युवालाई लक्षित गरी करार प्रणालीमा आधारित व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ । |
| उद्देश्य २ खेलकुद क्षेत्रको विकासका लागि युवा वर्गलाई आकर्षित गर्नु । | |
| २.१ स्थानीय तहमा खेलकुद पूर्वाधारको विकास गर्ने । | २.१.१ एक वडा एक खेलकुद मैदानको पूर्वाधार निर्माण गरिनेछ । |
| | २.१.२ एउटा गाउँपालिका स्तरीय खेलकुद मैदानको पूर्वाधार निर्माण गरिनेछ । |
| | २.१.३ खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ । |

### ५.५.६ कार्यक्रमको प्राथमिकता

१. युवाहरूको लागि उत्पादनमूलक व्यवसायिक तथा प्राविधिक तालिम दिने ।

२. एक वडा एक खेलकुद मैदानको पूर्वाधार निर्माण गर्ने ।

३. एउटा गाउँपालिका स्तरीय खेलकुद मैदानको पूर्वाधार निर्माण गर्ने ।

### ५.५.७ विस्तृत कार्यक्रम

| क्रस | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | व्यवसायिक तालिम केन्द्रको सहकार्यमा तालिम प्रदान गर्ने | संख्या | ० | २ | २ | २ | ६ | गा.पा. |
| २ | | | १.१.२ | ख | विदेशबाट फर्किएका युवालाई लक्षित गरी व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा. |
| ४ | २ | २.१ | २.१.१ | ख | एक वडा एक खेलकुद मैदानको पूर्वाधार निर्माण गर्ने | संख्या | ५ | १ | १ | १ | ८ | गा.पा. |
| ५ | | | २.१.२ | ग | एउटा गाउँपालिका स्तरीय खेलकुद मैदानको पूर्वाधार निर्माण गर्ने | संख्या | | १ | | | १ | गा.पा. |
| ६ | | | २.१.३ | ख | खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालन गर्ने | संख्या | | १ | | | १ | गा.पा. |

### ५.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | द्विविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/७१ | | | | | | | |
| **प्रभाव** | युवाहरुको सर्वाङ्गिण विकासका लागि प्राविधिक शिक्षा, | युवा क्लब, सञ्जाल तथा संस्था | संख्या | | भएकाको स्तरोन्नती | | गा.पा | गा.पा | | २ | ८ | ८ | ८ | ८ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/७१ | | | | | | | |
| | उद्यमशीलता, रोजगारी, एवं सिर्जनशीलताको विकास हुनुका साथै खेलकुद क्षेत्रमा प्रतिभाशाली खेलाडीहरु उत्पादन भएको हुने | | | | | | | | | | | | | |
| **असर १** | सीप, दक्षता र क्षमताका आधारमा युवा वर्गको परिचालन भएको हुने | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | ५० | २० | २० | १० | १०० | गा.पा | गा.पा | | २ | ८ | ८ |
| **प्रतिफल १.१** | व्यवसायिक तालिम केन्द्रको सहकार्यमा तालिम प्रदान भएको हुने | तालिम | संख्या | ० | २ | २ | २ | ६ | गा.पा | गा.पा | | २ | ८ | ८ |
| **प्रतिफल १.२** | विदेशबाट फर्किएका युवालाई लक्षित गरी व्यवसायिक कृषि कार्यक्रम सञ्चालन भएको हुने | व्यवसायिक कृषि कार्यक्रम | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | २ | ८ | ८ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/७१ | | | | | | | |
| **असर २** | खेलकुद क्षेत्रको विकासका लागि युवा वर्ग आकर्षित भएको हुने | खेलकुद क्षेत्रमा युवा वर्ग | प्रतिशत | | | | | १०० | गा.पा | गा.पा | | २ | ८ | ८ |
| **प्रतिफल १.३** | एक वडा एक खेलकुद मैदान भएको हुने | खेलकुद मैदान | संख्या | ५ | १ | १ | १ | ८ | गा.पा | गा.पा | | २ | ८ | ८ |
| **प्रतिफल १.४** | एउटा गाउँपालिका स्तरीय खेलकुद मैदानको पूर्वाधार निर्माण भएको हुने | गाउँपालिका स्तरीय खेलकुद मैदान | संख्या | | १ | | | १ | गा.पा | गा.पा | | २ | ८ | ८ |
| **प्रतिफल १.५** | खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालन भएको हुने | खेलकुद प्रशिक्षण केन्द्र | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | २ | ८ | ८ |

## ५.६ कला, भाषा, साहित्य तथा संस्कृति

### ५.६.१ पृष्ठभूमि

सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले घरपझोङ धनी गाउँपालिकाको रुपमा रहेको भएता पनि अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् । फाला, त्युङ्ला, तोरन्ला, देक्याप नाच तथा १२ वर्षे मेला यहाँका मुख्य चाडपर्वहरु हुन् । थकाली समुदायमा प्रचालित अस्तु विसर्जन परम्पराले आफ्नो पुर्खौली थात थलो र उद्‌गम स्थल विशेष रहेको देखाउँछ । पछिल्लो समयमा विस्तारै होमस्टे संस्कारको विकासले पर्यटन क्षेत्रको प्रवर्धनमा थप टेवा पुऱ्याएको छ ।

### ५.६.२ समस्या

बाह्य संस्कृतिको प्रभाव पर्नु, युवा पुस्तामा परम्परागत कला संस्कृमिा रुचि घट्‌दै जानु, संरक्षणको अभावका कारण सँस्कृति, कला, भाषा तथा साहित्य लोप हुँदै जानु यस क्षेत्रको ससस्या रहेका छन् ।

### ५.६.३ चुनौती र अवसर

**चुनौती**

सँस्कृति, कला, भाषा तथा साहित्य संरक्षण गर्न सांस्कृतिक कार्यक्रम आयोजना गर्न बजेटको अभाव, साँस्कृतिक सम्पदा र प्रचलनहरूको अध्ययन तथा अनुसन्धान गर्न, लोपोन्मुख जाति एवम् पिछडिएका वर्गको भाषा, साहित्य र साँस्कृतिको संरक्षण र प्रवर्धन गर्न, प्राचीन सम्पदाको उचित व्यवस्थापन गर्न, गाउँपालिकामा बोलिने सबै भाषाको समतामूलक विकास गर्न, प्रदेशको मौलिक साँस्कृतिको संरक्षण र संवर्द्धनमा ध्यान पुऱ्याउनु जस्ता चुनौती रहेका छन् ।

**अवसर**

साँस्कृतिक, धार्मिक, ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरू मार्फत् गाउँपालिकालाई चिनाउन, ऐतिहासिक घरपझोङ किल्लालाई इतिहास अध्ययन तथा अनुसन्धान केन्द्र बनाउन, हिमाली र पर्वतिय साँस्कृतिक संग्राहलय स्थापना गरी पर्यटन बढाउन, मेला, जात्रालाई व्यवस्थित गरी प्रचार प्रसार गरेर आर्थिक समृद्धिमा टेवा पुऱ्याउन जस्ता यस क्षेत्रको अवसर रहेका छन् ।

### ५.६.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

संस्कृतिको संरक्षण र प्रवर्धन, घरपझोङको दिगो पर्यटन ।

**लक्ष्य**

मौलिक भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण र प्रवर्धन गर्दै दिगो पर्यटन विकासले नागरिकको जीवनस्तर वृद्धि गर्ने ।

**उद्देश्य**

१. स्थानीय भाषा, साहित्य तथा कलाको प्रवर्धन गर्नु ।

### ५.६.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ स्थानीय भाषा, साहित्य तथा कलाको प्रवर्धन गर्नु । | |
| १.१ प्रष्ट नीति तथा कार्यनीति | १.१.१ अन्तर विद्यालय साहित्यिक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.२ अन्तरपालिका साँस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| निर्माण गरी भाषा, साहित्य तथा कलाको संरक्षण गर्ने । | १.१.३ गाउँपालिकाको भाषा, साहित्य, कला तथा संस्कृति झल्किने भिडियो वृतचित्र तयार गरिनेछ । |
| | १.१.४ विभिन्न भाषा, साहित्य, कला तथा संस्कृतिको सञ्चार माध्यमबाट प्रचार प्रसार गरिनेछ । |

### ५.६.६ कार्यक्रमको प्राथमिकता

१. गाउँपालिकाको भाषा, साहित्य, कला तथा संस्कृति झल्किने भिडियो वृतचित्र तयार गर्ने ।

२. अन्तर विद्यालय साहित्यिक कार्यक्रम सञ्चालन गर्ने ।

३. विभिन्न भाषा, साहित्य, कला तथा संस्कृतिको सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने ।

### ५.६.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | अन्तर विद्यालय साहित्यिक कार्यक्रम सञ्चालन गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा |
| २ | | | १.१.२ | क | अन्तरपालिका साँस्कृतिक कार्यक्रम सञ्चालन गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा |
| ३ | | | १.१.३ | क | भाषा, साहित्य, कला तथा संस्कृति झल्किने भिडियो वृतचित्र तयार गर्ने | संख्या | ० | १ | | | १ | गा.पा |
| ४ | | | १.१.४ | क | भाषा, साहित्य, कला तथा संस्कृतिको सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा |

### ५.६.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिको जम्मा उपलब्धि | पुष्टयाईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | स्थानीय भाषा, कला, संस्कृति र सम्पदाको पहिचान, संरक्षण तथा प्रवर्धन भएको हुने | संरक्षित कला, सँस्कृति र सम्पदाका प्रकार | प्रतिशत | | | | | १०० | गा.पा | गा.पा | | २ | | ८ |
| **असर १** | स्थानीय भाषा, साहित्य तथा कलाको प्रवर्धन भएको हुने | कला, भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्बन गर्ने व्यक्ति | प्रतिशत | | | | | १०० | गा.पा | गा.पा | | २ | | ८ |
| **प्रतिफल १.१** | अन्तर विद्यालय साहित्यिक कार्यक्रम सञ्चालन भएको हुने | कार्यक्रम | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | २ | | ८ |
| **प्रतिफल १.२** | अन्तरपालिका साँस्कृतिक कार्यक्रम सञ्चालन भएको हुने | कार्यक्रम | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | २ | | ८ |
| **प्रतिफल १.३** | भाषा, साहित्य, कला तथा संस्कृति झल्किने भिडियो वृतचित्र तयार भएको हुने | भाषा, साहित्य, कला तथा संस्कृति झल्किने भिडियो वृतचित्र | संख्या | | १ | | | १ | गा.पा | गा.पा | | २ | | ८ |
| **प्रतिफल १.४** | भाषा, साहित्य, कला तथा संस्कृतिको सञ्चार माध्यमबाट प्रचार प्रसार भएको हुने | प्रचार प्रसार | संख्या | | १ | १ | १ | ३ | गा.पा | गा.पा | | २ | | ८ |

# अध्याय छ : पूर्वाधार विकास

गाउँपालिकाको आर्थिक सामाजिक विकासमा पूर्वाधारको ठूलो महत्व हुन्छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा सिर्जना गरिने भौतिक तथा सामाजिक पूर्वाधार जस्तै- ग्रामीण सडक, कृषि सडक, पुल, पुलेसा तथा झोलुंगे पुल, खानेपानी, सिंचाइ, वैकल्पिक ऊर्जा, लघु तथा साना जल विद्युत्, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल तथा सामुदायिक भवन, प्रशासनिक भवन र आवास तथा बस्ती विकास जस्ता पूर्वाधारको निर्माण कार्य जिम्मेवारी समेत प्रदान गरेको छ । यसले गाउँको समग्र विकासलाई गतिशील बनाउनका साथै आर्थिक सामाजिक अवसरहरूलाई रूपान्तरण गर्दै समृद्धि हाँसिल गर्न सहयोग पुऱ्याउँछ ।

## ६.१ यातायात

### ६.१.१ पृष्ठभूमि

रणनैतिक सडकको रुपमा रहेको कालीगण्डकी करीडोर १४.७३ कि.मि.सहित यस गाउँपालिकामा कुल सडक करिब १२८ कि.मि रहेको छ । जोमसोम विमानस्थल हवाई यातायातको रुपमा तथा स्तरोन्नती भईरहेको कालीगण्डकी करीडोर यस गाउँपालिकाको सडक यातायातको मुख्य मेरुदण्डको रुपमा रहेको छ । साथै विभिन्न बस्ती र वडा कार्यालयसम्म पुग्ने भित्री सडकहरु वडा १ को छैरो र चिमाङ गाउँ बाहेक सबैजसो बस्तीमा पुगेको छ । हाल सबै सडकहरु कच्ची अवस्थामा रहेका छन् भने मुख्य बस्तीको कतिपय भित्री बाटोहरुमा ढुङ्गा छापेकाले परम्परा र संस्कृति झल्केको देखिन्छ । पर्यटन व्यवसायको संभाव्यता अध्ययन तथा पर्यटकीय पदमार्गको निर्माण र विस्तार कार्यलाई महत्व दिएर अगाडी बढाउनु जरुरी छ । गाउँपालिकाको आर्थिक एवं सामाजिक विकासको लागि यातायात पूर्वाधार निर्माण महत्वपूर्ण हुन्छ, त्यसैले सडक, पुल, केवलकार लगायतका यातायातका साधनहरुको व्यवस्थापनले गाउँपालिकाको विकासमा टेवा पुऱ्याँउछ ।

### ६.१.२ समस्या

सम्पूर्ण सडकहरु कच्ची हुनु, सार्वजनिक यातायातका साधनहरुको अभाव हुनु, ढुवानी निकै खर्चिलो र महँगो हुनु, सडकहरु कालोपत्रे गर्न वित्तीय श्रोतको कमी हुनु, विभिन्न सडकलाई जोड्ने पक्की पुल, पुलेसा, नाली निर्माण नहुनु, भौगोलिक बनावटका कारण सडक अवरुद्ध भइरहनु, वातावरणीय पक्षलाई ध्यान नदिई सडक विस्तार गर्नु, पर्यटकीय पदमार्गको पहिचान र विस्तार नहुनु जस्ता समस्याहरु रहेका छन् ।

### ६.१.३ चुनौती र अवसर

**चुनौती**

कठिन भौगौलिक अवस्थाका कारण खर्चिलो भएको निर्माण कार्यको व्यवस्थापन गर्न, वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार र स्तरोन्नती गर्न, सार्वजनिक यातायात सञ्चालन गर्न, गाउँपालिकाका विभिन्न बसोबास र घरधुरीलाई जोडेर रिङरोड निर्माण गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

**अवसर**

गाउँपालिका केन्द्रदेखि वडा केन्द्रसम्म जोड्ने सडक तथा पुल निर्माणमा प्रदेश सरकारले आर्थिक सहयोग र समन्वयन गर्नु, स्थानीय स्तरबाट सडक विकासको लागि अत्यधिक उत्साह र माग रहनु, गाउँपालिकाको महत्वपूर्ण सडकहरु स्तरोन्नती र कालो पत्रे गर्न र पर्यटकीय पदमार्ग निर्माणमा संघीय सरकारको सहयोग हुनु, महत्पूर्ण सडकहरु जोड्ने कालीगण्डकी करीडरको निर्माण हुनु जस्ता अवसरहरु रहेका छन् ।

### ६.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

वातावरणमैत्री आधुनिक सडक पूर्वाधार, दिगो विकासको आधार ।

**लक्ष्य**

यातायात सेवालाई सुरक्षित र भरपर्दो बनाई गुणस्तरीय सेवा प्रत्याभुति गराउने ।

**उद्देश्य**

१. सडक तथा पुल लगायतका पूर्वाधारलाई दिगो, भरपर्दो तथा गुणस्तरीय बनाउनु ।

२. आवश्यक ठाउँमा बसपार्क र बस स्टपहरु निर्माण गर्नु ।

### ६.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ सडक तथा पुल लगायतका पूर्वाधारलाई दिगो, भरपर्दो, वातावरणमैत्री तथा गुणस्तरीय बनाउनु । | |
| १.१ गुणस्तरीय हरित सडक पूर्वाधार निर्माण गर्ने । | १.१.१ यातायात गुरुयोजना तयार गरिनेछ । |
| | १.१.२ गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकलाई स्तरोन्नती गरिनेछ । |
| | १.१.३ आवश्यक ठाउँमा पक्की पुल र झोलुङ्गे पुल निर्माण गरिनेछ । |
| | १.१.४ वडा केन्द्रदेखि गाउँपालिका केन्द्रसम्म जोड्ने सडकको स्तरोन्नती गरिनेछ । |
| | १.१.५ प्राथमिकताका आधारमा पदमार्गको विस्तार तथा स्तरोन्नती गरिनेछ । |
| | १.१.६ नयाँ पर्यटक पदमार्ग सञ्चालन, केवलकार र रिङरोडको संभाव्यता अध्ययन गरिनेछ । |
| उद्देश्य २ आवश्यक ठाउँमा बसपार्क र बस स्टपहरु निर्माण गर्नु । | |
| २.१ बसपार्क र बस स्टप पूर्वाधार निर्माण गर्ने । | २.१.१ आवश्यक स्थानमा पार्किङको निर्माण गरिनेछ । |
| | २.१.२ आवश्यक स्थानमा बसपार्कको निर्माण गरिनेछ । |
| | २.१.३ आवश्यक स्थानमा बस स्टपहरु निर्माण गरिनेछ । |

### ६.१.६ कार्यक्रमको प्राथमिकता

१. गाउँपालिकाका महत्वपूर्ण सडकहरु कालो पत्रे गर्ने र पुल निर्माण गर्ने ।

२. आवश्यक स्थानमा बसपार्क र बस स्टपहरुको व्यवस्थापन गर्ने ।

३. प्राथमिकताका आधारमा पदमार्गको विस्तार तथा स्तरोन्नती गर्ने ।

## ६.१.७ विस्तृत कार्यक्रम

| क्रस | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | यातायात गुरुयोजना तयार गर्ने | संख्या | ० | | १ | | १ | गा.पा. |
| ३ | | | १.१.२ | ग | आवश्यक ठाउँमा पक्की पुल र झोलुङ्गे पुल निर्माण गर्ने | संख्या | १२ | ४ | ५ | ५ | २६ | गा.पा. |
| ४ | | | १.१.३ | ख | स्थानीय सडकको स्तर वृद्धि गर्ने | कि.मी | १२८ | ३ | ३ | ४ | १३८ | गा.पा. |
| ५ | | | १.१.४ | ख | पदमार्गको विस्तार तथा स्तरोन्नती गर्ने | कि.मी | ३२९ | १० | २० | २० | ३७९ | गा.पा. |
| ६ | | | १.१.५ | ख | पर्यटक पदमार्ग सञ्चालन, केवलकार र रिङरोडको संभाव्यता अध्ययन गर्ने | पटक | | | अध्ययन | | | गा.पा. |
| ७ | २ | २.१ | २.१.१ | ग | आवश्यक स्थानमा पार्कीङ स्थलको निर्माण गर्ने | संख्या | १ | | १ | १ | ३ | गा.पा. |
| | | | २.१.२ | ख | आवश्यक स्थानमा बसपार्कको निर्माण गर्ने | संख्या | १ | | १ | | २ | गा.पा. |
| ८ | | | २.१.३ | ख | आवश्यक स्थानमा बस स्टपहरु निर्माण गर्ने | संख्या | | १ | १ | १ | ३ | गा.पा. |

## ६.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७८/७९ | २०८०/८१ | | | | | | | |
| प्रभाव | गाउँपालिकाको सवै वडा केन्द्र, प्रमुख बजार क्षेत्र र पर्यटक स्थलहरु सम्म १२ है महिना सवारी साधन सञ्चालन हुने सडक निर्माण भएको हुने | कालोपत्रे सडक | कि.मी. | | ०.५ | ०.५ | १ | २ | गा.पा. | गा.पा. | | ३ | ९ | ५ |
| | | ग्राभेल सडक | कि.मी. | १२८ | २ | ३ | ५ | १३८ | गा.पा. | गा.पा. | | ३ | ९ | ५ |
| असर १ | सडक तथा पुल लगायतका पूर्वाधारलाई दिगो, भरपर्दो तथा गुणस्तरीय हुने | दिगो सडक पूर्वाधार | प्रतिशत | | ३० | ३० | ४० | १०० | गा.पा. | गा.पा. | | ३ | ९ | ५ |
| प्रतिफल १.१ | यातायात गुरुयोजनालाई कार्यान्वयन भएको हुने | यातायात गुरुयोजना | संख्या | ० | | १ | | १ | गा.पा. | गा.पा. | | ३ | ९ | ५ |
| प्रतिफल १.२ | गाउँपालिका क्षेत्र भित्रका मुख्य सडक स्तरोन्नती भएको हुने | स्तरोन्नती | कि.मी | | ३ | ३ | ४ | १० | गा.पा. | गा.पा. | | ३ | ९ | ५ |
| प्रतिफल १.३ | आवश्यक ठाउँहरूमा पुल निर्माण भई | पुल | संख्या | १२ | ४ | ५ | ५ | २६ | गा.पा. | गा.पा. | | ३ | ९ | ५ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगोल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७८/७९ | २०८०/८१ | | | | | | | |
| | यातायातमा पहुँच अभिवृद्धि भएको हुने | | | | | | | | | | | | | |
| **प्रतिफल १.४** | पदमार्गको विस्तार तथा स्तरोन्नती भएको हुने | विस्तार तथा स्तरोन्नती | कि.मी. | | १० | २० | २० | ५० | गा.पा. | गा.पा. | | ३ | ९ | ५ |
| **प्रतिफल १.५** | पर्यटक पदमार्ग सञ्चालन, केवलकार र रिङरोडको संभाव्यता अध्ययन भएको हुने | संभाव्यता अध्ययन | संख्या | | अध्ययन | | | | गा पा | गा पा | | ३ | ९ | ५ |
| **प्रतिफल १.६** | पार्किङ स्थल निर्माण भएको हुने | पार्किङ | संख्या | १ | | १ | १ | ३ | गा.पा. | गा.पा. | | ३ | ९ | ५ |
| **प्रतिफल १.७** | बसपार्क निर्माण भएको हुने | बसपार्क | संख्या | १ | | १ | | २ | | | | | | |
| **प्रतिफल १.८** | बस स्टपहरु निर्माण भएको हुने | बस स्टप | संख्या | | १ | १ | १ | ३ | गा.पा. | गा.पा. | | ३ | ९ | ५ |

## ६.२ सिंचाइ

### ६.२.१ पृष्ठभूमि

गाउँपालिकामा रहेको कालीगण्डकी नदि तथा अन्य खोलाहरु सिंचाईको प्रमुख श्रोतको रुपमा रहेका छन् । यस गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा कुल भू-भाग ३१६.८७ वर्ग कि.मी. मध्ये खेतीयोग्य जमिन मात्र ५.०१ वर्ग कि.मी.(१.५८ प्रतिशत) रहेको छ । यसैगरी गाउँपालिकामा कुल खेतीयोग्य जमिनको ७६ प्रतिशत भू-भागमा सिंचाई पुगेको छ । कृषिको लागि उर्वर माटो कम भएको हुँदा प्राकृतिक श्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त वृद्धि हुने देखिन्छ । नयाँ खेतीको विधि तथा ढाँचाहरूको अभ्यास गर्ने र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउन सिंचाईको मुख्य भूमिका रहने हुँदा उच्च प्राथमिकताका साथ कार्य गर्न आवश्यक रहेको छ ।

### ६.२.२ समस्या

हिउँदमा सिंचाइको अभावले गर्दा व्यवसायिक कृषिमा असर, नहरहरुको राम्रो व्यवस्थापन हुन नसकेको, आधुनिक उपकरणको प्रयोग नहुनु, धेरै ठाउँहरुमा कच्ची कुलो तथा नहरहरु रहनु, सिंचाई गुरुयोजना बनाई योजनाबद्ध विकास तथा ब्यवस्थापन गर्न नसक्नु, दिगो सिंचाईको व्यवस्था गर्न नसक्दा उत्पादकत्व कम हुनु र खाद्यान्न उत्पादन प्रति कृषक तथा समुदायको उत्साहजनक आकर्षण नहनु, परम्परागत कृषि कुलोहरूको आधुनिकीकरण तथा सुधार हुन नसक्नु, अन्य भौतिक पूर्वाधारहरूको तुलनामा सिंचाई पूर्वाधारप्रति समुदायहरूको चासो कम हुनु, आदि सिंचाई क्षेत्रका समस्याहरू हुन् ।

### ६.२.३ चुनौती र अवसर

**चुनौती**

सञ्चालनमा रहेका सिंचाई आयोजनाहरूको मर्मत सम्भार तथा अधिकतम प्रयोग गर्न, भौगोलिक विकटता अनुरुप दिगो सिंचाई योजना कार्यन्वयन गर्न, विज्ञ प्रशिक्षक र तालिम प्राप्त प्राविधिकहरुको पुर्ति गर्न, आर्थिक श्रोत र साधन उपलब्ध गराउन, सिंचाई सेवा शुल्क संकलन कार्य प्रभावकारी बनाई आयोजनाहरूको मर्मतसम्भार कठिनाई, सञ्चालन तथा ब्यवस्थापनलाई दिगो बनाउन, सिंचाई आयोजना विकासप्रति समुदायको चासो वृद्धि गर्न, जलवायु परिवर्तन तथा नदीजन्य निर्माण सामग्रीको अव्यवस्थित दोहनले सिंचाई क्षेत्रमा पारेको असरहरूको पहिचान गरी असर न्यूनीकरण गर्न आदि सिंचाई क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

विभिन्न नयाँ प्रविधिहरूको विकास हुँदै जानु, ठूला व्यावसायिक कृषि फार्म तथा आयोजनाहरू विकासतर्फ निजी क्षेत्रको आकर्षण बढ्दै जाँदा सिंचाईको सुविधाको माग बढ्दो क्रममा रहनु, थोपा सिंचाइको सम्भावना हुनु, कृषियोग्य र सिंचाईयोग्य जमिनमा सिंचाई गर्न र जमिनको स्वरुप उपयुक्त प्रविधि र सुहाउँदो खेती गरी जमिन बाँझो नराख्न आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

सिंचाई सुविधा विस्तार, घरपझोङमा समृद्धिको बहार ।

**लक्ष्य**

सिंचाई पूर्वाधार विस्तारबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरि जनताको जीवनस्तर माथि उठाउने ।

**उद्देश्य**

१. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउनु ।
२. सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

## ६.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउनु । | |
| १.१ खेतीयोग्य जमिनहरुमा प्रविधियुक्त सिंचाई सुविधा उपलब्ध गराउने । | १.१.१ थोपा सिंचाइ प्रणालीको कार्यान्वयन गरिनेछ। |
| | १.१.२ परम्परागत सिंचाई प्रविधिहरुलाई बाहै महिना सिंचाई उपलब्ध हुन सक्ने गरि स्तरोन्नती गरिनेछ। |
| | १.१.३ भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र श्रोत पहिचान र सम्भावित सिंचाइ योजनाका परिदृश्यहरू समेत प्रतिविम्बित हुने गरी विस्तृत सिंचाई गुरुयोजना तयार गरिनेछ। |
| उद्देश्य २ सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु । | |
| २.१ सिंचाई प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने । | २.१.१ सिंचाई आयोजनाहरूको मुहान संरक्षण गरिनेछ। |
| | २.१.२ सिंचाई उपभोक्ता समूहको संस्थागत क्षमता विकास गरिनेछ। |
| | २.१.३ कुलो तथा पानी घट्टहरु निर्माण र व्यवस्थापन गरिनेछ। |

### ६.२.६ कार्यक्रमको प्राथमिकता

१. खेतीयोग्य जमिनहरुमा प्रविधियुक्त सिंचाई सुविधा उपलब्ध गर्ने ।

२. भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र श्रोत पहिचान र सम्भावित सिंचाइ योजनाका परिदृश्यहरू समेत प्रतिविम्बित हुने गरी विस्तृत सिंचाई गुरुयोजना तयार गर्ने ।

३. सिंचाई आयोजनाहरूको मुहान संरक्षण गर्ने ।

### ६.२.७ विस्तृत कार्यक्रम

| क्र | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | | | १.१.१ | क | थोपा सिंचाई प्रविधि | संख्या | | | १ | | १ | गा.पा. |
| २ | १ | १.१ | १.१.२ | क | परम्परागत सिंचाई स्तरोन्नती कार्यक्रम | प्रतिशत | ० | २० | २० | २० | ६० | गा.पा. |
| ३ | | | १.१.३ | ग | सिंचाई गुरुयोजना तयार | संख्या | ० | | १ | | १ | गा.पा. |
| ४ | | | २.१.१ | क | सिंचाई आयोजनाहरूको मुहान संरक्षण | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |
| ५ | २ | २.१ | २.१.२ | क | सिंचाई उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास | प्रक्रिया | | निरन्तर | | | | गा पा |
| ६ | | | २.१.३ | क | कुलो तथा पानी घट्टहरु निर्माण र व्यवस्थापन | संख्या | | १ | १ | १ | ३ | गा.पा. |

### ६.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | कूल खेतीयोग्य जमिनमा १२ महिना पर्याप्त मात्रामा सिंचाई सेवा उपलव्ध भएको हुने | १२ महिना सिंचाई हुने क्षेत्र | हेक्टर | २१८ | २२० | २३० | २४० | २५० | गा.पा. | गा.पा. | | ४ | २ | ५ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **असर १** | कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न भरपर्दो सिंचाई सुविधा उपलब्ध भएको हुने | सिचाई सुविधा | संख्या | २ | १ | १ | १ | ५ | गा.पा. | गा.पा. | | ४ | २ | ५ |
| **प्रतिफल १.१** | थोपा सिंचाई प्रविधि कार्यान्वयन भएको हुने | थोपा सिंचाई | संख्या | | | १ | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ५ |
| **प्रतिफल १.२** | परम्परागत सिंचाई स्तरोन्नती भएको हुने | सुचारु सिंचाई आयोजना | प्रतिशत | ० | २० | २० | २० | ६० | गा.पा. | गा.पा. | | ४ | २ | ५ |
| **प्रतिफल १.३** | सिंचाई गुरुयोजना तयार भएको हुने | गुरुयोजना | संख्या | ० | | १ | | १ | गा.पा. | गा.पा. | | ४ | २ | ५ |
| **प्रतिफल १.४** | सिंचाई उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास भएको हुने | संस्थागत क्षमता विकास | प्रक्रिया | | निरन्तर | | | ३ | गापा | गापा | गा.पा. | ४ | २ | ५ |
| **प्रतिफल १.५** | सिंचाईको मुहान संरक्षण भएको हुने | मुहान संरक्षण | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. | गा.पा. | | ४ | २ | ५ |
| **प्रतिफल १.६** | कुलो तथा पानी घट्टहरु निर्माण र व्यवस्थापन भएको हुने | कुलो तथा पानी घट्टहरु | संख्या | | १ | १ | १ | ३ | गा.पा. | गा.पा. | | ४ | २ | ५ |

## ६.३ विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

गाउँपालिकाको पूर्वाधार विकास तथा उद्यम विस्तारमा विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका हुन्छ । राष्ट्रिय ग्रिड प्रणाली, सौर्य ऊर्जा, लघु जल विद्युत तथा वायु ऊर्जा आपूर्तिद्वारा उद्योग, व्यापार, व्यवसाय प्रवर्धनका साथै दैनिक जनजीवनलाई सहज बनाउन सकिन्छ । ऊर्जाको सहज उपलब्धता र प्रयोगले पेट्रोलियम पदार्थ, दाउरा र ग्यासको बचत हुन गई वातावरणीय योगदान पुऱ्याउनका साथै आयात प्रतिस्थापन गर्न समेत मद्दत पुग्छ ।

वडा सर्वेक्षण २०७५ को नतिजाले गाउँपालिकाका कुल घरपरिवारहरूमध्ये करिब ९० प्रतिशत घरपरिवारले विद्युत र सोलार प्रयोग गर्ने पाइयो । यस तथ्याङ्कलाई हेर्दा ग्रामीण विद्युतिकरणमा व्यापक विकास भई विद्युत सेवाको पहुँच पुगेको परिवारहरू धेरै रहेको देखिन्छ भने सेवा नपुगेका क्षेत्रहरूमा त्यसको विस्तार हुनु जरूरी छ । उपलब्ध सबै प्रकारका ऊर्जाको उत्पादन मार्फत रोजगारी सिर्जना गरी आगामि ३ वर्ष भित्र गाउँपालिकालाई उज्यालो गाउँपालिकाको रुपमा घोषणा गरी आर्थिक रुपमा सम्पन्न र समृद्ध गाउँपालिकाको रुपमा विकसित गर्न आवश्यक देखिन्छ ।

### ६.३.२ समस्या

विद्युत उपलब्ध रहेको स्थानहरूमा ट्रान्सफर्मरको क्षमता र संख्यामा कमी, विद्युतीय पोल तथा तार जीर्ण भएको, भौगोलिक विकटताले गर्दा विद्युत प्रसारण व्यवस्थित नरहेको, प्राकृतिक विपत्तीको कारणले विद्युत आपूर्तिमा समस्या, नवीकरणीय र वैकल्पिक ऊर्जा उपलब्धता र प्रयोग न्यून हुनु, ऊर्जा उत्पादनमा प्राविधिक र वित्तीय श्रोतको अभाव आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ६.३.३ चुनौती र अवसर

**चुनौती**

विद्युत र ऊर्जा विकासका लागि जिल्ला, प्रदेश र संघीय सरकार बिच समन्वय गर्न, भौगोलिक विकटताले गर्दा समयमै विद्युतीय समस्या समाधान गर्न, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलव्ध गराउन, विद्युत सम्बन्धी नीति, नियम र सझौता संघीय सरकारको दायित्व हुनाले आयोजना समयमा नै सम्पन्न गराउन, प्राविधिक र वित्तीय श्रोत अभावले गर्दा फलाम र स्टिलका पोलहरु व्यवस्थापन गर्न, नवीकरणीय ऊर्जा उत्पादन संवन्धी नीति निर्माण गरी कार्यन्वयन गर्न जस्ता चुनौतीहरु छन् ।

**अवसर**

उच्च हिमाली क्षेत्र भएकोले यस ठाउँमा वायु ऊर्जाको सम्भावना हुनु, प्राविधिक र वित्तीय साझेदारीमा वायु शक्तिद्धारा ऊर्जा उत्पादन गर्न, सौर्य ऊर्जाको क्षेत्रलाई विस्तार गरी विभिन्न योजना सञ्चालन गर्न, विद्युतीय तारहरु भूमिगत गरेर व्यवस्थापन गर्ने गाउँपालिकाको प्राथमिकतामा रहनु जस्ता अवसरहरु छन् ।

### ६.३.४ दीर्धकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच**

दिगो विद्युत र ऊर्जाको विस्तार घरपझोङ विकासको आधार ।

**लक्ष्य**

घरपझोङको सबै क्षेत्रमा दिगो र गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउने ।

**उद्देश्य**

१. वैकल्पिक ऊर्जाको विकास गरी कृषि तथा औद्योगिक अभ्यासहरुलाई प्रविधिमैत्री तथा मितव्ययी बनाउनु ।
२ विद्युत सेवालाई दिगो र भरपर्दो बनाई ऊर्जा सुरक्षामा योगदान पऱ्याउनु ।

### ६.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ वैकल्पिक ऊर्जाको विकास गरी कृषि तथा औद्योगिक अभ्यासहरुलाई प्रविधिमैत्री तथा मितव्ययी बनाउनु । | |
| १.१ विद्युत तथा वैकल्पिक ऊर्जालाई गाउँपालिकाको कृषि, औद्योगिक उत्पादन तथा रोजगारीसँग जोड्ने । | १.१.१ वैकल्पिक ऊर्जा सम्वन्धि नीति, कानुन तथा मापदण्ड तर्जुमा गरिनेछ । |
| | १.१.२ वायु ऊर्जाको संभाव्यता अध्ययन गरिनेछ । |
| | १.१.३ सबै घरहरु तथा सडकहरुमा सौर्य बत्ती जडान गरिनेछ । |
| उद्देश्य २ विद्युत सेवालाई दिगो र भरपर्दो बनाई ऊर्जा सुरक्षामा योगदान पुयाउनु । | |
| २.१ विद्युत सेवालाई व्यवस्थापन गर्ने । | २.१.१ विद्युतीय तारहरुलाई भूमिगत गरिनेछ । |
| | २.१.४ विद्युत प्राविधिक र वित्तीय व्यवस्थापन सुनिश्चत गरिनेछ । |

### ६.३.६ कार्यक्रमको प्राथमिकता

१. वैकल्पिक ऊर्जा सम्वन्धि नीति, कानुन तथा मापदण्ड तर्जुमा गर्ने ।
१. सबै घर तथा सडकहरुमा सौर्य बत्ती जडान गर्ने ।
२. विद्युतीय तारहरुलाई भूमिगत र सव स्टेसनहरुको निर्माण गर्ने ।

### ६.३.७ विस्तृत कार्यक्रम

| क्रस | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | वैकल्पिक ऊर्जा नीति, कानुन तथा मापदण्ड तयारी गर्ने | संख्या | ० | | १ | | १ | गा.पा. |
| २ | | | १.१.२ | ख | वायु ऊर्जाको सम्भाव्यता अध्ययन गर्ने | संख्या | | | १ | | १ | गा.पा. |
| ३ | | | १.१.३ | क | सबै घरहरुमा सौर्य बत्ती जडान गर्ने | प्रतिशत | ३० | २० | २० | ३० | १०० | गा.पा. |
| ४ | २ | २.१ | १.१.४ | ग | विद्युतीय तारहरुलाई भूमिगत गर्ने | प्रतिशत | १० | २० | २० | २० | ७० | गा.पा. |
| ५ | | | १.१.५ | ख | विद्युतीय प्राविधिक र वित्तीय व्यवस्थापन सुनिश्चत गर्ने | प्रतिशत | | १०० | १०० | १०० | १०० | गा.पा. |

### ६.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | गाउँपालिकाका सबै घरधुरी लगायत सार्वजनिक क्षेत्र, उद्योग व्यवसाय सञ्चालनमा समेत १२ है महिना गुणस्तरीय विद्युत सेवा उपलब्ध भएको हुने | सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | | | | | १०० | गा.पा. | गा.पा. | | ३ | ७ | २ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| असर १ | वैकल्पिक ऊर्जाको विकास गरी कृषि तथा औद्योगिक अभ्यासहरुलाई प्रविधिमैत्री तथा मितव्ययि भएको हुने | वैकल्पिक ऊर्जा प्रविधिमैत्री पकेट क्षेत्र | संख्या | ० | १ | १ | १ | ३ | गा.पा. | गा.पा. | | ३ | ७ | २ |
| | | सुधारिएको ऊर्जा ( वायोग्यास, एलपि) प्रयोग | प्रतिशत | ९५ | | ५ | | १०० | गा.पा. | गा.पा. | | ३ | ७ | २ |
| | | सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | ४० | | ३० | ३० | १०० | गा.पा. | गा.पा. | | ३ | ७ | २ |
| प्रतिफल १.१ | वैकल्पिक ऊर्जा नीति, कानुन तथा मापदण्ड तयारी भएको हुने | नीति, कानुन तथा मापदण्ड | संख्या | | | १ | | १ | गा.पा. | गा.पा. | | ३ | ७ | २ |
| प्रतिफल १.२ | वायु ऊर्जाको सम्भाव्यता अध्ययन भएको हुने | सम्भाव्यता अध्ययन | संख्या | | | १ | | १ | गा.पा. | गा.पा. | | ३ | ७ | २ |
| प्रतिफल १.३ | विद्युतीय तारहरु भूमिगत भएको हुने | विद्युतीय तारहरुलाई भूमिगत | प्रतिशत | १० | २० | २० | २० | ७० | गा.पा. | गा.पा. | | ३ | ७ | २ |
| प्रतिफल १.४ | सबै घरहरुमा सौर्य बत्ती जडान भएको हुने | सौर्य बत्ती जडान घर | प्रतिशत | | ३० | ३० | ४० | १०० | गा.पा. | गा.पा. | | ३ | ७ | २ |
| प्रतिफल १.५ | वैकल्पिक ऊर्जा सम्वन्धि प्रविधिको विकास तथा हस्तान्तरण कार्यक्रम भएको हुने | कार्यक्रम | संख्या | | १ | १ | १ | ३ | गा.पा. | गा.पा. | | ३ | ७ | २ |

## ६.४ सूचना तथा सञ्चार प्रविधि

### ६.४.१ पृष्ठभूमि

गाउँपालिका पार्श्वचित्र २०७५ अनुसार गाउँपालिकामा साधन तथा सुविधाको उपलब्धताको तथ्याङ्क हेर्दा गाउँपालिकामा रहेका कुल घरपरिवारहरूमध्ये करिब ८० प्रतिशत टेलिफोन तथा मोबाइल प्रयोगकर्ताको संख्या रहेको छ । मोबाइल प्रयोगले सबैखाले सञ्चारका सुविधा जस्तै श्रव्य, दृष्य, सूचना, गीत, खबर आदान प्रदान लगायतका धेरै काम गर्न सहज भएको छ । पछिल्लो समयमा इन्टरनेट तथा मोबाइल फोनको प्रयोग बढ्दै जाँदा टेलिभिजन, रेडियो प्रयोगकर्ताको संख्या न्यून हुँदै गइरहेको छ । यहाँका सबै वडामा इन्टरनेटको पहुँच पुगेको अवस्था रहेको र गाउँपलिकाका सेवाहरुलाई पूर्ण रुपमा कम्प्युटरकृत गर्ने क्रममा छ । साथै सबै स्वास्थ्य चौकी, विद्यालय, सार्वजनिक सेवा प्रदायक संस्थाहरुमा गुणस्तरीय सूचना प्रविधिको पहुँच पुग्न आवश्यक रहेको छ ।

### ६.४.२ समस्या

प्रविधिमैत्री पुस्तकालय र वाचनालयको अभाव, गाउँपालिका, वडा, विद्यालय, स्वास्थ्य संस्था र अन्य सामाजिक संघ संस्थामा गुणस्तरीय इन्टरनेट पूर्वाधारको कमीले छिटो छरितो ढंगले काम नहुनु, उपलव्ध सञ्चार माध्यमहरू बजार केन्द्रित हुनु, सञ्चार संस्थाहरूको संख्यात्मकसँगै गुणात्मक विकास हुन नसक्नु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ६.४.३ चुनौती र अवसर

**चुनौती**

गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध गराई प्रविधिमैत्री शिक्षण सिकाई क्रियाकपाल सञ्चालन गर्न, प्रविधिमैत्री स्वास्थोपचार सुविधा उपलब्ध गराउन, प्रत्येक विद्यालयमा प्रविधिमैत्री पुस्तकालय सञ्चालन गर्न, गाउँपालिका र वडा कार्यालयका कामलाई डिजिटल रुपमा सञ्चालन गर्न, धेरै हावा चल्ने भएकाले विद्युतीय तार हल्लिने/चुणिने भई सेवा अवरुद्व हुने लगायत चुनौतीहरु छन् ।

**अवसर**

सूचना तथा सञ्चार सम्बन्धी नीति नियम निर्माणमा प्रदेश र संघीय सरकार क्रियाशील हुनु, सञ्चार क्षेत्रको विकासका लागि प्रदेश सरकारसँग समन्वयन हुनु, गाउँपालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थित हुँदै जानु, इन्टरनेट सेवा प्रदायक संस्थाहरुको संख्या वृद्धि हुँदै जादाँ गुणस्तरमा समेत प्रतिस्पर्धात्मक स्थितिको सिर्जना हुनु, जनतामा डिजिटल साक्षरता क्रमशः बढ्दै जानु , नेटवर्क नपुगेका स्थानहरुमा अविलम्व टेलिफोन टावरको विस्तार, स्थानीय रेडियो, अनलाईन वेबसाइट ,सामाजिक सञ्जाल मार्फत गाउँपालिकाका गतिविधिहरुको प्रशारण, पर्यटकीय क्षेत्र हुनाले WIFI free zone को स्थापना गर्न सकिने जस्ता अवसरहरु छन् ।

### ६.४.४ दीर्धकालिन सोच , लक्ष्य र उद्देश्य

**सोच**

सहज र सरल सूचना तथा सञ्चार, प्रविधिमैत्री डिजिटल घरपझोङ ।

**लक्ष्य**

आधुनिक सूचना प्रविधिको सेवा उपलब्ध भई स्थानीय जनताको आर्थिक र सामाजिक स्थितिमा सुधार ल्याउने ।

**उद्देश्य**

१. गाउँपालिकावासीमा सूचना तथा सञ्चार प्रविधिको पहुँचलाई सहज र सरल वनाउनु ।

### ६.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
